न्यायको पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान गर्नेसम्बन्धी

सर्वोच्च अदालतमा प्रस्तुत अध्ययन प्रतिवेदन

२०७७

सर्वोच्च अदालत

न्यायको पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान गर्नेसम्बन्धी अध्ययन समितिको प्रतिवेदन

सहरजिस्ट्रार श्री श्रीलाल पौडेल, सर्वोच्च अदालत - संयोजक

....

उपरजिस्ट्रार श्री रामप्रसाद पौडेल, सर्वोच्च अदालत - सदस्य

....

उपरजिस्ट्रार श्री सूर्यप्रसाद भण्डारी, सर्वोच्च अदालत - सदस्य

....

उपरजिस्ट्रार श्री दुर्गाप्रसाद भट्टराई, सर्वोच्च अदालत - सदस्य

....

शाखा अधिकृतद्वय श्री खेमकुमारी बस्नेत र श्री पूजा सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव

....

विषय सूची

परिच्छेद - एक
परिचय

१.१ पृष्ठभूमि १
१.२ अनुसन्धान समूहको परिचय र कार्यादेश २
१.३ अध्ययन अनुसन्धानको कार्यक्षेत्रगत शर्तहरु (TORs) २
१.४ अनुसन्धान समितिको गठन ३
१.५ समस्याको कथन ३
१.६ अध्ययनको उद्देश्य ३
१.७ अध्ययनको आवश्यकता र औचित्य ३
१.८ अध्ययन बिधि ४
१.९ अध्ययनको सीमा ४
१.१० पूर्व अध्ययनको समिक्षा ४
१.११ प्रतिवेदनको संगठनात्मक स्वरुप ९

परिच्छेद - दुई
न्यायमा पहुँचको अवधारणा

२.१ न्यायमा पहुँचको परिचय १०
२.२ न्यायमा पहुँचसम्बन्धी सिद्धान्तहरु १२
२.३ न्यायमा पहुँचको आवश्यक्ता र महत्व १३
२.४ न्यायमा पहुँचका लक्षित वर्गहरू १३
२.५ न्यायमा पहुँच र न्यायपालिका १४
२.६ न्यायमा पहुँच र कार्यविधि कानून १५
२.७ न्यायमा पहुँचको अवस्था निर्धारण गर्ने आधारहरु १६

परिच्छेद - तीन
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रवन्धहरु

३.१ पृष्ठभूमि १८
३.२ न्यायमा पहुँचका लक्षित बर्गहरु सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु २०
३.२.१ महिलाका सम्बन्धमा २०
३.२.२ बालबालिकाका सम्बन्धमा २४

३.२.३ जेष्ठ नागरिकका सम्बन्धमा २९
३.२.४ अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा ३०
३.३ अदालतको कार्यविधि सम्बन्धमा ३२

परिच्छेद - चार

न्यायमा पहुँचका अवरोधक तत्वहरु

४.१ पृष्ठभूमि ४३
४.१.१ आधारभूत एवं साझा अबरोधक तत्वहरु ४४
४.१.२ विशेष एवं लक्षित समुहगत रुपमा रहेका अबरोधक तत्वहरु........ ५२

परिच्छेद – पाँच

नतिजा, निष्कर्ष र सुझाव

५.१ नतिजा........ ६०
५.२ सुझावहरु ६५

परिच्छेद - एक
परिचय

१.१ पृष्ठभूमि

न्यायको सुनिश्चितता नै लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार हो। न्यायको अनुभूति अधिकारको संरक्षणबाट हुन्छ। अधिकारको प्रत्याभूति मुलुकको मूल कानून र त्यसअन्तर्गत बनेका कानूनले गरेको हुन्छ। नागरिकका हकहरूको संवैधानिक संरक्षणको व्यवस्था पनि संविधानमा गरिएको हुन्छ। संविधानमा अधिकारको व्यवस्था गरेरमात्र पुग्दैन न्यायिक पद्धतिमार्फत प्रभावकारी कार्यान्वयनको सुनिश्चितता पनि हुनुपर्छ। न्याय व्यवस्थाको प्रभावकारिताबाट नै संवैधानिक व्यवस्थाले परिकल्पना गरेअनुरूपको कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण हुनुका साथै शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ।

हक, अधिकारले सामाजिक संरचना, विकास र सभ्यतालाई प्रभाव पार्दछ। हक, अधिकारको व्यवस्था नहुनु वा भएका हक, अधिकारको प्रचलन गराउने प्रक्रियाहरू जटिल हुनुले पनि सार्थक जीवनका आधारभूत संरचना प्रभावहीन हुने गर्दछन्।

संविधान तथा कानूनले व्यवस्था गरेका हकहरूको उपभोग गर्न सबै व्यक्ति समान रूपले सक्षम हुन्छन् भन्न सकिँदैन। त्यसैले नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तिकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरिएको छ। संविधानको यस व्यवस्थाबाट लक्षित वर्ग (महिला, विपन्न, असहाय र असक्षम) का व्यक्तिहरूलाई कानून बनाई संरक्षण गर्ने दायित्व राज्य र यसका अंगमा रहेको हुन्छ।

न्याय प्राविधिक ढंगमा लेखबद्ध गरिएका संविधान, कानून र ती कानूनको कार्यान्वयनका लागि प्रयोगमा आएका अदालत तथा अन्य कार्यालयहरूको संरचना र संख्याले मात्र तय हुँदैन। न्याय प्रदायक निकाय अदालतलगायतका सरकारी तथा गैरसरकारी निकायहरू, ती निकायमा कार्यरत न्यायाधीश तथा कर्मचारीको आचरण, व्यवहार र सेवाग्राहीको सेवा लिन सक्ने क्षमता, सेवाग्राहीको अवस्था र स्तर अनुसार उपलब्ध गराइएका सुविधाहरूले न्यायको स्तर निर्धारण हुन्छ।

हालका दिनमा औपचारिक रूपमा संविधान तथा कानूनमा आधारभूत सुधार भएको भए तापनि कानूनी संरचनामा प्रक्रियागत जटिलता रहेकै कारण न्याय अझैपनि सर्वसाधारण नागरिकको सहज पहुँचको विषय बन्न सकेको छैन। आम नागरिकले न्यायमा सहज पहुँचको वास्तविक अनुभूति गर्ने र त्यसलाई व्यवहारमा रुपान्तरण गर्ने माध्यमका रूपमा न्यायपालिका रहने र बहिष्करण र बिभेदका कारण न्यायमा सहज पहुँचबाट बन्चित भएका वर्गको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग गठन गरिएको र आयोगले आफ्नो उद्देश्य अनुरुप सर्वसाधारण जनताको न्यायमा समान र सहज पहुँच अभिबृद्धि गर्नेतर्फ आफ्नै साधन श्रोत तथा अन्य दातृ निकायहरूको सहयोग र समन्वयमा विभिन्न प्रयत्नहरू गरी आएको छ।

न्यायमा पहुँच आयोगले आफ्नो बार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको र सोही अनुरुप आयोगको बार्षिक कार्ययोजना २०७६\०७७ मा उल्लेख भएअनुसार "**न्यायको पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान गर्ने**" विषयक शीर्षकमा प्रस्तुत अनुसन्धान प्रतिवेदन तयार गरिएको छ।

१.२ अनुसन्धान समूहको परिचय र कार्यादेश

सर्वोच्च अदालतको मिति २०७६/७/३ को निर्णयानुसार न्यायको पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान गर्ने विषयमा देहायका कार्यक्षेत्रगत शर्तहरु बमोजिमको अध्ययन/अनुसन्धान प्रतिवेदन तयार गरी पेश गर्न देहायको समिति गठन भएको र मिति २०७६/८/२ मा न्यायमा पहुँच आयोग, कार्ययोजना कार्यान्वयन समितिबाट अनुसन्धान प्रस्ताव स्वीकृत भएबमोजिम समितिले यो अनुसन्धान प्रतिवेदन तयार गरी पेश गरेको छः-

१.३ अध्ययन अनुसन्धानको कार्यक्षेत्रगत शर्तहरु (TORs)

१. न्यायमा पहुँचसम्बन्धी सबै कानूनी व्यवस्था तथा सर्वोच्च अदालतका फैसलाहरुको अध्ययन विश्लेशण गर्ने ।

२. न्यायमा पहुँच अभिवृद्धिको लागि हालसम्म कानुनी तथा प्रक्रियागत रुपमा गरिएका वा सुधार गर्नुपर्ने सम्बन्धी विषयहरु र त्यसरी सुधार गर्नुपर्नाका आधार र कारणहरुको सम्बन्धमा अध्ययन गर्ने ।

३. न्यायमा पहुँचको प्रभावकारितामा देखिने सूचकहरुका आधारमा हाम्रो देशको सन्दर्भमा लक्षित वर्ग वा समुदायले भोगेका समस्याहरु वा सामना गरिरहेका अवरोधक तत्वहरुको पहिचान गर्ने ।

४. न्यायमा पहुँचको लागि बाधक देखिएका कानूनी तथा देहायका बिषयहरुको कार्यविधिगत व्यवस्थाहरुको सम्बन्धमा अध्ययन गर्ने ।

- फिराद, निवेदन, अभियोगपत्र, प्रतिउत्तरपत्र र लिखितजवाफ, दर्ता सम्बन्धी,
- मुद्दा सुनुवाईप्रक्रिया(पक्राउपुर्जी,थुनछेक,म्याद,तारेख,वारेश,साक्षी प्रमाण),
- प्रतिरक्षा र बहस पैरवी,
- आदेश फैसला वा निर्णय र सोको कार्यान्वयन,
- व्यवहार तथा आचरणगत क्रियाकलाप र अन्य व्यवस्थापकीय कामहरु ।

५. न्यायमा पहुँचको लागि देखिएका कानूनी तथा प्रकृयागत अवरोधहरु हटाउन सुधारका उपायहरु पहिचान गर्ने ।

६. उल्लिखित विषयमा अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व न्यायमा पहुँचमा देखिएका कानुनी तथा प्रक्रियागत अवरोधक तत्वहरु पहिचान सम्बन्धी अनुसन्धान प्रस्ताव पन्ध्र दिनभित्र तयार गरी न्यायमा पहुँचको कार्ययोजना कार्यान्वयन समितिबाट स्वीकृत गराउने ।

७. अध्ययन प्रतिवेदन नेपाली भाषामा लेखिएको हुनुपर्ने ।

८. प्रतिबेदन अनुसन्धान तथा सोधपत्रको ढाँचामा लेखिनु पर्ने र अनुसन्धानका प्रमुख अध्ययन विधि तथा शैलीहरुलाई अबलम्वन गरिएको हुनुपर्ने ।

९. आयोगको कार्ययोजना कार्यान्वयन समितिसँगको नियमित सम्पर्क र समन्वयमा रही सो समितिबाट प्राप्त निर्देशन समेतका आधारमा अध्ययन प्रतिवेदनको प्रारम्भिक मस्यौदा अध्ययन प्रस्ताब स्वीकृत भएको मितिले तीन महिनाभित्र सचिवालयमा पेश गर्ने र प्रारम्भिक मस्यौदा पेश भएको मितिले तीस दिनभित्र अध्ययन अनुसन्धानको अन्तिम मस्यौदा पेश गर्ने ।

१०. अध्ययन अनुसन्धानको काममा आवश्यक सुझाव, परामर्शका लागि अख्तियारप्राप्त अधिकारी तथा अन्य विषय बिज्ञलाई बैठकमा आमन्त्रण गर्न पनि सकिने ।

११. यो कामको लागि निर्देशन सुझाव एवं मार्गदर्शन गर्नका लागि न्यायमा पहुँच आयोगको बार्षिक कार्ययोजना कार्यान्वयन समितिले नै निर्देशक समितिका रुपमा काम गर्ने ।

१.४ अनुसन्धान समितिको गठन

१) सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री श्रीलाल पौडेल - संयोजक

२) उपरजिस्ट्रार श्री रामप्रसाद पौडेल - सदस्य

३) उपरजिस्ट्रार श्री सूर्य प्रसाद भण्डारी - सदस्य

३) उपरजिस्ट्रार श्री दुर्गा प्रसाद भट्टराई - सदस्य

४) शाखा अधिकृत श्री खेम कुमारी बस्नेत / पूजा सुवेदी - सदस्य सचिव

१.५ समस्याको कथन

न्यायपालिकाको प्रमुख काम न्याय सम्पादन गर्नु हो । तथापि न्यायका आकांक्षीहरूले न्याय प्राप्त गर्ने क्रममा भोगेका विभिन्न समस्याहरूलाई न्यायपालिकाले वेवास्ता गर्न मिल्दैन । यसर्थ, त्यस्ता समस्या वा अवरोधहरूको पहिचान गरी समाधान गर्नतर्फ पहल हुन आवश्यक देखिएकाले प्रस्तुत अध्ययनको लागि देहायका समस्या कथनहरू पहिचान गरिएको थियो-

- अदालतसम्मको न्यायमा पहुँचका लागि कुनै कानूनी तथा प्रक्रियागत अवरोधहरू छन् वा छैनन्?
- न्यायमा पहुँचका अवरोधहरू हटाउने वा सुधार गर्ने सम्बन्धमा के कस्ता उपायहरू हुन सक्छन्?

१.६ अध्ययनको उद्देश्य

न्यायमा पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान गर्ने सम्बन्धी समस्या कथनका आधारमा गरिएको प्रस्तुत अध्ययन/अनुसन्धानका उद्देश्यहरू देहाय बमोजिम निर्धारण गरिएको थियोः-

- न्यायमा पहुँचसम्बन्धी विद्यमान कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको विश्लेषण गर्ने ।
- न्यायमा पहुँच सुनिश्चित गर्ने आधार र सूचकहरूका आधारमा अबरोधक तत्वहरूको पहिचान गर्ने ।
- न्यायमा पहुँचमा देखिएका अवरोध वा समस्याहरू हटाउन वा समाधान गर्न उपायहरू पहिचान गरी सुझाव दिने ।

१.७ अध्ययनको आवश्यकता र औचित्य

नेपालमा अदालतबाट प्रदान हुने सेवा प्राप्त गर्ने क्षमता सबैमा समान छैन । जसको कारणवाट केही वर्गका मानिसहरू न्यायसम्मको पहुँचबाट टाढा रहेका छन् । यस्तो वर्गका मानिसहरूलाई विशेष प्राथमिकताका साथ न्यायसम्मको पहुँच उपलब्ध गराउनु राज्यको जिम्मेबारी हुन्छ । हाल न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा छ । सुधारका प्रयासहरूका बावजुत पनि अझै धेरै महिला, विपन्न, असहाय, असक्षम, पछाडि पारिएका, सिमान्तकृत समुदाय एवं वर्गको न्यायमा पहुँच ज्यादै न्यून रहेको छ । त्यस्तो वर्गका लागि न्याय प्रदान गर्न राज्यबाट व्यवस्थित संरचनाको क्षमता, कार्यशैली आदिमा रहेको कमजोरी तथा कानूनी व्यवधान आदि न्यायमा पहुँचको लागि अवरोधहरू हुनसक्छन् । त्यसैले ती अवरोधक

तत्वहरूको पहिचान गरी न्यायमा पहुँच अभिबृद्दि गर्नुपर्ने आवश्यकता देखिएको आधारमा यस अध्ययनको औचित्य समेत देहाय बमोजिम रहेको छः-

- न्यायको पहुँचमा देखिएका कानुनी तथा प्रक्रियागत अवरोधक तत्वहरू पहिचान हुने।
- पहिचान गरिएका अवरोधक तत्वहरू हटाई समाधान गर्न सहयोग पुग्ने।
- अनुसन्धानबाट प्राप्त निष्कर्षबाट प्रभावकारी सूचकहरू पहिचान गरी आगामी रणनीतिक योजना तर्जुमा गर्न सहयोग पुग्ने।
- न्याय सम्पादनको कार्यलाई छिटो, छरितो, निष्पक्ष र प्रभावकारी बनाई न्यायमा सहज पहुँच अभिवृद्धि गर्न योगदान हुने।
- न्यायमा पहुँच अभिबृद्धिका लागि आवश्यक कानूनी सुधारमा सहयोग पुग्ने।

१.८ अध्ययन बिधि

प्रस्तुत अध्ययनमा आधारभूतरूपमा सैद्धान्तिक (Doctrinal) पद्धतिलाई नै अवलम्बन गरिएको छ। आवश्यकता अनुसार व्यवहारिक (Empirical) पद्धतिको पनि अवलम्बन गर्ने भनिएको भए तापनि कोभिड-१९ को महामारीका कारण यस पद्धतिको अवलम्बन गर्न सकिएन। यस अध्ययनका लागि नेपाल कानून, सर्वोच्च अदालतका फैसलाहरु, उपलव्ध भएसम्मका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकहरू तथा अनुसन्धान प्रतिवेदनहरू, विभिन्न संस्थागत प्रकाशनहरु र अन्य लेखकका बिचारहरू समेतका माध्यमिक स्रोतहरूलाई उपयोग गरिएको छ।

१.९ अध्ययनको सीमा

न्यायमा पहुँचको क्षेत्र आँफैमा फराकिलो छ। न्यायमा पहुँचका अबरोधक तत्वहरु बहुआयामिक र व्यापक रहेका छन्। तथापी प्रस्तुत अध्ययनमा न्यायमा पहुँचका लक्षित बर्गहरुसंग सम्बन्धित कानुनी तथा प्रक्रियागत अवरोधक तत्वहरु मापन गर्ने सूचकहरू पहिचान गरी अध्ययनलाई सीमित गर्ने प्रयास गरिएको छ। सोही आधारमा न्यायमा पहुँचको लागि आवश्यक पर्ने कानूनी प्रबन्धहरु र सर्वोच्च अदालतबाट भएका लक्षित वर्गसँग सम्बन्धित फैसलाहरूलाई विबेचना गरिएको छ। अध्ययन अनुसन्धानको काम कार्यलय समयको अतिरिक्त गर्नुपर्ने भएको कोभिड -१९ सिर्जना भएकोले अध्ययनको महामारीका कारण तोकिएको समयसीमा भित्र तयार गर्न केही ढिला हुन गएको छ।

१.१० पूर्व अध्ययनको समिक्षा

A Normative Dilemma on Access to Justice: Much Emphasis on ACCESS and Little on JUSTICE – Need to Revisit the Socio-legal Interface ***एन.जे.ए. ल जर्नल बर्ष १, अंक १, २०७१***

यस लेखमा, लेखक न्यायको पहुँचमा अवरोधका बारे छलफल गर्दछन्। यस लेखले न्यायपालिका र पीडितलाई न्याय गर्नु फरक कुरा हो। न्यायमा पहुँचको सम्बन्धमा धेरै समस्याहरू, दुबै व्यवहारिक र सैद्धान्तिक स्तरमा देखा परेकोले यसलाई अवरोधक तत्व मानेका छन्। न्याय दिने निकायहरूले पहिलेकै अन्यायपूर्ण स्थिती (status quo ante) ठीक छ भनी अपेक्षीहरूलाई प्रतिक्रिया दिँदा न्यायमा पहुँचको लक्षय प्राप्त गर्न कठिन हुन्छ भन्ने कुरा उल्लेख भएको छ।

मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन प्रतिवेदन, २०७२

यस प्रतिवेदनमा कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका वारेमा अध्ययन गरेको पाईन्छ। प्रस्तुत अध्ययन २०७२ सालमा गरिएको त्यसपछि २०७४ सालमा संहिता कानूनहरू लागू भई २०७५ भाद्र देखि संहिता कानून लागू भइसकेको परिपेक्षमा ५ वटा संहिता कानून, त्यसका नियामवलीहरूमा नँया अवधारणाहरू राखिएका छन् । अब ती कार्यविधि कानूनहरू न्यायमा पहुँचयोग्य छन्, छैनन् यस बारेमा अध्ययन हुन सकेको देखिदैन ।

मुद्दा मामिलामा संलग्न हुनु परेको कारणवाट पक्षहरूले वा पीडितहरूल व्यहोर्नुपर्ने खर्चहरूको सम्बन्धमा अध्ययन प्रतिवेदन, २०७२

कार्यविधि कानून र अदालत व्यवस्थापनसँग सम्बन्धित साक्षीले बकपत्र गर्दा रकम पाउने व्यवस्थालाई सहज र सुव्यवस्थित बनाउनु पर्दछ। पेसी हटाउन अदालतले सजिलो पारी दिन नहुने जसवाट पक्षलाई व्ययभार थपिन सक्दछ। म्याद तामेली गर्दा मुद्दाका पक्षले विपक्षीको सम्पर्क नम्बर दिएको भए सम्बन्धित पक्षसँग सोही सम्पर्क नम्बरका आधारमा सम्पर्क गरि म्याद बुझ्नलाई अदालतमा नै उपस्थित हुने कानूनी व्यवस्था हुनु पर्दछ। अदालतमा पनि बैङ्कको जस्तै टोकन व्यवस्था गरी साक्षी बकाउने व्यवस्था हुनु पर्दछ। तामेलदारको संङ्ख्या कम भएको कारण आदेश समयमा हुन नसकेको म्याद वा अन्य कुनै सूचना तामेल गर्दा सूचना प्रविधिको प्रयोग गर्नु पर्छ। न्यायिक निकायमा बुझाउनु पर्ने दै दस्तुर बैङ्किङ प्रणालीवाट लिने दिने व्यवस्था गर्नु पर्दछ।

अर्ध न्यायिक निकायहरूले प्रदान गर्ने सेवामा पक्षहरूलाई लाग्ने खर्च, मुद्दाको कारवाहीका लागि लाग्ने समय तथा प्रक्रियागत जटिलताकासम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०७४

अर्ध न्यायिक निकायको कार्यविधिसँग सम्बन्धित छुट्टै नियमावली तुरुन्त बनाई लागु गर्नु पर्ने, अर्ध न्यायिक निकायको काम, कर्तव्य, अधिकारसम्बन्धमा छाता ऐन निर्माण गरी काम गर्नु पर्ने देखियो । प्रमुख जिल्ला अधिकारी, जिल्ला अदालत समेतलाई क्षेत्राधिकार प्रदान गरेमा काम कारवाहीमा स्पष्टता आउने देखिन्छ । मालपोत कार्यालय, भूमि सुधार कार्यालयमा फिरादपत्रबाट मुद्दाको कार्वाही शुरु हुने हुँदा फिरादपत्रको ढाँचा र लाग्ने दस्तुरका सम्बन्धमा त्यस्ता निकायमा कार्यरत कर्मचारीहरू ज्ञानको अभाव भएकाले सम्बन्धित ऐनको अनुसूचीमा फिरादपत्रको नमूनाको व्यवस्था गर्नुपर्दछ । अर्ध न्यायिक निकायमा न्याय सेवाको अधिकृत र नायव सुब्बा स्तरको दरवन्दी राख्न पर्ने देखिन्छ । अर्धन्यायिक निकायको फैसला लेखनसम्बन्धी निर्देशीका बनाई लागु गर्नुपर्ने देखिन्छ। पक्षहरूले साक्षी उपस्थिति गराउने, प्रमाण कागजातहरूको नक्कल लिने लगायतका धेरै खर्च गर्नु परेको देखियो। पक्राउ परेको व्यक्तिलाई पक्राउ पुर्जी नदिइ थुनामा राख्ने गरिएको, थुनामा रहेको व्यक्तिले कानून व्यवसायीको राय लिन नपाएकोले पाउनुपर्ने, तोकेको दिनमा साक्षीको वकपत्र नगरिदिने गरिएको पाइयो । थुनुवालाई पेसीको सूचना जानकारी नगराइएको देखियो। मुद्दामा पहिलो पेसी चढ्न समय लाग्ने देखियो। कार्यालयको तर्फबाट पेसी स्थगन रोक्नुपर्ने देखियो । फैसलाको पूर्णपाठ तयार हुन समय लागेकोले समयमै तयार गर्नुपर्ने, पुनरावेदनको अनिवार्य म्याद दिनुपर्ने देखियो । मुद्दाका पक्षहरूले मुद्दाको कारवाहीको जानकारी सरल रुपले प्राप्त गर्न सक्ने गरी जानकारी पुस्तिका वनाइ वितरण गर्नुपर्ने देखियो। यसै गरी सेवा ग्राहीलाई सेवा दिने शैली, प्रक्रिया र स्थान सम्बन्धमा गर्नुपर्ने सुधार, तत्काल गर्नु पर्ने सुधारहरूमा कार्यविधिका सम्बन्धमा तालिम दिएर मात्र कार्यक्षेत्रमा पठाउनुपर्ने, न्याय क्षेत्र समन्वय समिति अन्तर्गत सबै अर्धन्यायिक

निकायहरूलाई समेटी सो समितिबाट न्याय सम्पादनमा देखिएका समस्या र अवरोधहरू पहिचान गरी समाधान गर्ने पद्धतिको स्थापना गर्नुपर्ने लगायतका सुझाव प्रस्तुत गरिएको देखियो।

मुद्दाको कारवाही छिटो र छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधार वारेमा अध्ययन प्रतिवेदन, २०७२

मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरूमा मुलुकी ऐन अ बं ११५ नं को साक्षी वुझ्ने प्रक्रिया लामो, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद लामो, अंश मुद्दाको कारवाही लामो, फैसला भएको थाहा पाएको मितिले पुनरावेदन गर्ने गरेको, सद्दे कीर्ते वा जालसाजी छुट्टयाउन पैतिस दिन लामो, बालबालिका वृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति, अ. बं. ९४ नं को वारेन्ट र म्यादी पुर्जी, हदम्याद, सम्बन्ध विच्छेद, तारेख थाम्ने प्रावधानहरू, म्याद तामेलीको व्यवस्था पहिचान गरिएको पाईन्छ। मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरूमा एउटै विवादमा पटकपटक सुनुवाइ गर्ने, फैसला लेखनमा ढिलाई र उदासिनता, उठाएर बकपत्र गराउने, समयमा कार्य सम्पन्न नगर्ने प्रवृत्ति, पक्ष विपक्षविच समान व्यवहार प्रदर्शन नगर्ने, अनावश्यक तारेखमा बस्नुपर्ने, बन्द इजलासमा हुने सुनुवाईलाई प्रभावकारी रूपमा लागु नगरेको, मुद्दाको सुनुवाईको क्रममा लामो वहस, प्रारम्भिक सुनुवाईको अवस्थामा टुंगो लगाउन मिल्ने देखिएका मुद्दाहरूलाई तत्कालै टुंगो लगाउने र वुझ्नु पर्ने देखिएमा प्रमाण एकैचोटि वुझ्ने कार्यको पालना नभएको, अदालतपरिसरमा प्रतिक्षालयको अभाव, अदालतका आदेशले उपस्थित भएका नेपाल सरकारका साक्षीहरूले कानून वमोजिमको सुविधा पाउन नसकेको, कानून व्यवसायीको व्यवहार, भाषाको कारणले पनि अदालतको व्यवहार र मुद्दाको काम कारवाही झन्झटिलो, अ. बं. १२३ नं को कार्यान्वयन गर्न हिच्किचाउने प्रवृत्ति, अ बं १७ नं को कारवाहीमा ढिलासुस्ती, अ.बं. १२२ नं को कमजोर कार्यान्वयन, दण्डसजायको ११क (२) नं मरे तुल्य भएको, समेतका समस्याहरू पहिचान गरिएको पाइन्छ। छिटो छरितो रूपमा मुद्दाको कारवाही किनारा गर्न कार्यविधमा निम्न सुधार आवश्यक भएको भनी सुझाव प्रस्तुत गरिएको पाइन्छ।

- जिल्ला अदालत नियमावलीमा ४ख मा अपहरण, आगलागी, घरेलु हिंसासम्बन्धी सबै प्रकारका चोरी, जबरजस्ती करणी, मानव बेचबिखन, लागू ओषध लगायतका मुद्दा थप गर्नुपर्ने,
- निरन्तर सुनुवाइ हुने मुद्दाको सूचीमा बालबालिका ऐन अन्तर्गतको मुद्दा, नाताकायम गराइपाउँ, मानाचामल, कमैया, यातना क्षतिपूर्ति, महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरू समावेश गर्ने,
- संक्षिप्त कार्यविधि ऐनमा संशोधन गर्नुपर्ने,
- अतिरिक्त समयमा (सायम कालीन) मा अदालत चलाउनु पर्ने,
- स्थानीय स्तरका न्यायिक निकायको कार्यविधि
- घुम्ती अदालतको व्यवस्था आवश्यक नभएको,
- विशिष्टिकृत इजलास कायम गरी समूह पद्धतिवाट मुद्दा किनार गर्ने,
- अ बं ११५ नं को साक्षी वुझ्ने प्रक्रिया सरल बनाउनुपर्ने,
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गतका मुद्दामा पुननरावेदन म्याद अवधि घटाउनु पर्ने,
- अंश मुद्दाको कारवाही प्रक्रिया छोटो पार्नुपर्ने,
- फैसलाआदि थाहा पाएको मितिले पुनरावेदन गर्ने अवधिलाई सीमित गर्नुपर्ने,

- सद्धे,कीर्ते वा जालसाजी छुट्याउने अवधि घटाउनु पर्ने ,
- वालवालिका,वृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति दिने अवधि घटाउनुपर्ने ,
- अ .९४ नं .बं .को म्यादी पुर्जीको अवधि घटाउनु पर्ने ,
- सम्बन्ध विच्छेद मुद्दामा संक्षिप्त कार्यविधि ऐन,२०२८ को कार्यविधि लागु गर्नुपर्ने ,
- अ बं ५९ नं को तारेख थाप्ने अवधिलाई घटाउनु पर्ने
- अ वं ११० नं को म्याद तामेली व्यवस्थामा सुधार गर्नुपर्ने ,
- तारेख प्रणालीमा सुधार गर्नुपर्ने
- जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्नुपर्ने,
- अदाललतको क्षेत्राधिकारमा सुधार गर्नुपर्ने,
- निःसहाय महिला,बालबालिका जस्ता वर्गका व्यक्तिहरूलाई मुद्दामा लाग्ने कोर्ट फि नलाग्ने व्यवस्था गर्नुपर्ने ,
- साना तिना खालका मुद्दाका प्रतिवादीहरूलाई सरकारी वकिलले नै कागज गराई छाड्न सक्ने कानूनी व्यवस्था गर्नुपर्ने
- सुरुमा मेलमिलापको लागि अनिवार्य पठाउनुपर्ने ।

मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि अन्य प्रक्रियागत व्यवस्थापकीय सुधार

- वहस व्यवस्थापनमा समय निर्धारण गर्नुपर्ने,
- तपसिल खण्डको लेखनमा सुधार गर्नुपर्ने,
- मुद्दाको वर्गीकरण गरि समूहकृत गर्ने,
- बालबालिका,वृद्ध र अशक्त व्यक्तिको मुद्दालाई प्रथमिकता दिइ छिटो किनारा गर्नुपर्ने ,एकल महिला ,महिला ,
- सरकारी मुद्दामा जाहेरी दरखास्तको कारवाही चाँडो गरी अनुसन्धान सम्पन्न गर्नुपर्ने,
- विवादको विषय निर्धारण गर्नुपर्ने,
- मुद्दा सुनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने,
- फिरादपत्र दर्तामा विशेष ध्यान पुर्याउनुपर्ने,
- विद्यमान कार्यविधिमा सुधार गर्नुपर्ने,
- छिटो छरितोका वाधाहरू पन्छ्याउनुपर्ने,
- प्रारम्भिक सुनुवाइको व्यवस्थालाई पालना गर्ने र गराउने
- मुलुकी ऐनको अ बं १४ र १५ नं को पालना गर्नुपर्ने,
- समय तालिका निर्धारण गर्न कार्यलाई प्रभावकारी बनाउनुपर्ने ।

अदालतमा विचाराधीन मुद्दाहरूमा असहाय तथा असमर्थ पक्षहरूको कानूनी सहायता प्रतिनिधित्वको लागि कार्यनीति वनाइ पेस गर्ने गठित समितिको प्रतिवेदन, २०६३

- वैतनिक कानून व्यवसायीको नियुक्ति प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउने,
- वैतनिक कानून व्यवसायीले गर्ने काममा विस्तार गर्ने,
- वैतनिक कानून व्यवसायीको पारिश्रमिक सेवा शर्त र सुविधालाई समयानुकुल,औचित्यपूर्ण र प्रभावकारी तुल्याउने ,
- अदालतमा वैतनिक कानून व्यवसायीद्वारा निशुल्क कानूनी सहायताको व्यवस्था वारे सूचनाको संप्रेषण गर्ने,
- वैतनिक कानून व्यवसायीको कार्यलाई प्रभावकारी बनाउने,तथ्याङ्क दुरुस्त राख्ने र राख्न लगाउने ,
- अन्य निकाय वा संस्थाहरूसँग समन्वय र कानूनी सहायता कानूनको संयोजन गर्ने ।

महिलाको न्यायमा पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन, २०७२

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा गरिएको प्रस्तुत अनुसन्धानमा निम्न विषयमा निम्न बुँदाहरूमा प्रस्तुत गरिएको पाइन्छ।

- माहिलाको न्यायमा पहुँचका लागि विद्यमान कानूनी संरचना सम्बन्धमा
- न्यायको खोजीका लागि लाग्ने खर्च सम्बन्धमा
- मुद्दाको कारवाहीमा अपनाइने प्रक्रिया र कार्यविधि सम्बन्धमा
- मुद्दाको कार्वाहीमा लाग्ने समयावधि सम्बन्धमा
- महिलाको कारवाहीमा लाग्ने समयावधि सम्बन्धमा
- महिलाको शैक्षिक स्तर र कानूनी प्रक्रियावारेको जानकारी सम्बन्धमा
- सेवा प्रदायकवाट सेवाग्राही उपर गरिने व्यवहार सम्बन्धमा
- न्यायको पहुँचमा भौगोलिक विकटताको प्रभाव
- महिलालाई न्यायको खोजी गर्न पारिवारिक तथा सामाजिक सहयोग सम्बन्धमा।

अर्धन्यायिक निकायबाट सम्पादन गरिने न्यायिक काम कारबाहीमा सेवाग्राहीलाई लाग्ने खर्च समय र प्रकियागत जटिलताका सम्बन्धमा गरिएको अध्ययन,२०७३

यस अध्ययनबाट अर्धन्यायिक निकायले प्रयोग गर्ने न्यायिक अधिकारको सम्बन्धमा केही सैद्धान्तिक, कानूनी, कार्यविधिगत, व्यवस्थापकीय दक्षता र सीपसम्बन्धी समस्याहरू रहेको, जसको कारण अर्धन्यायिक निकायको काम कारबाहीमा खर्च र समय बढी लाग्ने गरेको देखिएको थियो । अनुसन्धानको क्रममा स्थलगत रूपमा सम्बन्धित कार्यालयहरूमा गई सरोकारवालालाई भराएको प्रश्नावली र प्रत्यक्ष अन्तरक्रिया समेतबाट प्रायः साझा समस्याहरू नै सबैको जवाफ र प्रतिक्रिया प्राप्त भएको थियो। अनुसन्धानको क्रममा अध्ययन गरिएको सामग्री र सरोकारवाला वर्गसँगको अन्तरक्रियाबाट प्राप्त राय सुझावका

आधारमा अर्धन्यायिक निकायको काम कारबाहीमा लाग्ने खर्च, समय र प्रक्रियागत जटिलताका सम्बन्धमा नीतिगत एवं कानूनी सुधार गरिनु पर्ने सुझाव दिइएको छ।

१.११ प्रतिवेदनको संगठनात्मक स्वरुप

यस अध्ययनलाई मूलत: **६ अध्यायहरूमा** विभाजन गरिएकोछ।

परिच्छेद एक :- यसमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको विधि, अध्ययनको सिमा, पूर्व अध्ययनको समिक्षा, अध्ययनको स्वरूपलाई समेटिएको छ।

परिच्छेद दुई :- यो अध्यायमा अध्ययनको अवधारणात्मक बिषयवस्तुलाई प्रस्तुत गरिएको छ।

परिच्छेद तीन :- यसमा न्यायमा पहुँचसम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध र न्यायमा पहुँचमा सर्वोच्च अदालतका फैसलाहरुलाई चर्चा गरिएको छ।

परिच्छेद चार :- यसमा न्यायमा पहुँचका अवरोधक तत्वहरूको बिवेचना र बिश्लेषण गरिएकोछ।

परिच्छेद पाँच :- अध्ययनको नतिजा निष्कर्ष र सुझाबहरु प्रस्तुत गरिएको छ।

परिच्छेद - दुई
न्यायमा पहुँचको अवधारणा

२.१ न्यायमा पहुँचको परिचय

स्वतन्त्र, निष्पक्ष, र सक्षम न्याय प्रशासनको माध्यमवाट वैयक्तिक स्वतन्त्रता वा अधिकारको पुनस्थापना गर्ने सामर्थ्य र अवसरलाई न्यायमा पहुँच भनेर वुझाउँछ[1] । Yash Gahi र Jill Cottrel[2] ले न्याय (Justice) लाई यसरी परिभाषित गरेको पाइन्छ : "Justice is defined as fairness; in the legal and political sphere, it usually means 'exercise of authority in maintenance of rights" अगाडि वहाँहरूले उल्लेख गर्नु भएको छ : "Fairness covers both the procedure of access and substantive rules that determine the exercise of authority," अर्थात न्याय भनेको निष्पक्षता हो, चाहे राजनीतिमा होस् वा कानूनमा होस् । यस अन्तर्गत अधिकार व्यवस्थापन गर्दा अधिकारको प्रयोग पनि पर्छ । निश्पक्षताले प्रक्रिया भित्रको पहुँच र सारवान कानून दुवैलाई समावेश गर्छ जसले अधिकारको प्रयोग जस्ता कुरालाई निर्धारण गर्दछ ।

उहाँहरूले पहुँचलाई (Access) परिभाषित गर्दै उल्लेख गर्नुभएको छ कि "Access means approach, entry into; accessible includes the idea of being able to influence. So, access means more than being able to raise one's case in a court or other relevant institutions of justice." अर्थात पहुँच भनेको प्रवेश पाउनु हो । पहुँचजन्य भनेको प्रभाव पार्न सक्ने क्षमता हो । त्यसैले पहुँच भनेको न्यायिक निकाय वा अन्य सम्बन्धित निकायमा प्रवेश गरेर आफ्नो मुद्दालाई प्रस्तुत गर्नु भन्दा पनि एक कदम अगाडिको कुराहरूलाई समावेश गर्ने गर्दछ ।

न्यायमा पहुँचलाई (Access to Justice) उहाँहरूले यसरी परिभाषित गर्दै अगाडी उल्लेख गर्नुभएको छ : "Access to justice therefore means ability to approach and influence the decisions of those organs which exercise the authority of the state to make laws and to adjudicate on rights and obligations," अर्थात न्यायमा पहुँच भनेको त्यस्ता न्यायिक निकायहरूमा प्रवेश पाउने अवस्थालाई जनाउँछ जसले राज्यको कानून बनाउन र अधिकार र दायित्वको सम्बन्धमा अधिकारको प्रयोग गर्ने क्षेत्राधिकार राख्दछ ।

Gramtikov (2010) ले Access to Justice लाई Path of Justice को रूपमा उल्लेख गरेका छन् । साथै उनले के भनेका छन् भने Path of Justice को परिभाषा कानूनी दस्तावेजमा पाउन सकिदैन र यसमा कुनै एकरूपता पनि रहको पाइँदैन । यो एउटा निश्चित समयको अन्तरालसँगै परिवर्तन भई रहन्छ । उनले Path of Justice लाई यस प्रकारले परिभाषा गरेको पाइन्छ- "A commonly applied process which users address in order to cope with their legal problem."[3] उनले दिएको परिभाषा अनुसार Path of Justice कतिबेला सुरू हुन्छ त ? उनले भनेका छन्- "A path of justice begins when a person takes steps to resolve his/her legal problem through external norms or intervention.[4]

---

1 न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना, २०७२ । ७३ पृ. ४

2 Yash Ghai and Jill Cottrel, "The Rule of Law and Access to Justice: Finding of an ABA Project on Access to Justice", (2008) (unpublished).

3 Martin Gramtikov et al., A Handbook for Measuring the Costs and Quality of Access to Justice 2010.

4 उही ।

माथिको हरफहरूबाट के प्रष्ट हुन्छ भने न्यायमा पहुँच आफैँमा एउटा वृहत अवधारणा हो । यसले कानून सेवासँग सम्बन्धित सबै पक्षलाई समेट्छ । यसका सरोकारवाला पक्षहरू अन्तर्गत, प्राज्ञिक, नियामक निकाय, दाता, सेवाग्राही र नागरिक समाजलाई समावेश गर्न सकिन्छ । त्यसैले न्यायमा पहुँचलाई परिभाषित गर्न जति गाह्रो छ यो त्यतिकै जटिल पनि छ । त्यसैले यसको सीमा कति छ भन्ने कुरा आफैँमा चुनौतीपूर्ण पनि छ ।

Lord Diplock ले *Attorney General v. Times Newspaper Ltd.* (1974) को मुद्दामा न्यायमा पहुँचको सम्बन्धमा उल्लेख गरेको पाइन्छ । उनले न्यायमा पहुँचलाई "अदालतमा नागरिकले आफ्नो विवादमा निष्पक्ष रूपले न्याय पाउनु हो" भनी उल्लेख गरेका छन् । यसलाई Lord Diplock ले *Bremen Vuclan Schiffbau and Maschinenfabrik v. South India Shipping Corp. (1981)* को मुद्दामा न्यायमा पहुँचको सम्बन्धमा यसरी प्रष्ट पारेका छन्- "Every civilized system of government requires that the state should make available to all citizens a means for the just and peaceful settlement of disputes between them as to their respective legal rights..."

यसरी हर्दा न्यायमा पहुँच भन्नाले उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो । न्यायमा पहुँचको लागि आफ्नो हक अधिकारको बारेमा जानकारी हुने र आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ । त्यसैगरी, न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारीता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्र्दभमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो ।

जनताको न्यायमा पहुँच अभिवृद्धि गर्ने कुरा मानव अधिकारसँग सम्बन्धित हुन्छ । गरिवी निवारण, भोकमरीको अन्त्य, शिक्षा, स्वास्थ्य, सरसफाई जस्ता आधारभूत अधिकारहरूको सम्मान मानव अधिकारका विषय हुन । न्यायमा सवै जनताको सहज पहुँच नभएसम्म, न्यायपूर्ण, समावेशी र सन्तुलित विकास गर्न प्राय: असम्भव हुन्छ । त्यस अर्थमा यो दिगो विकासको मुद्दा पनि हो[5] । समाजमा गरिव, सिमान्तकृत र निमुखाहरू नै फौजदारी तथा अन्य गैरकानूनी कार्यवाट बढि पीडित हुन्छन् । उनीहरू नै चोरी, जालसाजी, लैङ्गिक हिंसा, जग्गा खिचोला र आर्थिक शोषण र सामाजिक कुरितिहरूको सिकार हुन्छन्[6] । वातावरणको प्रदुषण, प्राकृतिक स्रोत साधनको विनास, मौसम परिवर्तनको कारण पर्ने प्रतिकूल असरवाट पनि उनीहरू नै बढि प्रभावित हुन्छन् । संविधानमा घोषित अधिकारहरूको उपभोग गर्न नसक्ने स्थितिमा पनि उनीहरू नै रहन्छन् । यद्यपि संविधानमा घोषित समानताको अधिकार, गरिव र निमुखाहरूको लागि पनि हो तर सारभुत रूपमा स्रोत र साधनमा पहुँच र विकासका लाभहरूको प्राप्ति समान रूपमा नभएसम्म गरिव, निमुखा र सिमान्तकृत जनता समानताको अधिकार सारवानरूपमा प्रयोग गर्न सक्ने स्थितिमा रहदैनन् । यो नै वर्तमानमा न्यायको प्रमुख चुनौति हो । मानिसहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिमा रहेको विविधताको कारण उनीहरूप्रति राज्य संयन्त्रवाट गरिने व्यवहार फरक रहन पुग्छ । उदाहरणार्थ एउटा राजनीतिक व्यक्ति वा स्नातक, वा शहरमा वस्ने व्यक्तिको तुलनामा सामान्य, निरक्षर र ग्रामीण व्यक्ति अधिकारहरूको उपभोग गर्ने कुरामा उपेक्षित हुने सम्भावना रहन्छ । यस्तो अन्यायपूर्ण स्थितिको विद्यमानता न्यायमा पहुँचको दृष्टिवाट पनि प्रतिकुल हुन्छ ।

न्यायमा सहज पहुँचको लागि न्यायपूर्ण कानूनको विद्यमानताले मात्र पुग्दैन । ती कानूनहरूको कार्यान्वयनको लागि राज्यका संरचनाहरू पनि "न्यायपूर्ण" हुनु जरुरी हुन्छ । यहाँ न्यायपूर्णको अर्थ समाजका हरेक वर्गको राज्य व्यवस्थामा मूलप्रवाहिकरणका साथै बिधिको शासनका मान्यताहरूको संस्थापिकरण पनि हो । राज्यका निकायहरूमा आफ्ना जस्तै अनुहार

---

[5] हेर्नुहोस संयुक्त राष्ट्रसंघद्वारा घोषित दिगो विकास लक्ष्य http://www.un.org/sustainabledevelopment/sustainable-development-goals/

[6] आनन्द मोहन भट्टराई, न्यायिक आचार र न्यायाधीशको आचार संहिता: एक अध्ययन, राष्ट्रिय न्यायिक प्रतिष्ठान २०७० पृ १५-१७

हेर्ने जनताको स्वभाविक आकांक्षा हुन्छ । आफूजस्तै अनुहारहरू राज्यका निकायहरूमा रहँदा जनताहरूले विशेष सहजताको महसुस गर्छन । यद्यपि यस्तो आकांक्षाले क्षमता र सीपलाई प्रतिविम्वित गर्छ भन्ने छैन तर क्षमता र सीपमा संझौता नगरी गरिने राज्यसंयन्त्रको समावेशीकरणले लोकतन्त्रलाई मजवुत बनाउँछ । राज्यका निकायहरूले सम्पूर्ण जनताप्रति सद्‌भाव राख्दै निष्पक्षताकासाथ, पारदर्शी र जिम्मेवारीपूर्ण ढङ्गले कार्य गरेमा मात्र क्रमश: वहिष्करणको अन्त्य भै न्यायपूर्ण स्थितिको विकास हुन थाल्दछ । तसर्थ यस सन्दर्भमा राज्यका कानूनहरूले न्यायपूर्ण संरचना र संयन्त्रहरूको निर्माण गरी जनता र उनीहरूलाई अधिकार र दायित्वको सम्वन्धमा बाँध्छन् वा बाँध्दैनन्? दायित्वको उल्लंघन हुँदा उपचारको व्यवस्था गर्छन वा गर्दैनन्? उपचार खोज्ने, उपचार प्राप्त गर्ने र प्राप्त उपचारको कार्यान्वयन गर्ने विषयमा के कस्ता व्यवस्थाहरू गरिएका छन् ? कर्तव्य पालनमा के कस्तो योजना वनाइएको छ? के कस्ता स्रोत र साधन जुटाइएको छ र सेवाको गुणस्तर कायम राख्न के कस्ता संस्थागत उपायहरू गरिएको छ; यी सवैकुराहरू विचारणीय हुन आउँछन् ।

न्यायमा जनताको पहुँचलाई जनस्तरवाट पनि हेरिनु आवश्यक हुन्छ । जनतामा संविधान र कानून प्रदत्त अधिकारहरूवारे रहेको ज्ञान वा चेतनाको अवस्थाले पनि न्यायको उपभोगमा सकारात्मक वा नकारात्मक रूपमा प्रभाव पार्दछ । उनीहरूमा आफ्नो हक अधिकारको प्रचलन वारे के कस्तो चेतना, चासो र जाँगर छ; उनीहरूलाई अन्यायको विरुद्ध लडने र अधिकारको वास्तविक उपभोगमा सघाउने संस्थाहरू समाजमा विद्यमान छन् वा छैनन्; जनता र राज्यका निकायहरू वीच कुनै दृष्य वा अदृष्य दुरी छ वा छैन; स्रोत र साधनको स्थिति के छ; प्राप्त उपचारको सहजरूपमा उपभोग गर्न सकिने अवस्था छ वा छैन, संस्थाहरूवाट प्राप्त उपचार के कति व्यवहारिक र स्थायी समाधान दिने खालका छन्; कतै राज्यका संस्थाहरूसंग गुहार माग्दा समुदायमा टिकेर खान नसकिने, झन जटिल वहिस्करणमा परिने अवस्था त छैन, समाजमा कानून अवज्ञाको स्थिति छ वा छैन; यी र यस्तै खाले कुराहरू न्यायमा पहुँचको स्थिति वुझ्न सान्दर्भिक हुन्छन् ।

२.२ न्यायमा पहुँचसम्बन्धी सिद्धान्तहरु[7]

न्यायमा पहुँचसम्बन्धमा देहायबमिजिमका सिद्धान्तहरु रहेका छन् :

- असमर्थ व्यक्तिका लागि कानूनी सहयाता हुनुपर्छ ।
- जनतालाई निष्पक्ष र प्रभावकारी रुपमा विवादको समाधान गराई आफ्नो अधिकार स्थापित गराउने हक हुन्छ ।
- सरल, सुलभ, शीघ्र र पहुँचयोग्य विवाद समाधान पद्धति हुनुपर्दछ ।
- सबै विवादको समाधान छिटोछरितो हुनुपर्छ ।
- कानून र कार्यविधि सरल र सबैले बुझ्ने गरी बनाइएको हुनुपर्दछ ।
- जनता अदालतमा तथा न्यायधिकरण आउनुपूर्व उपयुक्त कानूनी परामर्श र प्रतिनिधित्व गर्ने अधिकार हुनुपर्दछ ।
- उपयुक्त र पहुँचयोग्य कानूनी सहायताको प्रवन्ध गर्ने जिम्मेवारी सरकारको हुन्छ ।
- स्रोतसाधनको अभावले जनता न्यायबाट वञ्चित हुन नपाउने व्यवस्था गर्नु सरकारको कर्तव्य हो ।
- लक्षित वर्गलाई आफ्नो अधिकारप्रति सचेत र क्रियाशील गराउने जिम्मेवारी सरोकारवाला निकायको हो ।

7 http://reports.weforum.org/global-gender-gap-report-२०१६/economies/#economy=NPL

२.३ न्यायमा पहुँचको आवश्यक्ता र महत्व

न्यायमा पहुँचको आवश्यक्ता र महत्व देहायबमोजिम रहेको छ।

- राज्यको सबैलाई न्याय प्रदान गर्ने उद्देश्यलाई साकार पार्नु,
- न्यायलाई वढी विश्वासिलो,भरपर्दो र प्रभावकारी बनाउनु ,
- न्याय प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको प्रत्यभूति गर्नु,
- समाजका disadvantaged र vulnerable समूहलाई न्यायको मूल प्रवाहमा सामेल गराउनु,
- राज्यले अन्तर्राष्ट्रियस्तरमा प्रतिज्ञा गरेको दायित्वलाई व्यवहारमा उतार्नु,
- समावेशी प्रजातन्त्रको अवधारणालाई व्यवहारमा स्थापित गराउनु,
- कानूनको शासन, मौलिक हक एवं मानव अधिकार संरक्षणका साथै शान्ति, सुशासन र दिगो विकासका माध्यमबाट न्यायपूर्ण समाजको स्थापना गर्नु,
- नागरिकका अधिकारको संरक्षण र प्रवर्धन गर्दै न्यायको अनुभूति दिलाउनु आदि।

२.४ न्यायमा पहुँचका लक्षित वर्गहरू

न्यायको आधारभूत सिद्धान्त न्याय सबैका लागि पहुँच योग्य हुनुपर्छ भन्ने मान्यतामा आधारित छ। राज्यले सबै नागरिकहरूलाई समानताको अधिकार प्रदान गरेको छ भनेर मात्र पुग्दैन, प्राप्त अधिकारहरू हनन् हुन गएमा न्यायको ढोका ढक्ढक्याउन पाउने अधिकार पनि सुरक्षित हुनु पर्दछ। प्राप्त अधिकारहरूको प्रयोग सबैले गर्न सक्ने अवस्था छ वा छैन र न्यायको खोजी गर्नुपर्ने अवस्थामा सबैले त्यो क्षमता राख्छन् कि राख्दैनन् भन्ने कुरा पनि महत्वपुर्ण हुन्छ। आफूलाई प्राप्त हक अधिकारहरू प्राप्त गर्न सक्ने अवस्थामा नरहेका व्यक्ति नै सामान्यत लक्षित वर्ग हुन। विशेषत बालबालिका, महिला, आदिवासी/जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, असक्षम तथा आर्थिक एवम् सामाजिक कारणबाट न्यायको खोजी गर्न नसकेका व्यक्तिहरुको सहज पहुँचलाई सुनिश्चित गर्ने गरिन्छ। न्यायमा पहुँच आयोगको गठन भएपछि प्राप्त कार्यादेश बमोजिम कार्य संचालन गर्नका लागि महिला, बिपन्न, असहाय र असक्षम ब्यक्तिहरूलाई लक्षित वर्गहरू भनी पहिचान गरिएको छ। न्यायमा पहुँच अभिबृद्धिका लागि विपन्न, असहाय र असक्षम व्यक्ति पहिचान गर्ने आधारहरूसम्बन्धी अध्ययन प्रतिवेदनले दिएको विपन्न, असहाय र असक्षम व्यक्तिहरूको पहिचान गर्ने मापदण्डसम्बन्धी सुझावका आधारमा विपन्न, असहाय र असक्षम व्यक्तिहरूको पहिचान गर्ने गरिएको छ। यस आधारमा न्यायमा पहुँचसम्बन्धी लक्षित वर्ग निम्न रहेका छन्।

- महिला
- बालबालिका,
- जेष्ठ नागरिक
- सामाजिक वा साँस्कृतिक रुपले पिछडिएका
  - दलित,
  - आदिवासी,

- जनजाति,

➢ अशक्त, असहाय

➢ अल्पसंख्यक तथा पिछडिएका क्षेत्रका नागरिक

➢ आर्थिक रुपले विपन्न नागरिक आदि ।

एकीकृत कानूनी सहायता नीति, २०७६ मा निःशुल्क कानुनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानुनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा गुणस्तरीय कानुनी सहायता उपलब्ध गराउने उद्धेश्यअनुरुप आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका देहायका व्यक्तिले आफू असमर्थ पक्ष भनी दिएको निवेदनको आधारमा निजको असमर्थताको पहिचान गरी निजलाई निशुल्क कानूनी सहायता उपलव्ध गराउने रणनीति लिइएको छः-

क. महिला

ख. दलित

ग. आदिवासी जनजाति

घ. मधेशी

ङ. थारू

च. अल्पसङ्ख्क

छ. अपाङ्गता भएका व्यक्ति

ज. सीमान्तकृत

झ. मुस्लिम

ञ. पिछडा वर्ग

ट. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

ठ. आर्थिक रुपले विपन्न खस आर्य

ड. श्रमिक, किसान, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक

२.५ न्यायमा पहुँच र न्यायपालिका

न्यायमा पहुँच विधिको शासनको एक महत्वपूर्ण आधार हो । स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको आदर्श त्यतिवेला मात्र चरितार्थ हुन्छ, जतिवेला न्यायमा पहुँचको अवस्थाले सन्तुष्टी प्राप्ति गर्दछ । परम्परागतरूपमा अदालतहरूवाट प्रदान गरिने न्यायलाई सुधारात्मक न्याय (corrective justice) र अदालत वाहेकका राज्यका अन्य संयन्त्रहरूवाट स्रोत साधनमा पहुँच एवं वितरण मार्फत प्रदान गरिने न्यायलाई वितरणात्मक न्याय (Distributive Justice) भनी वर्गिकरण गर्ने गरिन्छ । तर नेपाललगायत दक्षिण एशियाली न्यायपालिकाहरूको हकमा यो वर्गीकरण पूर्णरूपमा सही नदेखिन सक्दछ । दक्षिण एशियाली अदालतहरूद्वारा न्यायिक पुनरावलोकन र सार्वजनिक हक तथा सरोकारका विवादहरू हेर्ने सन्दर्भमा नीति निर्माण गर्ने, अधिकारको उल्लंघन हुँदा वा न्यायवाट वन्चित गरिदा क्षतिपूर्ति प्रदान गर्ने, कानून निर्माणको लागि निर्देशनात्मक आदेश जारी गर्ने, लगातार जारी रहने परमादेश (Continuing Mandamus) मार्फत विवादको समाधान नभएसम्म लगातार सक्रिय रहने

कार्यहरू हुँदै आएका छन। आदेशहरूको कार्यान्वयन गर्ने क्रममा विभिन्न आयोग र अधिकारीहरू मार्फत कार्य गराउने आदि गरिएवाट परम्परागतरूपमा कार्यकारी निकायहरू मार्फत गरिदै आएका कार्यहरू पनि अदालतहरू आफैले गर्न थालेका छन्। हाम्रो संवैधानिक संरचना अन्तरगत पनि न्यायपालिकालाई संविधानको संरक्षण र अन्तिम व्याख्या देखि लिएर विधिको शासनको स्थापना, यसप्रति सम्मानको अभिवृद्धि, सार्वजनिक हक र सरोकारका विवादहरूको निरुपणमार्फत् अधिकारहरूको प्रचलन, जनताका आधारभूत मौलिक अधिकारहरुको संरक्षण, अपराधको नियन्त्रण तथा दण्डहिनताको अन्त्य जस्ता दायित्वहरू सुम्पिएको छ। तसर्थ परम्परागत वर्गिकरण भन्दा वर्तमानमा न्यायपालिकाले निर्वाह गर्दै आएको भूमिकाको यथार्थतावाट न्यायमा जनताको पहुँचको विषयलाई हेर्नु वान्छनीय देखिन्छ। अदालतमा परेका मुद्दाहरुको अनुपातले पनि न्यायमा पहुँचको अवस्थालाई संकेत गर्दछ। खासगरी राज्यद्वारा वितरण हुने वितरणात्मक न्याय (Distributive Justice) कमजोर हुँदाको अवस्थामा न्यायालयप्रतिको आशा र भरोसा बढ्ने देखिन्छ। न्यायमा पहुँच सुदृढ र प्रभावकारी भएको अवस्थामा मुद्दाको चाप पनि कमी हुनसक्छ। किनकी न्यायपूर्ण व्यवस्थामा मुद्दामा कमी आउनु स्वभाविक हुन्छ। यसैगरी सुधारात्मक न्याय (Corrective Justice) को अवस्था वा अदालतको न्याय प्रशासन वा अदालतबाट प्रदान गरिने सेवाप्रवाहमा न्यायको अनुभूति एवं प्रत्याभूतिको सुनुश्चितताका दृष्टिले न्यायमा पहुँच स्थापना गर्ने कार्यमा न्यायपालिकाको स्थान र भुमिका पनि महत्वपूर्ण छ। यसैले न्यायपालिकाले आँफूले निर्वाह गर्नुपर्ने भूमिका र उत्तरदायित्वका दृष्टिले पनि न्यायमा पहुँचको सुदृढीकरण र प्रभावकारीतामा ध्यान दिनु जरुरी हुन्छ। सोही उद्देश्यले नेपालको सर्वोच्च अदालतको आफ्नै प्रयत्नवाट न्यायमा पहुँच आयोग गठन भई क्रियाशील रहेको छ।

२.६ न्यायमा पहुँच र कार्यविधि कानून

न्यायमा पहुँच कार्यविधिगत र सारवान दुवै कुरा हो। यो सारवान किन हो भने यसले वास्तविक रूपमा यो प्राप्त छ वा खोसिएको छ, उपभोग हुन सकेको छ वा छैन भन्ने हेर्न मद्दत गर्छ। कार्यविधिगत कुरा किन हो भने यसमा के उपलव्ध गराइन्छ भन्ने मात्र होइन कसरी, कुन समयमा र के कति खर्चमा उपलव्ध गराइन्छ भन्ने हेर्न मद्दत गर्छ।

सारवान कानूनद्वारा सृजना गरिएका हक अधिकारको हनन् भएको अवस्थामा सोको उपचार वा प्रचलनको लागि अवलम्वन गरिने कानूनलाई कार्यविधि कानून भनिन्छ। विशेष गरी मुद्दा मामिला वा विवादको निरुपणका रोहमा साधिकार निकायवाट बाध्यात्मक रूपमा पालना वा लागू गरिने कानून नै कार्यविधि कानून हो। कार्यविधि कानूनको उपेक्षा गरिएको वा सोको पालना वा अवलम्वन नगरिएको निर्णयले वैधता पाउन सक्दैन अर्थात त्यस्तो निर्णय त्रुटीपुर्ण मानिन्छ। कार्यविधि कानूनले विवादको निरुपण प्रक्रियामा एकरुपता कायम गर्नुको साथै निर्णय प्रक्रियामा सरल र बोधगम्य मार्गदर्शन गर्छ। यसवाट न्यायिक प्रक्रियाको सुनिश्चितता तथा स्वच्छ न्यायको प्रत्याभूति हुन्छ। न्याय सम्पादन गर्दा कार्यबिधि कानूनको अक्षरसः पालन गर्नु पर्दछ। कार्यविधि कानूनले न्याय सम्पादनको प्रकृयको बारेमा व्यवस्था गर्ने भएका हुनाले लक्षित वर्गका व्यक्तिहरूलाई न्याय सम्पादनको क्रममा केही सुविधा वा सहुलियत दिनुपर्ने भएमा कानूनमा नै व्यवस्था गर्नुपर्ने हुन्छ। सोही अनुरुप हाल प्रचलनमा रहेको कार्यबिधि कानूनले पनि लक्षित वर्गका व्यक्तिहरूलाई केही सुविधा तथा सहुलियत दिने गरी व्यवस्था गरेको पाईन्छ।

न्यायमा पहुँच स्थापित हुनका लागि सारवान कानूनले असक्षम, असमर्थ तथा पीडित पक्षको हक अधिकारको सुनिश्चितताको प्रत्याभूति गर्नुपर्दछ भने कार्यविधि कानूनले सारवान कानूनद्वारा प्रत्याभूत अधिकार प्राप्त गर्ने माध्यमको रूपमा काम गर्दछ। सारवान कानून कार्यविधि कानूनको अभावमा अपूर्ण हुन पुग्दछ। न्यायमा पहुँच स्थापित गर्न कार्यविधि कानूनको भूमिका महत्वपूर्ण मानिन्छ। कार्यविधि कानूनले नै म्याद, हकदैया, क्षेत्राधिकार लगायतका उपचार विधि तोक्ने हुँदा यो सिधै

सरोकारबालाको अवस्था र हैसियतसँग जोडिन्छ । छिटो न्याय प्राप्त गर्नुपर्ने अवस्थामा कार्यविधि कानूनको पालना गर्नुपर्ने कारणले पीडितले शीघ्र न्यायबाट वञ्चित हुन गएको देखिन्छ र अदालतले अपनाउनुपर्ने कार्यविधि कानूनको कारणबाट नै अदालती न्याय झन्झटिलो भन्ने आरोप लाग्ने गरेको पाइन्छ। त्यसैले न्यायमा पहुँचको वाधाको रूपमा कार्यविधिलाई पनि मानिदै आएको पाईन्छ। नेपालमा न्यायिक प्रक्रियामा प्रयोग हुने कार्यविधि कानूनको बारेमा अर्को परिच्छेदमा विस्तृतरूपमा उल्लेख गरिनेछ।

२.७ न्यायमा पहुँचको अवस्था निर्धारण गर्ने आधारहरु

न्यायमा पहुँचलाई मापन गर्ने आधारहरु सुत्रमा उल्लेख गर्न सम्भव छैन। न्यायमा पहुँचको अवस्था पहिचान गर्न वा न्यायमा पहुँचका समस्याहरुलाई विश्लेषण गर्नका लागि सूचकहरुको आधार लिन सकिन्छ। त्यस्ता सूचकहरुका माध्यमबाट न्यायमा पहुँचका अबरोधक तत्वहरु पहिचान गर्न सहयोग पुग्दछ। lord Neuberger ले न्यायमा पहुँचका लागि निम्न सर्त उल्लेख गरेका छनः-

- सक्षमस्वतन्त्र निश्पक्ष न्यायपालिका ,
- सर्वसुलभ अदालत
- उचित न्यायप्रशासन
- दक्ष र इमान्दार कानून व्यवसाय
- न्यायिक प्रकृया सम्बन्धी सरल र प्रभावकारी कार्यविधि
- प्रभावकारी कानूनी प्रकृया
- धान्न सक्ने दस्तुरआदि ,

यसैगरी normative legal framework, legal awareness, access to appropriate forum, effective administration of justice, accessibility, monitoring, and oversight आदिलाई पनि न्यायमा पहुँचका सर्तहरुको रुपमा लिइन्छ। त्यसैगरी हितको संरक्षण, कानूनी सहायता, कानूनको कार्यान्वयन, न्यायिक उत्तरदायित्व, न्यायिक परिक्षणको सुनिश्चितता, सहज उपलब्धता, गुणस्तरिय न्याय र न्यायिक उपचारको व्यवस्था, उत्तरदायी न्यायप्रणाली पनि रहेका छन्।

केही अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, परिपत्र तथा अनुबन्धहरूले पनि न्यायमा पहुँचको अधिकारलाई जोड दिएको पाइन्छ। संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरूले न्यायमा पहुँचको अधिकारलाई न्याय प्राप्त गर्ने व्यक्तिको क्षमतासँग जोडेर हेर्ने गरेको पनि पाइन्छ। खास गरी महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्नेसम्बन्धी महासन्धी, १९७९ ले महिलाको विभेदरहित अधिकार र तिनको उपयोग गर्न पाउने अधिकारका बारेमा प्रबन्धहरू गरेको पाइन्छ।[8]

कस्तो अवस्थालाई न्यायमा पहुँच सुनिश्चित भएको मान्ने हो भन्ने बारेमा स्पष्टताको कमी रहे तापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा न्यायमा पहुँचका केही मापदण्डहरू विकास भएका पाईन्छन्। जस्तैः संयुक्त राष्ट्र विकास कार्यक्रमले न्यायमा पहुँचका लागि कानूनी संरक्षण (legal protection), कानून र न्यायिक प्रक्रियाको जानकारी (legal awareness), कानूनी

[8] Views of the Committee on the Elimination of Discrimination against Women under article 7, paragraph 3, of the OptionalProtocol in respect of communication No. 20/2008 adopted on 25 July 2011, para. 9.12

परामर्श र प्रतिनिधित्व (legal Aid and counsel), न्याय निरुपण (Adjudication), कानूनको कार्यान्वयन (Enforcement), न्यायिक उत्तरदायित्व (Judicial accountability), गरी ६ वटा मापक तोकेको छ।

त्यसैगरी महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ अन्तर्गतको समितिको सामान्य सिफारिस नं. ३३ मा महिलाको न्यायमा पहुँचका लागि केही आधारहरू तोकेको छ, जो यस प्रकार छनः-

(क) न्यायिक परीक्षणको सुनिश्चितता (Justifiability),
(ख) सहज उपलव्धता (Availability),
(ग) न्याय प्रणालीसम्मको पहुँच (Accessibility),
(घ) गुणस्तरिय न्याय प्रणाली (Good quality of justice system),
(ङ) न्यायिक उपचारको व्यवस्थ (Provisions of legal remedies),
(च) उत्तरदायी न्याय प्रणाली (Accountability of justice system)[9]

यसका साथै, भौगोलिक विकटता वा न्यायिक निकायको भौगोलिक अवस्थिति, विद्यमान कानूनी संरचना, न्यायको खोजीका लागि लाग्ने खर्च, मुद्दाको कारवाहीमा अपनाइने प्रक्रिया र कार्यबिधि, मुद्दाको कारवाहीमा लाग्ने समयावधि, फैसला कार्यान्वयन, आर्थिक, सामाजिक अवस्था र पक्षहरू, शैक्षिक स्तर, कानूनी ज्ञान र अधिकारप्रतिको जानकारीको अवस्था, सेवा प्रवाहको अवस्था र सेवाग्राही उपर गरिने व्यबहार आदिलाई पनि महत्वपूर्ण सूचकको रुपमा लिन सकिन्छ।

[9] Bangkok: UNDP. P 5. According to the CEDAW Committee's General Recommendation No. 33 women's right to access to justice "encompasses justiciability, availability, accessibility, good quality and accountability of justice systems, and provision of remedies for victims. CEDAW Committee. (2015). General Recommendation on Women's Access to Justice. P 3.

परिच्छेद - तीन
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रवन्धहरु

३.१ पृष्ठभूमि

कानूनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबैलाई कानूनको समान संरक्षणको हक प्राप्त हुनेछ ।[10] सबैलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक हकको उल्लङ्घन विरुद्ध सक्षम राष्ट्रिय अदालतबाट प्रभावकारी उपचार पाउने हक हुनेछ ।[11] प्रत्येक व्यक्तिलाई उसको अधिकार र दायित्व निर्धारण गर्न वा फौजदारी अभियोग लागेको अवस्थामा एक स्वतन्त्र र निष्पक्ष अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाइ गरिने पूर्ण र समान अधिकार हुनेछ ।[12]

कसैलाई लागेको फौजदारी अभियोगको सन्दर्भमा वा अधिकार वा दायित्वको निर्धारण गर्दाका अवस्थामा स्वच्छ र सक्षम अदालत वा निकायबाट सुनुवाइ गर्ने अधिकार नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४ ले सुनुश्चित गरेको छ । तर यस प्रतिज्ञापत्रले अनुचित ढिलाइविना न्याय पाउने, कानूनी प्रतिनिधित्व सुनुश्चित गर्नुपर्ने तथा अदालती कारबाहीको भाषा नबुझ्नेका लागि अनुवादकको अधिकार हुने जस्ता हक भने फौजदारी अभियोग लागेको व्यक्तिलाई मात्र हुने व्यवस्था गरेको छ ।

युरोपेली मानवअधिकार महासन्धि, १९५० ले पनि फौजदारी अभियोगको सन्दर्भमा वा देवानी अधिकार र दायित्व निर्धारण गर्ने सम्बन्धमा स्वतन्त्र र निष्पक्ष ट्रिबुनलवाट मनासिव समयभित्र स्वच्छ र सार्वजनिक सुनुवाइ गर्न पाउने व्यक्तिको अधिकार हुने उल्लेख गरेको छ । साथै, फौजदारी कसूरको अभियोग लागेको व्यक्तिलाई भने अदालती भाषा नबुझ्ने भएमा अनुवादकको हक तथा राज्यले कानूनी सहायता उपलव्ध गराउने कुराको पनि सुनिश्चितता गरेको पाइन्छ ।

शक्तिको दुरुपयोग र अपराधबाट पीडितहरुको न्यायसम्बन्धी आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र,१९८५ मा न्यायमा पहुँचका सम्बन्धमा खास गरी पीडितका देहायका अधिकारहरु उल्लेख छन् ।

- बेहोर्नु परेको क्षतिको छिटो पुनः स्थापनामा लागि कानूनद्वारा स्थापित न्यायिक संयन्त्रसम्मको पहुँच,
- अधिकारबारेमा जानकारी पाउने तथा औपचारिक निकायबाट छिटो छरितो, स्वच्छ, कम खर्चिलो र पहुँचयोग्य उपचार प्राप्त गर्ने,
- उनीहरुको भूमिका, न्यायिक प्रक्रियामा भएको प्रगति र मुद्दामा भएको फैसलाबारेको जानकारी पाउने,
- न्यायिक प्रक्रियाका क्रममा उपयुक्त सहयोग पाउने,
- उनीहरुका असुविधा काम गर्ने, गोपनीयता कायम राख्ने र उनीहरु स्वयं, परिवार र साक्षीहरुलाई उपयुक्त सुरक्षा पाउने,
- मुद्दा फर्छ्यौट गर्न र अदालतका आदेश कार्यान्वयन गर्न अनावश्यक ढिलाइ नहुने ।

नेपालको संविधानमा मौलिक हकको रूपमा नागरिक तथा राजनीतिक अधिकारको साथसाथै आर्थिक, सामाजिक सांस्कृतिक हकहरुसमेत रहेका छन् । जसमा समानताको हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, गोपनीयताको हक, सूचनाको हक, शोषण विरुद्धको हक, भाषा तथा संस्कृतिको हक, महिलाको हक,

[10] Art. 7, UDHR, 1948
[11] Art. 8, UDHR 1948
[12] Art. 10, UDHR 1948

बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षालगायतका मौलिक हकको व्यवस्था गरिएको छ।

संविधानमा राज्यका निर्देशक सिद्धान्तहरू तथा राज्यका नीतिहरू उल्लेख गरिएका छन्। **सामाजिक न्याय र समावेशीकरण सम्बन्धी राज्यको नीति र न्याय तथा दण्ड व्यवस्था सम्बन्धी राज्यको नीतिमा लक्षित बर्गको न्यायमा पहुँचसँग सम्बन्धित विषयहरु रहेका छन्।**

न्यायमा पहुँच अभिवृद्धि न्यायपालिकाको सर्वकालिन प्राथमिकताको क्षेत्र हो। यद्यपि अदालतले न्यायमा पहुँचको समग्र पक्षलाई सम्बोधन गर्न सम्भव हुँदैन। मुलुकको आर्थिक, सामाजिक, शैक्षिक विकासको स्तर र भौगोलिक अवस्थाका कारण न्यायको पहुँचमा पर्ने अवरोधको सम्बोधन राज्यका अन्य जिम्मेवार निकायबाटै गरिनुपर्छ। अदालत प्रवेश गरेका सेवाग्राहीका हकमा भने अदालतले नै काम गर्नुपर्ने हुन्छ।

न्यायपालिकाको चौथो रणनीतिक योजना (२०७६/७७-२०८१/८२) मा मुख्यत: न्यायको सहज पहुँचमा रहेका अवरोधको पहिचान गरी सुधार गर्ने नीति लिइएको छ। स्वैच्छिक (प्रोबोनो) कानूनी सहायता र वैतनिक कानून व्यवसायीको सेवाको विस्तार र सुदृढीकरणलाई पनि समावेश गरिएको छ। हरेक अदालतमा सेवाग्राही परामर्श तथा सहायता कक्ष सुदृढ बनाउने, न्यायिक प्रक्रियासम्बन्धी सूचना सेवा सहजै उपलब्ध गराउने जस्ता कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ।

संविधान र अपराध संहिताले गरेको परिवर्तित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अदालतमा पीडितमैत्री कक्षको व्यवस्थापन, पीडितका लागि प्राथमिक स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श र सुरक्षाको व्यवस्था, अन्तरिम राहत र क्षतिपूर्तिको उपलब्धता, पीडितलाई मुद्दाको कारबाही र आदेशको जानकारी जस्ता कार्यक्रम यो योजनामा समावेश छन्।

मुलुकमा सुशासन कायम गर्नका लागि त्यस्तो कार्यसम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नुपर्ने व्यवस्था सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा रहेको छ।

(क) राष्ट्र र जनताको वृहत्तर हित,
(ख) समन्याय र समावेशीकरण,
(ग) कानूनको शासन,
(घ) मानवअधिकारको प्रत्याभूति,
(ङ) पारदर्शिता,वस्तुनिष्ठता,जवाफदेहिता तथा इमान्दारिता,
(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,
(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,
(ज) प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच,
(झ) विकेन्द्रीकरण तथा अधिकार निक्षेपण,
(ञ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गरी नागरिक बडापत्र राख्नु पर्ने व्यवस्था गरेको पाइन्छ।

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,
(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,
(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,
(च) तोकिए बमोजिमका अन्य कुराहरु।

सुशासन ऐन बमोजिम कुनैपनि पदाधिकारीले आफ्नो जिम्मेवारी निर्वाह गरेको वा नगरेको, निर्णय गर्दा अपनाउनु पर्ने प्रक्रिया अपनाएको वा नअपनाएको, निर्णय गर्दा आधार र कारण खुलाए वा नखुलाएको, काममा पारदर्शिता भए वा नभएको, पदीय आचरणको पालना गरे वा नगरेको जस्ता विषयहरु न्यायमा पहुँचका दृष्टिले महत्वपूर्ण मानिन्छन्।

३.२ न्यायमा पहुँचका लक्षित बर्गहरु सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु

३.२.१ महिलाका सम्बन्धमा

महिलाबिरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ का धैरै प्रावधानहरु न्यायमा पहुँचका बारेमा सान्दर्भिक देखिन्छन्। तर सहज न्यायिक उपचार प्रदान गर्ने सन्दर्भमा राज्यले पूरा गर्नुपर्ने निम्न जिम्मेवारीहरु वढी सान्दर्भिक मान्न सकिन्छ।

माहिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरु एवं उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्थासमेत अवलम्बन गर्ने। **धारा २(ख)**

पुरुषसरह समान आधारमा महिलाका अधिकारहरुको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक निकायमार्फत भेदभावको कुनै पनि कार्यविरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने। **धारा २(ग)**

महिलाबिरुद्ध भेदभाव गर्ने खालका कानून, नियम, परम्परा तथा अभ्यासहरु परिवर्तन वा खारेज गर्न कानून निर्माणलगायतका उपयुक्त तरिका अवलम्वन गर्ने। **धारा २(च)**

पक्ष राष्ट्रहरुले महिलालाई देवानी विषयहरुमा पुरुषसरहको कानूनी क्षमता प्रदान गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्नेछन्। उनिहरुले खास गरी महिलालाई करार गर्न र सम्पत्तिको सञ्चालन गर्न पाउने समान अधिकार प्रदान गर्नुका साथै अदालत तथा न्यायाधिकरणका कार्यविधिहरुका सबै तहहरुमा महिलालाई समानरुपले व्यवहार गर्नेछन्। **धारा १५(२)**

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को प्रभावकारी कार्यान्वयन गर्न महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिले विभिन्न सिफरिसहरु जारी गर्ने गरेको छ। उक्त समितिको ६१ औं बैठकले जुलाई २३, २०१५ मा जारी गरेको सिफारिस नं ३३ बढी महत्वपूर्ण छ। स्वतन्त्र, निष्पक्ष न्याय प्रणालीको अभाव, लैङ्गिक रुढिवादी, महिलाविरुद्ध हुने भेदभाव, लिङ्गमा आधारित हिंसा, निरक्षरता, सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन जस्ता विविध कारणले महिलाको न्यायमा पहुँचमा अवरोध पुग्न सक्ने देखिँदा समितिले सो अधिकारको सुनिश्चितताका लागि सबै महिलाको न्यायिक संरचनाहरुमा भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पहुँच पुऱ्याउनका लागि गर्नुपर्ने कार्यहरुको सुझाव पेस गरेको छ। यसका लागि पक्ष राष्ट्रहरुले देहायका कार्यहरु गर्नुपर्ने औँल्याएको छ।

(क) न्यायिक परीक्षणको सुनिश्चितता

(ख) सहज उपलब्धता

(ग) न्यायप्रणालीसम्मको पहुँच

(घ) गुणस्तरीय न्याय प्रणाली

(ङ) न्यायिक उपचारको व्यवस्था

(च) उत्तरदायी न्याय प्रणाली

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानब बेचबिखन तथा ओसारपसारको कसूरबाट पीडितलाई कानूनी सहायता, मुद्दाको कारबाहीमा दोभाषे तथा अनुवादक आदिको सुबिधाको खर्च सरकारले बेहोर्ने व्यवस्था गरिएको छ। त्यस्तै, कसूरदारको न्यून आर्थिक हैसियत भएको कारण पीडितले क्षतिपूर्ति नपाउने अवस्था भएमा सो क्षतिपूर्ति रकम पुनर्स्थापना कोषवाट बेहोर्ने आदेश अदालतले गर्नसक्ने व्यवस्था गरिएको छ। यससम्बन्धी अपराधका मुद्दाका साक्षीलाई बकपत्र गर्न अदालत आउँदा जाँदाको दैनिक भ्रमण खर्च सरकारी वकिल कार्यालयबाट दिईने प्रावधान गरिएको छ। पीडितले कानून व्यवसायी राख्न सक्ने, पीडित असमर्थ भएमा सरकारले सोको खर्च बेहोर्नेसमेत व्यवस्था गरिएको छ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

ऐनमा घरेलु हिंसासम्बन्धी कसूर सरकार वादी हुनसक्ने व्यवस्था पनि गरिएको छ। यस ऐनमा पीडितलाई उपचार गराउँदा लागेको खर्च पीडकले बेहोर्नु पर्ने, पीडकले तत्काल बेहोर्न नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले उपलव्ध गराएर पीडकसँग असुल गर्ने व्यवस्था गरिएको छ।

ऐनमा अदालतबाट अन्तरिम संरक्षणात्मक आदेश गर्न सकिने, पीडितले कानून व्यावसायी राख्न सक्ने, पीडितको अनुरोधमा उजुरीको कारबाही र सुनुवाई बन्द इजलाशबाट गर्नुपर्ने, संक्षिप्त कार्यविधि अपनाइने, शारीरिक तथा मानसिक रूपमा अशक्त भएको कारण उपचार गराउनु पर्ने भएमा पछि पीडकबाट भराउने गरी सेवा केन्द्र वा महिला तथा बालबालिका कार्यालयबाट सो उपचार रकम उपलव्ध गराउने, उपचार तथा मनासिव क्षतिपूर्ति रकम पीडितबाट भराईदिने, पीडितको लागि सेवा केन्द्रको स्थापना गर्न तथा सोको व्यवस्थापन र सञ्चालनको लागि तिनवटै तहको सरकारले सेवा कोष स्थापना गर्न सकिने व्यवस्थाहरु गरिएको छ। साथै, सार्वजनिक जवाफदेहिताको पदमा रहेको व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपांगता भएको व्यक्ति, नाबालक वा गर्भवति महिला बिरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा थप दश प्रतिशत सजाय हुने व्यवस्था पनि ऐनमा गरिएको छ। घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजले अनुरोध गरेमा जिल्ला कानूनी सहायता समितिमार्फत निःशुल्क कानूनी सहायता उपलव्ध गराउने प्रवन्ध गरिएको छ। ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ बनाई जारी गरेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिवको अध्यक्षतामा सेवा कोष सञ्चालक समितिको व्यवस्था सो नियमावलीमा गरिएको छ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिने व्यवस्था यस ऐनले गरेको पाइन्छ।

व्यवस्थापकले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिने कार्य गर्नुपर्ने, यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्तिउपर व्यवस्थापक समक्ष १५ दिनभित्र लिखित वा मौखिक रूपमा गुनासो गर्ने, व्यवस्थापकले दुवै पक्ष मन्जुर भएमा मेलमिलाप गराउन, पीडितसँग माफी मगाउन, आरोपित व्यक्तिलाई त्यस्तो काम पुन: नगर्न सचेत गराउन, मनासिब क्षतिपूर्ति गराउन, विभागीय कारबाही गर्न सक्ने अधिकार प्रदान गरिएको पाइन्छ। **दफा ७** मा ९० दिनभित्र उजुरी सुन्ने अधिकारीसमक्ष उजुरी दिन सक्ने व्यवस्था गरिएको छ। **दफा ९** मा उजुरीकर्ताको संरक्षणको व्यवस्था गरिएको छ। उजुरीको कारणले कर्मचारीलाई सेवाबाट हटाउन, विभागीय कारबाही गर्न, सरूवा बढुवामा असर पार्न नसक्ने व्यवस्था रहेको छ।

बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

नेपाली समाजमा व्याप्त व्यक्तिलाई बोक्सी वा बोक्साको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने जस्तो अमानवीय कार्यलाई कुरीति तथा अन्धविश्वास ठहर गरेको मात्र होइन कानूनद्वारा दण्डनीय समेत बनाईएको छ।

कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसूर भइरहेको थाहा पाउने जुनसुकै व्यक्तिले सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्दछ। यस्तो कसूर गरेको मितिले ९० दिनभित्र उजूर दिनु पर्छ। अदालतमा यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा गरिने व्यवस्था छ।

छाउपडी प्रथाको अन्त्यको लागि मिति २०६२।१।१९ मा सर्वोच्च अदालतले महत्वपूर्ण फैसला गरेको छ। सर्वोच्च अदालतको आदेशअनुसार नेपाल सरकारले छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ जारी गरेको अवस्था रहेको छ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५

प्रत्येक व्यक्तिको जीउ,आवास,सम्पत्ति, लिखत,चरित्र जस्ता कुराहरुको गोपनीयता अतिक्रमण हुन नदिइ संरक्षण र सुरक्षित राख्नु पर्ने यस ऐनको उद्देश्य रहेको देखिन्छ। यस्तो गोपनीयता सार्वजनिक निकाय, सार्वजनिक पद धारण गरेको व्यक्ति र सङ्गठित संस्था जस्ता निकायले राख्ने कर्तव्य तोकिदिएको पाइन्छ। यो ऐन आउनुभन्दा अगाडि नै **निवेदक महिला, कानून र विकास मञ्चका तर्फबाट अख्तियार प्राप्त साथै आफ्नो तर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको**[13] मुद्दामा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका,२०६४ जारी भै कार्यान्वयनमा आए तापनि अनुसन्धानको चरणबाटै पीडितको परिचय तथा विवरण गोप्य राख्नु पर्नेमा जिल्ला हुदै सर्वोच्च अदालतबाट फैसला हुँदासम्म पुनरावेदक प्रदिप भट्टराई वि.नेपाल सरकार भएको जबर्जस्ती करणी मुद्दामा[14] समेत यो निर्देशिकाबमोजिम गोपनीयता कायम भएको पाइदैन।

---

[13] ने.का.प. २०६४ अङ्क ९ निर्णय नं. ७८८०

[14] नेकाप २०७६,अं ६, नि.नं. १०२८०

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,२०७५

महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपुर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय सर्वसुलभ तथा पहुँच योग्य बनाउने उद्देश्य यस ऐनले लिएको पाइन्छ। उक्त उद्देश्य कार्यान्वयन गर्नको लागि आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, गर्भपतन सेवा, गर्भवती सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, नवजात शिशुको आकस्मिक सेवा, परिवार नियोजन योजना, प्रजनन स्वास्थ्य, प्रजनन स्वास्थ्य अधिकार ,बृहत आकस्मिक प्रसूति सेवा, सुरक्षित मातृत्व सेवा जस्ता कार्यक्रम संचालन गर्न खोजेको देखिन्छ।

महिला सम्बन्धी न्यायिक दृष्टिकोण

संगीता मगर भन्ने खड्गमाया पुलामीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[15]
एसिड आक्रमणका अपराधमा हुने अनुसन्धान लगायतका सम्पूर्ण प्रक्रियामा एकरुपता कायम गरी कानूनको प्रभावकारी कार्यान्वयनका लागि घरेलु सम्बन्ध बाहेकका अन्य व्यक्तिबाट भएको एसिड आक्रमणको अपराधीलाई पनि सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ अन्तर्गत राखी पाउँ भन्ने माग दावी रहेकोमा सर्वोच्च अदालतबाट निम्न निर्देशनात्मक आदेश जारी भएको पाईन्छ।

१. मुलुकी ऐन, कुटपिटको महलको १४क नं. मा भएको व्यवस्था मानिसको जिउ ज्यानको सुरक्षासँग जोडिएको गम्भीर फौजदारी अपराधभित्र पर्ने विषय भएको तर त्यस्तो गम्भीर अपराधलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश गरिएको नपाइँदा उक्त अपराधलाई समेत सरकारी मुद्दासम्बन्धी ऐनको **अनुसूची-१ मा समावेश गर्ने**।

२. अपराधबाट पीडितले समयमा उपचार प्राप्त नगर्दा र उपचार गराउने खर्चको व्यवस्था गर्न नसक्दा पछि प्राप्त गर्ने घा खर्च र क्षतिपूर्तिले पीडितको तत्कालको पीडालाई परिपूरण गर्न नसक्ने हुँदा मुद्दा दर्ता गर्दाका अवस्थामा **पीडितले घा खर्च प्राप्त गर्ने गरी कानूनमा व्यवस्था गर्ने।**

३. सिधै पीडितले घा खर्चको रकम पीडकबाट प्राप्त गर्ने, पीडकबाट तत्काल उपलब्ध गराउन नसक्ने अवस्था भएमा राज्य पक्षबाट उपलब्ध गराउने र पछि कसूर ठहर भएपछि **पीडकबाट जरिवानासरह लिन पाउने गरी कानूनमा परिमार्जन गर्ने।**

४. तेजाब, पेट्रोल तथा मट्टीतेल छर्केर गर्ने अपराध मानिसको Right to lifeसँग सम्बन्धित हुन्छ। तेजाब वा पेट्रोल तथा मट्टीतेल छर्किई गरिने अपराधबाट मानिस बाँच्न सके पनि मानिसको शरीर नै कुरूप हुने, जीउमा गम्भीर जखम भई आजीवन त्यसको पीडा र उपचार गराउनु पर्ने अवस्थाको सिर्जना हुन सक्ने, जिउमा पुगेको क्षतिको कारण पीडितले आफ्नो इच्छा चाहना मारेर बस्नु पर्ने अवस्थाको सिर्जना हुने, आफ्नो जीवनदेखि नै निरास हुने अवस्था पनि रहने हुँदा यस्ता अपराधबाट पीडित हुन पुगेका पीडितहरूको सम्मानपूर्वक जीवनयापन गर्ने वातावरणको सुनिश्चितता गर्न उचित तालिमहरू प्रदान गरी पीडितहरूमा अन्तरनिहित क्षमताको उपयोग गर्ने अवसर सिर्जना गर्ने, **जीवनप्रति उत्साह र उत्प्रेरणा जगाउने खालका मनोवैज्ञानिक सामाजिक परामर्श र सामाजिक सुरक्षा प्रदान गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालयबाट कार्ययोजना बनाई लागू गर्ने।**

[15] ने का प २०७६ अङ्क ३ नि नं १०२१२

५. सुगम ठाउँ तथा सहरमा घट्ने एसिड, पेट्रोल तथा मट्टीतेल छर्किई वा खन्याई आगो लगाउने कार्यबाट पीडित व्यक्तिले समयमा उचित उपचार प्राप्त गर्न नसकेमा पीडितको शरीरमा बढी पीडा भई पीडितको मृत्युसमेत हुन सक्ने भएको हुँदा नेपालका सरकारी तथा निजी अस्पतालहरूमा तत्काल अनिवार्य रूपमा बर्न युनिट स्थापना गरी निःशुल्क उपचारको व्यवस्था मिलाउने र सम्भव भएसम्म ग्रामीण भेगका स्वास्थ्य चौकीहरूमा पनि यस्तो सेवा विस्तार गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूले प्रबन्ध गर्ने भनी आदेश जारी भएको देखिन्छ।

एसिड आक्रमण तथा मट्टितेल आक्रमणबाट पीडित भएकाहरू रहेको प्रस्तुत रिटमा सर्वोच्च अदालतले यस्तो प्रकारको अपराधलाई सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ मा राख्न आदेश दिएकोमा हाल तेजाव लगायतको आक्रमणको कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिताले अनुसूची-१ मा राखी अदालतबाट भएको निर्देशनात्मक आदेशबमोजिम कानूनमा सुधार भएको पाईन्छ।

३.२.२ बालबालिकाका सम्बन्धमा

बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ले प्रत्येक बालबालिकाले बिना कुनै भेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार पाउनुपर्ने र ती सबै अधिकार अविभाज्य रहनुपर्ने कुरालाई स्थापित गरेको छ। १८ वर्षमुनिका व्यक्तिलाई बालबालिकाको रुपमा स्वीकार गरी उनीहरुको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गरिएको छ। बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको प्रत्याभूति पनि यो महासन्धिले गरेको छ।

सार्वजनिक वा निजी समाज कल्याणकारी संस्थाहरु, अदालतहरु, प्रशासनिक अधिकारीहरु वा विधायिकी निकायहरु जो सुकैबाट गरिने बालबालिकासँग सम्बन्धित सबै कार्यहरुमा बालबालिकाको सर्बोत्तम हित प्राथमिक विचारको कुरा हुने। **(धारा ३.१)**

पक्ष राष्ट्रले प्रस्तुत महासन्धिमा स्वीकार गरिएका अधिकारहरुको कार्यान्वयनका लागि सबै समुचित कानूनी, प्रशासनिक र अन्य उपायहरु अपनाउनेछन्। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको सम्बन्धमा पक्ष राष्ट्रहरुले आ-आफ्ना उपलव्ध स्रोतहरुले भ्याएको अधिकतम हदसम्म र वयश्क भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र यस्ता उपायहरु अपनाउने। **(धारा ४)**

कुनै पनि बालबालिकालाई फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाईएको छ भने बालबालिकाको तर्फवाट कानून व्यवसायी राख्न तथा अन्य सहयोग उपलव्ध गराउने काममा सरकारले सहयोग गर्नुपर्ने। दोषी प्रमाणित नभएसम्म निर्दोष नै मानेर व्यवहार गर्नुपर्ने। मुद्दाको बहस र फैसला गर्दा पनि उनीहरुले बुझ्ने भाषामा गर्नुपर्ने। **(धारा ४०)**

बालबालिकामध्ये पनि केही विशेष समूहका बालबालिका जस्तै अपाङ्ग, शरणार्थी, अल्पसंख्यक जनजाति, उपेक्षा, हेला, यातना तथा लडाईंका शिकार भएका तथा परिवारबिहिन वा कठिन परिस्थितिमा बाँचेका बालबालिकालाई विषेश स्याहार प्रदान गर्ने गरी व्यवस्था गर्नुपर्ने दायित्व सरकारको हुनुपर्ने। बालबालिकाहरुलाई श्रमशोषण, यौनशोषण तथा देहव्यापार, ओसापोसार तथा अपहरण, परिवारभित्र हुने हेला र तिरस्कार, लागूपदार्थको ओसारपोसार, गैरकानूनी बन्दन, यातना दुर्व्यवहार,

मृत्यदण्ड तथा आजीवन कारावास, परिवारबाट अनुपर्युक्त ढङ्गले छुट्याउने, पर स्वास्थ्यमा प्रतिकूल असर पर्ने खालका परम्परागत विधिहरुजस्ता विभिन्न प्रकारका जोखिमबाट संरक्षण गर्नेगरी कानूनी व्यवस्था गर्नुपर्ने ।

बाल अधिकार सम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयनको लागि committee on the right of child को ४४ औं सभाले २५ अप्रिल २००७ मा general Comment no. 10, Children's Rights in juvenile justice[16] पारित गरी सदस्य राष्ट्रहरुलाईबालन्याय सम्बन्धी बृहत नीति (Comprehensive juvenile policy) तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जोड दिएकोछ ।

संयुक्त राष्ट्रसंघ महासभावाट प्रस्ताव ४५/११३ वाट डिसेम्बर १९९० मा ग्रहण गरिएको स्वतन्त्रतावाट वञ्चित बालबालिकाहरुको संरक्षण सम्बन्धी नियमहरु (**UN Rules for the protection of juveniles Deprived of their liberty**)[17] ले यो नियमको मौलिक प्रयोजन, यसको प्रयोगको क्षेत्र र परिपालना, सुनुवाईका क्रममा रहेका बालबालिकाका सम्बन्धमा गर्नुपर्ने व्यवहार, बालबालिकाले प्राप्त गर्ने सुविधा व्यवस्थापनका कुराहरु तथा बालन्यायसंग सम्बन्धित कर्मचारीका योग्यता, कर्तव्य र आचरणका सम्बन्धमा विस्तृत नियमहरुको व्यवस्था गरेको छ ।

संयुक्त राष्ट्रसंघको साधारण सभाले प्रस्ताव नं ४०/३३, मिति २९ नोभेम्वर १९८५ मा पारित बालन्याय प्रशासनका न्यूनतम नियमहरु बेइजिङ (बेइजिङ नियमहरु) **UN Standard minimum Rules for the administration of juvenile Justice**[18] विभिन्न ६ भाग र ३० नियम विभक्त छ । पहिलो भाग सामान्य सुद्धान्त अन्तर्गत मौलिक प्रयोजन, क्षेत्र, बालबालिकाका अधिकारहरु, गोपपनियताको रक्षा, वचाउ प्रावधानका बारेमा उल्लेख गरेकोछ भने दोस्रो भागमा कानूनको द्वन्दमा परेका बालबालिकासंग सम्बन्धित घटनाको अनुसन्धान तथा अभियोजन सम्बन्धी नियम, जस अनन्तर्गत – बालबालिकासंग सम्पर्क, दिशान्तर, प्रहरीको विशिष्टीकरण, पुर्पक्ष गर्दा थुनालाई निषेध गर्ने सम्बन्धी नियमहरु उल्लेखछ । तेस्रो भागमा सुनुवाई र कार्यान्वयन सम्बन्धी नियमहरु छन् जसमा न्याय निरुपण तथा कार्यान्वयनका निर्देशक सिद्धान्तहरु, कार्यान्वयनका विभिन्न वैकल्पिक तरिकाहरु अपनाउने, थुनामा राख्ने संस्थागत उपायलाई निरुत्साहित गर्ने, ढिलासुस्तीलाई निषेध गर्ने, तथ्याङ्कको गोपनीयता कायम गर्नुका साथै पेशागत व्यवसायिकता र तालिमका विषयमा बिस्तृत व्यवस्था गरिएको छ ।

फौजदारी न्याय प्रणालीमा बालबालिकसम्बन्धी कार्यमुलक मार्गदर्शन,१९९७

फौजदारी न्याय प्रणालीमा बालबालिकसम्बन्धी कार्यमुलक मार्गदर्शन,१९९७ को दफा ४४[19] मा न्यायपालिका र अन्य अदालतका कर्मचारीले बालबालिका पीडित हुने मामिला सम्हाल्ने विषयको तालिम पाउनु पर्छ भन्ने व्यवस्था भएको पाइन्छ । बाल अदालतमा कार्यरत न्यायाधीशले उक्त व्यवस्थाबमोजिमको तालिम एदाकदा पाउने गरे पनि अन्य कर्मचारीले उक्त व्यवस्था बमोजिमको तालिम प्राप्त गर्न सकेको पाइदैन । साक्षी बालबालिकाको संरक्षणको व्यवस्था गरेको छ । सो व्यवस्था प्रभावकारी हुन सकिरहेको छैन । अदालत कक्षको कार्यविधि निर्माण गरी सोही बमोजिम बदल्नु पर्ने[20] भन्ने रहेको छ । यस्तो कार्यविधि निर्माण भइ व्यवहारमा लागु भएको पाइदैन ।

16 http://www.refworld.org/docid/4670fca12.html

17 हेर्नुहोस् http://youthjusticenc.org

18 https://www.ncjrs.gov/pdffiles1/Digitization/145271NCJRS.pdf,

19 फौजदारी न्याय प्रणालीमा बालबालिकसम्बन्धी कार्यमुलक मार्गदर्शन,१९९७

20 बाल अधिकार सम्बन्धी महासन्धि १९८९ सामान्य टिप्पणी नं. १० को दफा ४६

बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी नियमावली, २०५१

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, र बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी ऐनको निर्माण भएको देखिन्छ। बालबालिकाका अधिकारको व्यवस्था गर्नुका साथै खासगरी बालबालिका प्रतिवादी भएका फौजदारी मुद्दाहरू सुनुवाई गर्न बाल अदालत, बन्द इजलास, दिशान्तरलगायतका अवधारणा तथा कार्यविधिको प्रावधानसहित बालबालिकाको उपचारात्मक हकलाई पनि अन्य व्यक्तिका त्यस्ता हकभन्दा पृथक तरीकाले संरक्षण गर्न खोजेको पाईन्छ। १८ बर्ष भन्दा मुनिका व्यक्तिलाई यस ऐनले बालबालिकाको परिभाषामा समेटेको पाइन्छ। कानूनको द्वन्दमा परेका बालबालिकाहरूलाई उनीहरूको उमेरको अनुपातका आधारमा सजाय तोकेको पाइन्छ।

टिकाराम बस्यालको हकमा उदय शंकर मण्डल वि सुर्खेत भएको मुद्दामा [21] बाल न्याय सञ्चालन गर्दा बन्द इजलासमा गर्न, बालबालिकाको पहिचानको गोपनीयता कायम राख्न, सजाय निर्धारण तथा कार्यान्वयन गर्दा गराउँदा बालबालिकाको सर्वोत्तम हितअनुकूल हुने गरी गर्न गराउन र बाल अधिकारतर्फ पर्याप्त संवेदनशीलता अपनाई बाल न्याय प्रक्रिया सञ्चालन गर्न सबै जिल्ला अदालतहरूलाई तत्काल लेखी पठाउनु भनी आदेश भएको देखिन आउँछ। यसबाट बालबालिकाको सर्वोत्तम हितको लागि छुट्टै बालन्याय प्रक्रिया संचालन हुने बाटो खुलेको छ। बालबालिकाको सर्वोत्तम हित र कल्याणका लागि निजहरूले जरिवानाबापत थुना वा कैदमा बस्न नपर्ने गरी उपयुक्त वैकल्पिक व्यवस्था मिलाउन वाञ्छनीय देखिएकाले तदनुसार आवश्यक कानून निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको अवस्था रहेको छ।

बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६

बालबालिका रहने निगरानी कक्षमा देहायका न्यूनतम सुविधाको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको पाइन्छ।

(क) स्वच्छ पिउने पानी तथा पोषणयुक्त खाना,

(ख) बालबालिकालाई बस्न तथा सुत्नको लागि ओढ्ने ओछ्याउने कपडा सहितको उपयुक्त व्यवस्था,

(ग) बालबालिकालाई बस्न तथा सुत्नको लागि आवश्यक कुर्ची, मेच वा पलङको सुविधा,

(घ) कक्षमा पर्याप्त हावा र प्रकाशको लागि उचित व्यवस्था,

(ङ) शौचालय र सरसफाइको उचित व्यवस्था,

(च) भौगोलिक अवस्था र मौसम अनुसारको अन्य उपयुक्त व्यवस्था, र

(छ) समितिले निर्धारण गरेको मापदण्ड बमोजिमको अन्य सुविधा।

बालबालिकाको साथमा उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भएमाः कुनै कसूरको आरोप लागि अनुसन्धान भइरहेका बालबालिकाको साथमा उक्त कसूरमा उमेरपुगेका व्यक्ति समेत प्रतिवादी भएमा अभियोजनकर्ताले बालबालिकाको हकमा बालअदालतमा अभियोगपत्र दर्ता गरी उमेर पुगेका व्यक्तिको हकमा प्रचलित कानूनबमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकारक्षेत्ररहेको अदालतमा अभियोगपत्र दर्ता गर्नु पर्ने व्यस्था रहेकोछ। बाल अदालतले त्यस्तो अभियोग

[21] ने. का. प २०७५ अङ्क १ नि नं ९९३० , मुद्दा बन्दीप्रत्यक्षीकरण

पत्रसमेतको एक एक प्रति बालबालिकाको बाबु, आमा वा परिवारको सदस्य वा संरक्षकलाई र उनीहरु नभए बालबालिकाको कानून व्यवसायीलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

बाल अदालतको अधिकार क्षेत्रको प्रयोग, मुद्दाको सुनुवाइ तथा पुनस्थापकीय न्याय

- बाल इजलासको अधिकार क्षेत्रको प्रयोग न्यायाधीश, समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञले सामूहिक रूपमा गर्ने,मुद्दाको सुनुवाइ गर्दा इजलासकाबीच मतैक्य नभएमा कानूनी प्रश्नमा न्यायाधीशको निर्णय मान्य हुने र सजाय निर्धारण गर्नु पर्ने अवस्था भएमा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको राय समेतलाई विचार गर्नु पर्ने व्यवस्था रहेको छ।
- बाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखेमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा रहेको भएपनि ऐनको दफा २८ को अवस्था विचार गरी दफा २९ को कुनै प्रक्रिया अवलम्बन गर्ने गरी अनुसूची–७ बमोजिमको ढाँचामा दिशान्तरको निर्णय गर्न सक्ने व्यवस्था रहेकोछ। दिशान्तरको निर्णय उपर चित्त नबुझ्ने पक्षले उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ।
- कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकाको मुद्दा सुनुवाइ गर्दा निजको बाबु, आमा, परिवारको सदस्य, संरक्षक वा निजको कानून व्यवसायी, सरकारी वकिल, मुद्दाको पीडित पक्ष र निजको कानून व्यवसायी तथा अदालतले अनुमति दिएका व्यक्तिलाई मात्र प्रवेश अनुमति दिइ बन्द इजलासमा सुनुवाइ गरिनेछ। बालबालिकालाई सोधपुछ गर्दा क्यामेरा पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिने, बालबालिकाले संवाद गर्न सक्ने तालिम प्राप्त व्यक्तिलाई तोकी निजसँग बाबु, आमा, संरक्षक वा कानून व्यवसायी बस्न सक्नेछन्।
- मुद्दाको सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारको कार्यान्वयन हुने गरी मुद्दाको सुनुवाइ गर्नु पर्ने, आरोपित बालबालिकालाई कसूरजन्य कार्यको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनु पर्ने, बालबालिकाले आफ्नो कुरा राख्न चाहेमा सोका लागि मौका दिनु पर्ने, सुनुवाइमा उपस्थित पीडित पक्षले कुनै कुरा व्यक्त गर्न वा राख्न चाहेमा सोका लागि मौका दिनु पर्ने रहेको छ। बालबालिका विरुद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण भएमा त्यस्तो प्रमाण बुझी पाउनको लागि बाल अदालतले त्यस्तो प्रमाण पेश गर्न अनुमति दिएमा जोसुकैले निवेदन दिन सक्ने, व्यवस्था रहेकोछ।
- बाल अदालतले बालबालिकाले आफैँ साक्षी उपस्थित गराउनको चाहेमा त्यस्तो साक्षी उपस्थित गराउन अनुमति दिने,फैसलाको प्रतिलिपि सम्बन्धित बालबालिका वा निजको सरोकारवाला व्यक्तिलाई निःशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ।
- बाल न्याय सम्पादनको क्रममा दिशान्तर गर्दा, फैसला गर्दा र सजाय कार्यान्वयन गर्दासमेत पुनस्थापकीय न्यायका सिद्धान्तलाई बाल न्याय प्रणालीको आधारभूत सिद्धान्तको रूपमा अनुसरण गर्नु पर्ने, कसूरजन्य कार्यबाट सृजित आपराधिक दायित्वको निर्धारण, पीडितको न्याय पाउने हकको सम्मान र कसूरजन्य कार्यबाट प्रभावित पक्षको पुनस्थापनाको सुनिश्चितताको लागि उपयुक्त उपायको रुपमा पुनस्थापकीय न्यायलाई अवलम्बन गरिनु पर्ने रहेको छ।

बालबालिका सम्बन्धी न्यायिक दृष्टिकोण

रामेश्वर चौधरीको हकमा जनअधिकार संरक्षण मञ्चमा कार्यरत अधिवक्ताटीकाराम पोखरेल वि. काठमाडौं जिल्ला अदालतसमेत[22] भएको मुद्दामा बालकले नगद वा जेथा जमानत दिन नसकेको भन्ने आधारमा पुर्पक्षको लागि बालसुधार गृहमा थुनामा पठाउने कार्य ने.का.प. २०६५ पुस, नि.नं. ८०१५, पृष्ठ ११३२ मा प्रतिपादित सिद्धान्त,बाल अधिकार महासन्धि, १९८९ को धारा ३(१) ३७(ख), बालबालिकासम्बन्धी ऐन, २०४८ समेतको प्रतिकूल भइ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) समेतको विपरीत हुँदा उक्त आदेश बदर गरी थुनामुक्त गरिपाऊँ भन्ने रिट निवेदनमा बालअधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ३७(ख) ले थुनालाई अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्न सक्ने गरी व्यवस्था गरेको छ । बालबालिकाको हकमा अ.बं. ११८ को देहाय ५ र १० को प्रावधानलाई निरपेक्षरूपमा नभई अन्तरिम संविधान,२०६३, बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी महासन्धि, १९८९ को सापेक्षतामा हेरिनुपर्ने भनी व्याख्या भएको पाइन्छ ।

बालबालिकाले गर्न पुगेको कुनै पनि कसूरजन्य कार्यमा निजको उमेरले नै दोषी मनोभावनाको कुनै भूमिका नरहने हुँदा त्यस्तो बालविज्याइप्रति तिनीहरूलाई सजायमुखीकरण गर्नुभन्दा सामाजिकीकरणमुखी गर्नु नै राज्यको प्रमुख दायित्त्व हुने । तोकिएको सजायसमेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयाधिकारीले निर्णय गर्न सक्ने अवस्थामा बालकलाई पूर्वशर्तको रूपमा धरौटी मागी धरौटी दिन नसकेबाट धरौटीको विकल्पको रूपमा थुनालाई लिएको कार्य नेपाल पक्ष भएको बालबालिकासम्बन्धी महासन्धि १९८९ को धारा ३(१) ३७(ख) र ४०(१) र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ र ५० समेत विपरीत देखिने भनी बालन्यायको क्षेत्रमा महत्वपूर्ण आदेश जारी भएको देखिन्छ ।

नेपाल सरकार वि. "कुमारप्रसाद"[23] को मुद्दामा प्रतिवादी “कुमारप्रसाद” लाई भएको सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित राख्ने भनी मुद्दा हेर्ने अधिकारीबाट आदेश हुँदा सो स्थगन निश्चित समयसम्मको लागि हो वा अनन्तकालसम्मको लागि हो? प्रतिवादीको उमेर १६ वर्ष नाघिसकेको देखिएको अवस्थामा निजलाई भएको सजाय उक्त दफा ५०(२) बमोजिम स्थगन रहन सक्ने हो, होइन ? भन्ने प्रश्न उठेको देखियो । उक्त प्रश्नको सन्दर्भमा सर्वोच्च अदालतबाट फैसला हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसूर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिले ठहर भएको कैद सजाय कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन; त्यसप्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने भनी व्याख्या गरेको पाइन्छ । **कैद स्थगित भई एक वर्षको अवधि नाघिसकेको देखिँदा निज प्रतिवादीको अहिले उमेर पुगेको कारणबाट सो सजाय असुल गर्नुपर्छ भन्नु बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १२ तथा दफा ५० को उपदफा (२) समेतको प्रतिकूल हुन जान्छ**भनी बालबालिकाको मुद्दामा सजाय स्थगन कार्यान्वयन नहुने सिद्धान्त प्रतिपादन गरेको देखिन्छ । उक्त सिद्धान्त प्रतिपादन भएपछि बनेको बर्तमान बालबालिका सम्बन्धी ऐन, २०७५ ले उक्त सिद्धान्तको व्यवस्थालाई सम्बोधन गरेको पाइन्छ ।

[22] नेकाप २०७० अङ्क ११ नि.नं.९०७४, बन्दीप्रत्यक्षीकरण

[23] ने .का. प २०७५ अङ्क ११ नि नं १०१२७, मुद्दा जबरजस्ती करणी उद्योग

३.२.३ जेष्ठ नागरिकका सम्बन्धमा

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ मा बृद्ध अवस्थामा सामाजिक सुरक्षाको अधिकार उल्लेख भएको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ३ पनि हरेक व्यक्तिको सावधिक बिमा लगायत सामाजिक सुरक्षाको आधारका बारेमा उल्लेख गरेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको धारा ११ (१) (ङ) मा स्पष्ट रुपमा महिला ज्येष्ठ नागरिकहरुले पाउने सुविधाहरुमा भेदभाव गर्न नहुने भनी उल्लेख गरिएको छ। अपांगता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धिले उमेरका आधारमा हुने गरेको जस्ता विभेदसम्बन्धी व्यवस्थाहरुका बारेमा उल्लेख गर्दै यस्ता पूर्वाग्रहहरु, नकारात्मक धारणाहरु तथा हानीकारक प्रचलनहरुलाई उन्मूलन गरी न्यायमा पहुँच अभिबृद्धि अथवा शोषण, हिंसा र दुर्व्यवहार विरुद्ध संरक्षण गर्न राज्यको दायित्व उल्लेख गरेको छ।

नेपालको संविधानमा ज्येष्ठ नागरिकलाई समानताको अधिकारको व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ। ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुन्छ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३

ज्येष्ठ नागरिक तथा असहाय र असक्त ज्येष्ठ नागरिकको परिभाषा गर्दै ज्येष्ठ नागरिकहरूले सार्वजनिक जीवनमा पाउने सुविधा र सहुलियत बारेका व्यवस्थाहरू छन्। ज्येष्ठ नागरिकले मुद्दाको प्रक्रियामा प्राथमिकता र कानून व्यवसायीको सुविधा पाउने लगायतका प्रावधान रहेका छन्। ज्येष्ठ नागरिकका केही अधिकारहरूको व्यवस्था गरी त्यस्ता अधिकार उल्लंघन भएमा विशेष सजाय हुने कानूनी व्यवस्था समेतय सऐनले गरेको छ। ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप क्षमता अनुभवको सदुपयोग गरी निजहरू प्रति श्रद्धा आदर र सदभावको अभिबृद्धि गर्ने उद्वेश्य यस ऐनले राखेको पाइन्छ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐनको दफा ९ मा छुट र सुविधासम्बनधी व्यवस्था गरेको पाइन्छ। सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नु पर्ने र ५०% भाडादर छुट गर्नुपर्ने, स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले प्राथमिकता दिई उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५०% छुट पाउने व्यवस्था गरेको पाइन्छ।

यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐनको दफा १० मा ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई प्राथमिकता दिनुपर्ने, कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्न कानून व्यवसायी राखेर मात्र गर्नुपर्ने, कुनै ज्येष्ठ नागरिकले आर्थिक अवस्था कमजोर भएकाले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न निवेदन दिएमा सो सेवा उपलब्ध गराउने। दफा १२ मा कैद सजाय छुट दिन सकिने व्यवस्था रहेको पाइन्छ। प्रचलित कानूनमा जुनसुकै कुरा लेखिए पनि ज्येष्ठ नागरिकलाई उमेर र कसूरको अवस्था हेरी देहाय बमोजिमको कैद छुट दिन सकिने व्यवस्था छ।

- ६५ वर्ष पुरा भई ७० वर्ष ननाघेकोलाई २५% सम्म
- ७० वर्ष पुरा भई ७५ वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई ५०% सम्म
- ७५ वर्ष पुरा भएका ज्येष्ठ नागरिकलाई ७५% सम्म

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा ७५ वर्ष उमेर पुरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गम्भीरता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिनसक्ने व्यवस्था दफा १२ को उपदफा (२) मा उल्लेख गरिएको छ।

ऐनको अधिकार प्रयोग गरेर ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ पनि जारी भई कार्यान्वयनमा रहेको अवस्था छ। हेरचाह केन्द्रमा राख्ने सम्बन्धी अन्य व्यवस्था, हेरचाह केन्द्रको निरीक्षण, हेरचाह केन्द्रको न्युनतम पूर्वाधार र सुबिधा सम्बन्धी व्यवस्था यो नियमावलीमा गरिएको छ।

३.२.४ अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा

अपांगता भएका व्याक्तिहरुको अधिकार सम्बन्धी महासन्धि (सिआरपीडी), २००६

सामान्य सिद्धान्त अन्तर्गत नैसर्गिक मर्यादा, आफनो बारेमा आफै निर्णय गर्न पाउने स्वतन्त्रता समेतको व्यक्तिको स्वायत्तता र व्यक्तिको स्वतन्त्रताको सम्मानलाई स्पष्ट रुपमा उल्लेख गर्नुको साथै समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरणलाई सुनिश्चित गरेको छ। यसैगरी मानवीय विविधता र मानवीयताको अंगका रुपमा रहेको अपांगता भएका व्यक्तिहरुको भिन्नताको सम्मान र स्वीकार्यता, अवसरहरुमा समानता र पहुँचलाई जोड दिएको छ। अपांगता भएका बालबालिकाको क्षमता तथा पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान रहेको छ, त्यस्तै स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार, सम्पत्तिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रर्वद्धन, स्वास्थ्य र शिक्षाको अधिकार (सांकेतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने), आफ्नो ईच्छा अनुसारको व्यवसायिक वा व्यवहारिक शिक्षा, अवसर र छात्रवृत्ति, सार्वजनिक संरचना, सार्वजनिक यातायात र स्थानहरुमा पहुँचको अधिकार, उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार, गरिबी निवारणका लघुवित्तीय योजना, राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार, सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार, गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार, सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार जस्ता अधिकार रहेका छन्।

धारा १३ *न्यायमा पहुँच*: साक्षीको रुपमा लगायत प्रत्यक्ष वा अप्रत्यक्ष सहभागीको रुपमा अनुसन्धानात्मक तथा अन्य प्रारम्भिक चरणहरुमा अपांगता भएका व्यक्तिहरुको प्रभावकारी भूमिकामा सहजता प्रदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुले कार्यविधिगत तथा उमेर अनुसारका अनुकुलताहरुको माध्यमबाटसमेत अन्य व्यक्तिहरु सरह समान आधारमा अपांगता भएका व्यक्तिहरुलाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्ने,

अपांगता भएका व्यक्तिहरुको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने पक्ष राष्ट्रहरुले प्रहरी, कारागारका कर्मचारी लगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरुको लागि उपयुक्त प्रशिक्षण प्रवर्द्धन गर्ने।

अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४

अपांगता भएका व्यक्ति विरूद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपांगता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपांगता भएका व्यक्तिको अधिकार स्थापित गर्न अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन बनेको देखिन्छ। अपांगता भएका नागरिक व्यक्तिको परिभाषा गर्दै अपाංगता भएका व्यक्तिहरूले सार्वजनिक जीवनमा पाउने अधिकार, सुविधा र सहुलियतका बारेका व्यवस्थाहरू ऐनको परिच्छेद-३ मा

गरिएका छन् । महिला तथा बालबालिकाहरुको लागि थप अधिकारहरुको व्यवस्था गरिएको छ । अपांगता भएकाव्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीयसञ्चार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवातथा सुविधाहरूमा सहज पहुँचको अधिकार सुनिश्चित गरेको देखिन्छ । अपांगता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायताको व्यवस्था गरेको छ । अपांगता भएका व्यक्ति निजका परिवारका सदस्य वा संरक्षकले अपांगता भएको व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिको दायित्व पूरा गराउन अपांगता भएका व्यक्ति रहे बसेको जिल्ला अदालतमा निवेदन गर्न पाउने व्यवस्था गरेको पाईन्छ ।

अपाङ्गता भएका व्यक्ति सम्बन्धी न्यायिक दृष्टिकोण

राजेन्द्र दुलाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[24] भएको मुद्दामा निजामती सेवा ऐन, २०४९ मा भएको अपाङ्गका लागि छुट्ट्याइएको ५ प्रतिशत भन्ने व्यवस्थामध्ये २.५ प्रतिशत अर्थात् आधा कोटा दृष्टिविहीन अपाङ्गको लागि आरक्षण गर्ने गरी दृष्टिविहीन अपाङ्गका हितका लागि आवश्यक सबै कानूनी प्रबन्ध गर्नु गराउनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने दावी रहेकोमा, सबै प्रकारका अपाङ्गलाई राज्यको तर्फबाट संरक्षण सेवा सुविधा प्रदान गरिनुपर्ने कुरामा विवाद हुन सक्तैन । तर सबै प्रकारका अपाङ्गहरूलाई एउटै धरातलमा राखी समान व्यवहार गर्दा असमान हुनजान्छ जुन समानताको सिद्धान्तको मूल मर्मको विपरीत हो । यस अर्थमा **अपाङ्गहरूबीच पनि अपांगताको आधारमा वर्गीकरण गरी सोही बमोजिमको संरक्षणको आवश्यकता छ भन्ने कुरामा पनि दुईमत हुन नसक्ने भनी** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ को देहाय (ङ) मा अपाङ्ग व्यक्तिहरूको लागि छुट्याइएको पाँच प्रतिशत पदमा अपांगता भएका व्यक्तिहरूको स्थिति हेरी विवेकसम्मत मापदण्ड कायम गरी मनासिब आधारमा निजामती सेवामा पदपूर्ति गर्ने मापदण्ड तयार गरी कार्यान्वयन गर्नु **भन्ने सिद्धान्त प्रतिपादन भएको**देखिन्छ ।

माधवप्रसाद चम्लागाई वि नेपाल सरकार[25] भएको मुद्दामा राज्यले सबै नागरिकलाई भेदभाव रहित समान व्यवहार गर्नुपर्छ । अपांगता भएका व्यक्तिहरू क्षमता विहिन व्यक्ति नभई फरक क्षमताभएका व्यक्तिहरू हुँदा त्यस्ता व्यक्तिहरूको क्षमता, दक्षता र तत्परता समेतमा प्रश्न उठाइ त्यस्ता ब्यक्तिहरू प्रति पुर्वाग्रही बनी राज्यबाट त्यस्ता ब्यक्तिहरूको क्षमताको अवमूल्यन गर्नु संवैधानिक तथा अन्तर्राष्ट्रिय विरुद्धको मान्यता विपरित हुने ।

अपांगता भएका व्यक्तिहरूलाई पर्वतारोहणका लागि अनुमति नै नदिने गरी भएको कानूनी व्यवस्था समानताको सिद्धान्त विपरित भई भेदभावपूर्ण रहेको र सो व्यवस्थाले अपांगता भएका व्यक्तिहरूको आत्म सम्मान पूर्वक तथा मर्यादित जीवन यापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच कायम हुने अवस्थालाई निरुत्साहित गर्ने, त्यस्ता व्यक्तिहरूको मानवीय संवेदनशिलतामा आघात पार्ने आत्मसम्मान पूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच कायम हुने अवसरबाट बञ्चित गरी तर्जुमा गरेको देखिएको हुँदा पर्वतारोहणसम्बन्धी नियमावली २०५९को नियम ३ को उपनियम २ (क) को खण्ड (ग) को व्यवस्था कायम गर्न सक्ने नदेखिँदा उक्त खण्ड (ग) को कानूनी व्यवस्था निर्णय भएको मितिबाट अमान्य र बदर हुने गरी निर्णय गरेको पाइन्छ । खारेज भएको व्यवस्थामा *दुबै हात वा खुट्टा नभएको वा दुवै आँखाले देख्न नसक्ने* भन्ने व्यवस्था रहेको थियो । जसलाई पर्वतारोहणका लागी नियमावलीले अनुमति प्रदान नगर्ने व्यवस्था गरेको

---

[24] ने का प २०७२ अङ्क १ नि नं ९३२०, उत्प्रेषण/ परमादेश

[25] ने का प संबैधानिक इजलास खण्ड २०७६ नि नं ००२३

थियो। यस निर्णयबाट अपांगता भएको व्यक्तिले चाहेमा निजहरुले पनि अरु सरह पर्वतारोहण गर्न पाउने भै उनीहरुको क्षमता र आत्मसम्मानमा अभिवृद्धि हुन जाने देखिन्छ।

कानूनी सहायता ऐन, २०५४

कानूनी सहायता ऐन नेपालको न्यायको पहुँचमा कोसेढुङ्गाको रूपमा रहेको छ। असक्षम, गरिव तथा असमर्थ पक्षलाई सहयोग गर्ने उद्देश्यले प्रस्तुत ऐन आएको देखिन्छ। कानूनी सहायता सम्बन्धी ऐन, २०५४ अनुसार कानूनी सहायता समितिको निर्णयबमोजिम बार्षिक रूपमा चालिस हजारभन्दा कम आय भएका व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने लगायतको व्यवस्था गरेको पाइन्छ। लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई आयको सीमाहद नलाग्ने गरिएको छ। अन्य विशेष ऐनमा भएको व्यवस्था बमोजिम पनि कानूनी सहायता सम्बन्धी व्यवस्था लागू हुन्छ। अदालतमा पनि कानूनी सहायता अन्तर्गत बैतनिक वकीलको व्यवस्था गरिएको छ। कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ समेत जारी भई लागू भैरहेको अवस्था छ। यो ऐन तथा नियमावली शुरुमा पाँच जिल्लामा मात्र लागू रहेकोमा २०६६ साल असोज १ गतेदेखि नेपाल राज्यभर लागू भैसकेको अवस्था छ। तथापी कानूनी सहायताको क्षेत्र बिस्तार भैसकेको, स्वेच्छिक निःशुल्क कानूनी सहायता निर्देशिका लागु भैसकेको, छरिएर रहेका कानूनी सहायता सम्बन्धी व्यवस्थाहरुलाई एकीकृत गर्न आवश्यक भएको, कानूनी सहायतालाई थप प्रभावकारी र पारदर्शी बनाउन आवश्यक भएको कारणले एकीकृत कानूनी सहायता नीति, २०७६ लागू भैसकेको सन्दर्भमा उल्लेखित कानूनमा पनि परिमार्जन हुनु आवश्यक देखिन्छ।

३.३ अदालतको कार्यविधि सम्बन्धमा

मुलुकी देवानी कार्यविधि संहिता, २०७४

देवानी मुद्दाको दायरी, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्थालाई समाहित गरी देवानी कार्यविधि संहिता जारी भएको देखिन्छ।

संहिताको दफा ५२ र ५३ मा बालक वा होस ठेगानमा नरहेको व्यक्तिलाई हदम्याद प्रारम्भ हुने कुरामा केही छूट हुने गरी व्यवस्था गरिएको छ। तर नाबालक वा होस ठेगानमा नरहेको व्यक्तिको हकमा कानूनबमोजिम निजको संरक्षक वा माथवरले कानूनको हदम्यादभित्र फिराद गर्न पाउनेछ। यसैगरी फिराद दर्ता गर्नु पर्ने महिला सुत्केरी भई हदम्याद गुज्रेकोमा वा कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्नेभई वा अचानक कुनै कडा रोग लागेको कारण हिँडडुल गर्न नसकेकोले अस्पतालमा भर्ना भई उपचाररत रहनु परेको अवस्थामा दफा ५९ को अधीनमा रहीअदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ।

अदालती शुल्क नलिई मुद्दा हेरिन सक्नेः देहायका कुनै अवस्थामा न्यायाधीशले कारण सहितको पर्चा खडागरी पूर्ण वा आंशिक रूपमा अदालती शुल्क पछि लिने गरी फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदाबी दर्ता गर्ने वा मुद्दा पुनरावलोकन वा दोहोऱ्याईहेर्ने आदेश दिन सक्ने व्यवस्था दफा ६५ मा छः–

(क) अदालती शुल्क तिर्नु पर्ने व्यक्तिले आफ्नो आर्थिक अवस्था अत्यन्तकमजोर भई लाग्ने अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएकोकारण जनाई अदालतमा दिएको निवेदन जाँचबुझ गर्दा विश्वास गर्नु पर्ने कुनैमनासिब आधार भएमा,

(ख) अदालती शुल्क तिर्नु पर्ने व्यक्तिको मुद्दा परेको सम्पत्ति बाहेकअन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिल गर्न असमर्थ छ भनी सम्बन्धितस्थानीय तहबाट सिफारिस भई आएमा वा त्यस्तो व्यक्तिको सोही व्यहोराको निवेदनअदालतमा परी जाँचबुझ गर्दा विश्वास गर्नु पर्ने मनासिब आधार भएमा।

साक्षी बुझ्न सक्नेः शारीरिक अस्वस्थताकाकारणले अदालतमा उपस्थित हुन नसक्ने वा अतिवृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारणअदालतमा उपस्थित हुन नसक्ने साक्षीलाई अदालतले निवेदन माग बमोजिम कर्मचारी खटाई वा श्रव्य–दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सक्ने व्यवस्था दफा १८१ र १८२ मा छ।

मुद्दा दोहोऱ्याउनेः कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदननलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा सर्वोच्चअदालतले बालक, महिला, अपांगता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वापचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकीइन्साफमा तात्विक असर गरेको अवस्थामा दोहोऱ्याउने हेर्न सक्ने व्यवस्था दफा २१९ मा छ।

गुज्रिएको म्याद वा तारिख थामिने अवस्थाः देहाय बमोजिमको काबू बाहिरकोपरिस्थिति उत्पन्न भई म्याद वा तारिख गुज्रिएको अवस्थामा म्याद वा तारिख थामिन सक्ने व्यवस्था दफा २२५ मा छः-

- अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,
- अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वाहिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भईनेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा पन्ध्र दिन।

नाबालक, अशक्त तथा वेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्नेः नाबालक, उमेर पुगेको भएपनि वृद्धावस्थाको कारणले अशक्त भएको, दृष्टिविहीन, बोल्न नसक्ने, होस ठेगानमा नरहेको वा वेपत्ता भएको व्यक्ति वा निज आफैँले नसकेको अवस्थामा त्यस्तो व्यक्तिको तर्फबाट संरक्षक वा माथवरले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिन सक्ने व्यवस्था दफा २६७ मा छ।

सुनुवाई खुला इजलासमा गर्नुपर्नेः अदालतले मुद्दाको सुनुवाई खुला इजलासमा गर्नु पर्छ। तर पारिवारिक सम्बन्ध, नाता कायम, विवाह वा सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा बन्द इजलासबाटसुनुवाई हुनुपर्ने कारण खुलाई मुद्दाको पक्षले दिएको निवेदनको व्यहोरामनासिब देखिएमा वा अदालतले बन्द इजलासबाट नै कुनै मुद्दाको सुनुवाई हुनमनासिब देखेमा अदालतले त्यस्तो मुद्दा बन्द इजलासमा सुनुवाई गर्न आदेशदिने व्यवस्था दफा २६८ मा छ।

पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्नेः कुनै पक्ष वा साक्षीको परिचयसार्वजनिक गर्दा त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपरप्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वाभय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमात्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा निजकोपरिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न सम्बन्धित पक्षले अदालतलाईअनुरोध गर्न सक्ने व्यवस्था दफा २७६ मा छ।

मुलुकी देवानी कार्यविधि नियमावली, २०७५

यस नियमावलीमा दर्ता वा दरपीठ सम्बन्धी व्यवस्था, म्याद तामेली, प्रारम्भिक सुनुवाइ सम्बन्धी व्यवस्था, साक्षी सम्वन्धी व्यवस्था, बन्द सबाल पूर्व सुनुवाई छलफल, मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने आदि व्यवस्था गरेको पाइन्छ। त्यस्तै गरी मुलतवी सम्बन्धी, पुनरावेदन सम्बन्धी, फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था, मृत्युको न्यायिक घोषणा

सम्बन्धी व्यवस्था, दर्ताद्वारा बिवाह सम्बन्धी व्यवस्था संरक्षक वा माथवर नियुक्ति सम्बन्धी व्यवस्था, पक्ष वा साक्षीको व्यक्तिगत पहिचान गोप्य राख्ने सम्बन्धी व्यवस्था समेत गरेको पाइन्छ।

मुद्दामा लगातार कारबाही र सुनुवाई गरिनेः अनुसूची -१० माउल्लेख भएका देहायका मुद्दाको हकमा प्रतिउत्तर परेपछि वा पर्ने अवधि समाप्त भएपछिलगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछ। तर लगातार कारबाही र सुनुवाई नहुने मुद्दासँग लगाउमा रहेको भए त्यस्तो मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने छैन।

- मानाचामल सम्बन्धी मुद्दा,
- नाता कायम सम्बन्धी मुद्दा,
- ज्येष्ठ नागरिक र बालबालिका वादी भएको अंश मुद्दा,
- नाबालकसँग भेटघाट गराइपाऊँ भन्ने मुद्दा,
- नाबालक जिम्मा लगाइपाऊँ भन्ने मुद्दा,
- धर्मपुत्र-धर्मपुत्री भेटघाट सम्बन्धी मुद्दा,
- संरक्षक माथवर नियुक्ति सम्वन्धी मुद्दा,
- बालबालिकाको हेरचाह स्याहार सम्भार सम्बन्धी मुद्दा,
- मातृत्व र पितृत्व निर्धारण सम्बन्धी मुद्दा,
- मातृक तथा पैतृक अख्तियारी सम्बन्धी मुद्दा,
- सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरु।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

पहिले मुलुकी ऐनमा देवानी, फौजदारी कार्यविधिका व्यवस्थाहरू रहेकोमा २०७४ सालमा संहिता कानून जारी भएपछि कार्यविधि पनि देवानी र फौजदारी गरी छुट्टाछुटैरूपमा आएको पाइन्छ।

कसूरसँग सम्बन्धित ब्यक्ति पक्राउ गर्न सकिनेः दफा ९ बमोजिम कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनुपर्नेछ। तर पक्राउ गर्नुपर्ने अवस्थामा तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशिलताको सम्मान गर्दै पुरुष प्रहरी कर्मचारीले पक्राउ गर्न वाधा पर्ने छैन।

अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधिः दफा १४ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेको ब्यक्तिलाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सक्नेछ।

बयान लिने र सोधपूछ गर्नेः दफा १६ मा अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएको ब्यक्तिसँग अनुसन्धान अधिकारीले आवश्यक सोधपुछ गर्न सक्नेछ। तर बालबालिका वा शारीरिक रुपमा असमर्थ भएको ब्यक्तिसँग सोधपुछ गर्नु परेमा निज रहे बसेकै ठाउँमा नै गई सोधपुछ गर्न सकिनेछ।

खानतलासी गर्न सकिनेः दफा १८ मा खानतलासी गर्दा महिला मात्र रहने वा बस्ने गरेको घर कोठाको खानतलासी लिनु परेमा सम्भव भएसम्म अन्य महिलालाई समेत साथमा लिई घरभित्र प्रवेश गरी खानतलासी लिनु पर्ने व्यवस्था छ। तर कुनै महिलाको शरीरको तलासी लिनु पर्दा महिला प्रहरी वा त्यस्तो महिला प्रहरी तत्काल उपलब्ध नभएमा अन्य कुनै महिलाद्वारा तलासी लिन लगाउन सकिनेछ।

भौतिक प्रमाण परीक्षण गर्नु पर्नेः कुनै कसूरको प्रकृतिबाट कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नु परेमा पाएसम्म महिलाचिकित्सकद्वारा र त्यस्तो चिकित्सक उपलब्ध नभएमा महिलाको रोहवरमा पुरुषचिकित्सकबाट गराउनु पर्नेछ।

पीडित राहत कोषमा दाखिला गर्नेः खास किसिमका सानातिना कसूरमा मुद्दा नचलाउने निर्णय गर्नुअघि सरकारी वकिलले कसूरको बिगो जफत गरी जफत गरिएको बिगो कसूरबाट पीडित ब्यक्ति रहेछ भनेनिजलाई र नभएमा कानून बमोजिम स्थापित पीडित राहत कोषमा दाखिला गर्नु पर्नेछ।

जाहेरबाला वा पीडितलाई सूचना दिनुपर्नेः मुद्दा नचलाउने निर्णय भएकोमा जाहेरवाला वा पीडितलाई तत्कालत्यसको सूचना यथाशिघ्र दिनु पर्नेछ।

छुट्टै उजुरी दिनसक्नेः कुनै कसूरबाट हुन गएकोक्षतिपूर्तिका लागि अपांगता भएको ब्यक्ति, बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेकोब्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको ब्यक्तिले उजुर गर्न पाउनेकुराको सम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनैहकवाला वा संरक्षकले अभियोग पत्र पेश गरेको साठीदिनभित्र छुट्टै उजुरी दिनसक्नेछ।

उजुरी गर्न सक्नेः बहिरा, दृष्टिविहीन बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेको ब्यक्तिवा शारीरिक वा मानसिक रोगले असमर्थ भएको ब्यक्तिले उजुर गर्न पाउने कुराकोसम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वासंरक्षकले उजुरी दिन सक्ने व्यवस्था दफा ५३ मा छ।

समाह्वान जारी गर्ने कार्यविधिः अदालतमा उपस्थित हुनुपर्ने ब्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिनको समाह्वान जारी गर्नुपर्छ।

अभियुक्तलाई धरौटी वाजमानत लिई तारिखमा छोड्न सक्नेः दफा ६७ मा दश वर्षभन्दाबढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वामानसिक रोग लागी अशक्त भएको वा सात महिनाभन्दा बढीकी गर्भवती महिला वापचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वाजमानत लिई तारिखमा छोड्न सक्ने व्यवस्था छ।

धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने आधारः अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति, अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति, असहाय वा अशक्त ब्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको आधारमा धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्दा विचार गरी तोक्नु पर्छ।
पाँच वर्षसम्म कैदको सजाय हुन सक्ने कसूरको अभियोग लागेको महिलासुत्केरी भएको वा अन्य कुनै कारणले गर्दा तोकिएको तारिखमा अदालतमा उपस्थितहुन नसक्ने भएमा वारिस नियुक्त गर्न अनुमति दिन सकिने विशेष व्यवस्था दफा ९५ मा छ।

साक्षी वा पीडितको संरक्षण गर्नेः दफा ११४ मा अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा साक्षी रहेको कुनै ब्यक्तिलाईअदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामाखतरा रहेको

छ भन्ने लागेमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ र त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुने व्यबस्था छ।

यसैगरी कुनै खास कसूरबाट पीडित ब्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमारहेका ब्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डरत्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्नसक्ने सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्ता साक्षी वा पीडितको संरक्षणगरिदिनु पर्नेछ।

मुद्दाको पुर्पक्ष खुला इजलासमा गर्नु पर्नेः अदालतले मुद्दाको पुर्पक्ष गर्दा खुला इजलासमा गर्नु पर्नेछ। तर जासुसी, मानव बेचबिखन तथा ओसार पसार, यौनजन्य कसूर, बालबालिकाअभियुक्त वा पीडित भएको मुद्दा, महिला बिरुद्धको हिंसा, जवर्जस्ती करणी, हाडनाता करणी वा पती पत्नीबिच चलेको मुद्दा वा अदालतले बन्द इजलासमासुनुवाई गर्न उचित देखी आदेश गरेको अन्य मुद्दाको पुर्पक्ष बन्द इजलासमाहुन सक्नेछ र त्यस्तो इजलासमा अदालतले त्यस्तो मुद्दासँग सम्बन्धित पक्ष, सम्बन्धित कानून व्यवसायी, अदालतका कर्मचारी र अदालतले आवश्यक देखेका अन्यब्यक्ति बाहेक अरुलाई प्रवेश निषेध गर्न सक्नेछ।

कैदमा राख्नु पर्नेः कसूरदारलाई कानून बमोजिम कैदमाराख्नु पर्ने व्यवस्था दफा १५८ मा छ। तर अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई नेपालसरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नुपर्नेछ।

अनुवादकको सहयोग लिन सक्नेः नेपाली भाषा नबुझ्ने वा बोल्ननसक्ने कुनै अभियुक्त वा साक्षीको बयान वा बकपत्र लिनु परेमा वा अन्य कुनैप्रयोजनको लागि आवश्यक भएमा अनुसन्धान अधिकारी, अभियोजनकर्ता वा अदालतलेसम्बन्धित भाषा वा साङ्केतिक भाषाको अनुवादकको सहयोग लिन सक्नेछ।

पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिनेः कुनै खास कसूरबाट पीडित ब्यक्ति वासाक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो ब्यक्ति वा साक्षीको सामाजिकप्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वाअन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो ब्यक्ति वासाक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्यकुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले अदालतलाईअनुरोध गर्न सक्ने व्यवस्था दफा १८३ मा छ। यसरी अनुरोध भएकोमा अदालतले त्यस्तो पीडित ब्यक्ति वासाक्षीको नाम, थर, वतन, निजको बाबुको नाम वा निजको परिचय गोप्य राख्ने गरीआदेश दिन सक्नेछ।

निर्देशिका बनाउन सकिनेः यस संहिता बमोजिम सम्पादन हुने कामकारबाहीलाई सरल, स्पष्ट र सुव्यवस्थित गर्न आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सकिने व्यवस्था छ।

मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

यस नियमावलीमा न्यायाधीशको अनुपस्थितिमा पक्राउ पुर्जी जारी गर्ने अनुमति सम्बन्धी व्यवस्था, हकवाला वा संरक्षकले उजुरी गर्न अनुमति लिनु पर्ने, साक्षी वा पीडितको संरक्षण, बन्द इजलासबाट हेरिने मुद्दाको गोपनीयता सम्बन्धी व्यवस्था, बालबालिकाको व्यक्तिगत पहिचान गोप्य राख्ने लगायतका अन्य व्यवस्था रहेको पाइन्छ।

हिरासतमा राख्ने अनुमति दिँदा विचार गर्नुपर्ने कुरा: हिरासतमा रहेको अभियुक्त विशेष हेरचाह गर्नुपर्ने गर्भवती वा सुत्केरी महिला, बालबालिका, बृद्ध अवस्था वा बिरामी वा अन्य कुनै प्रकारको अशक्त देखिए आवश्यक हेरचाहको व्यवस्था गर्न आदेश दिनु पर्नेछ।

बन्द इजलासबाट हेरिने मुद्दाको गोपनीयता: बन्द इजलासबाट हेरिने मुद्दाका कागजातको प्रतिलिपि बादी, प्रतिबादी, पीडित तथा निजको कानून व्यवसायी बाहेक अरुलाई दिनु हुँदैन। साथै, इजलासबाट हेरिएका मुद्दाको पीडितको व्यक्तिगत परिचय खुल्ने गरीकुनै सञ्चार माध्यम मार्फत समाचार सम्प्रेषण गर्न वा अन्य कुनै प्रकारलेव्यक्त गर्न हुँदैन।

बालबालिकाको व्यक्तिगत परिचय गोप्य राख्ने: बालबालिका प्रतिबादी भई चलेको नेपाल सरकार बादी भएको वा अदालतलेउपयुक्त ठहऱ्याएको मुद्दामा त्यस्ता बालबालिकाको व्यक्तिगत परिचय गोप्यराख्नु पर्नेछ।

मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने: नेपाल सरकार बादी भई चलेको देहायका फौजदारी मुद्दाको हकमा सबैप्रतिबादी उपस्थित गराइएकोमा वा प्रतिबादी उपस्थित हुने अवधि समाप्त भएपछिलगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछः-

- जबर्जस्ती करणी सम्बन्धी कसूर,
- भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर,
- गर्भ संरक्षण विरुद्धको कसूर,
- व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर,
- अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर,
- सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका कसूर।

न्याय प्रशासन ऐन, २०७३

यस ऐनले तीन तहका अदालतहरूको स्थापना गरी क्षेत्राधिकार, बन्द इजलास, बन्दीप्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्ने बिशेष व्यवस्था सहित अन्य न्याय प्रशासनसम्बन्धी व्यवस्था समेत गरेको पाइन्छ।

मुद्दा दोहोऱ्याई हेर्ने सम्बन्धी व्यवस्था: उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा बालक, महिला, अपांगता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वापचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकीइन्साफमा तात्विक असर गरेको अवस्थामा सर्वोच्च अदालतलेमुद्दा दोहोऱ्याई हेर्न सक्नेछ।

मुद्दा हेर्दाको प्राथमिकताक्रम: अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछः-

(क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,
(ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,
(ग) कैदमा रहेको पक्षको मुद्दा,
(घ) अपांगता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा,
(ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा,
(च) महिला बिरुद्धको हिंसा सम्बन्धी मुद्दा,
(छ) जातीय भेदभाव तथा छूवाछूत सम्बन्धी मुद्दा,
(ज) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,

(झ) माना चामल सम्बन्धी मुद्दा,
(ञ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,
(ट) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा।

अपराध पीडित संरक्षण ऐन, २०७५

नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रकृयाको अभिन्न अंगको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरुप व्यहोर्नु परेको क्षति बापत पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गरी पीडितको हक हितको संरक्षण गर्नु प्रस्तुत ऐनको उद्देश्य रहेको छ। फौजदारी न्यायिक प्रक्रियामा पीडितलाई स्वच्छ व्यवहार पाउनेअधिकार, भेदभाव विरुद्धको अधिकार, देहायका कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा गोपनीयताको अधिकार हुनेछ :-

(क) जबरजस्ती करणी,
(ख) हाडनाता करणी,
(ग) मानव बेचविखन,
(घ) यौन दुर्व्यवहार,
(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूर

पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने व्यवस्था रहेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४

नेपालको संविधानको धारा २१७ बमोजिम स्थापित न्यायिक समितिको अधिकारक्षेत्र यस ऐनले तोकेको छ। न्यायिक समितिलाई मेलमिलापको माध्यमद्वारा र तोकिएका मुद्दाहरूको हकमा निर्णय गरी विवादको निरुपण गर्न पाउने क्षेत्राधिकार प्रस्तुत एनले गरेको पाइन्छ। न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग, न्याय सम्पादनको प्रक्रिया साथै कार्यपालिकाले न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्ने लगायतको व्यवस्था प्रस्तुत ऐनमा गरिएको पाइन्छ। न्यायिक समितिले गर्दा न्यायको पहुँच ग्रामीण तथा जनताको घर दैलो सम्म पुगेको पाइन्छ।

सर्वोच्च अदालत नियमावली, २०७४

सर्वोच्च अदालत नियमावली, २०७४ मा गरिएका मुख्य मुख्य व्यवस्थाहरु यसरी उल्लेख गरिएको छ।

म्याद तारिख थाम्न सकिने : अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रिट निवेदनमध्ये बन्दीप्रत्यक्षीकरणको निवेदनमा एकपटक मात्र बढीमा सात दिन र अन्य प्रकारका निवेदनमा एकपटक मात्र बढीमा पन्ध्र दिनसम्मको म्याद तारिख थमाउन सकिनेछ।

तर म्याद तारिखमा हाजिर हुनु पर्ने व्यक्ति किरियामा बस्नु परेको वा महिला भए सुत्केरी भएको कारणबाट म्याद तारिख गुज्रेमा किरिया समाप्त भएको वा सुत्केरी भएको मितिले वा अन्य कुनै बेहोराले यातायातको साधन नचलेको वा भुकम्प जस्ता दैवी प्रकोप परेको कारणले म्याद तारिख गुज्रेमा बाटो खुलेको वा यातायात चलेको वा दैवी परेकोमा सो भएको मितिले बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र हाजिर भई प्रमाणसहित निवेदन दिएमा त्यस्तो म्याद तारिख थामिदिन सकिनेछ।

दैनिक मुद्दा पेसी सूची : नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजलास समक्ष मुद्दा पेस हुँदा देहायको क्रममा पेस गरिनेछः-

(क) तामेली, मिलापत्र, पुनरावेदन वा निवेदन फिर्ता, बयान, बकपत्र, फैसला वा आदेश संशोधन, मुद्दाको कार्यविधिमा उत्पन्न कठिनाइका कारण इजलाससमक्ष पेस गर्नु पर्ने (साधसोध) मुद्दा, विपक्षी हटाई पाउँ र सुनुवाइमासरिक हुन पाउँ भन्ने विषयका निवेदन, सजाय माफी पाउँ भन्ने निवेदन, साधक, निर्णय सुनाउन पेसी तोकिएको मुद्दा, वारिस राख्न अनुमति पाउँ भन्नेनिवेदन, तामेलीबाट जगाई पाउँ भन्ने निवेदन,

(ख) बन्दीप्रत्यक्षीकरण,

(ग) हेर्दा हेर्दैको मुद्दा,

(घ) अ.वं. १७ नं. अन्तर्गत दायर भएका थुनुवाका निवेदन,

(ङ) अन्तरिम आदेश सम्बन्धी निवेदन,

(च) अन्तरकालीन आदेश सम्बन्धी निवेदन,

(छ) अन्तरिम आदेश र अन्तरकालीन आदेश खारेज गरिपाउँ भन्ने निवेदन,

(ज) अ.वं. १७ नं. अन्तर्गत दायर भएका अन्य निवेदन,

(झ) कोर्ट फीको सुविधा पाउँ भन्ने निवेदन,

(ञ) मुख्य रजिस्ट्रार वा रजिस्ट्रारको आदेश उपरका निवेदन,

(ट) मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन,

(ठ) इजलासबाट सुनुवाइको मिति तोकिएको मुद्दा,

(ड) विदेशी पुनरावेदक वा अभियुक्त थुना वा कैदमा रहेको मुद्दा,

(ढ) खण्ड (ठ) बाहेकका पुनरावेदक वा अभियुक्त थुना वा कैदमा रहेको मुद्दा,

(ण) बालबालिका पक्ष विपक्ष भएको मुद्दा,

(त) पचहत्तर वर्ष नाघेका वृद्ध तारिखमा रहेका मुद्दा,

(थ) शारीरिक अशक्तता भएको व्यक्ति तारिखमा रहेका मुद्दा,

(द) महिला वादी, पुनरावेदक वा प्रत्यर्थी भएका माना चामल, सम्बन्धविच्छेद, न्वारान गराई पाउँ, नाता कायम गराई पाउँ, अंश वा घरेलु हिंसामुद्दा,

(ध) विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा,

खास मुद्दाको सुनुवाइ बन्द इजलास बाट हुनेः जासुसी, बालबालिका, करणीसम्बन्धी, मानव बेचबिखन, नाता कायम, सम्बन्ध विच्छेद मुद्दा तथा अन्यकानूनले बन्द इजलासबाट हेरिने भनी तोकिदिएका मुद्दा वा खुल्ला इजलासबाटसुनुवाइ गर्न मनासिब नभएकोले बन्द इजलासबाट सुनुवाइ गर्ने भनी आदेश भएकामुद्दाको सुनुवाइ बन्द इजलासबाट हुनेछ।

वैतनिक कानून व्यवसायीको नियुक्ति : आफूले कानून व्यवसायी राख्ननसक्ने असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउन अदालतमा आवश्यक सङ्ख्यामा वैतनिक कानून व्यसायी रहनेछन्।

स्वेच्छिक कानूनी सहायता सम्बन्धी व्यवस्थाः असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरूलाई स्वेच्छिक कानूनी सहायता)प्रो बोनो सेवा (उपलब्ध गराउन अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

उच्च अदालत नियमावली, २०७३

प्रस्तुत नियमावलीमा देहायको मुद्दाहरूले देहायको क्रममा अग्राधिकार पाउने व्यवस्था गरिएकोछ।

(क) बन्दीप्रत्यक्षीकरण,
(ख) हेर्दाहेर्दै बाँकी रहेको मुद्दा,
(ग) पुनरावेदक वा अभियुक्त थुना वा कैदमा परेको मुद्दा,
(घ) बालबालिका, वृद्ध, महिला तथा अशक्त एवं असहाय व्यक्ति वादी भएको मुद्दा,
(ङ) परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छाको माग गरी दायर भएको निवेदनहरू तथा निषेधाज्ञा जारी गरिपाउँ भन्ने निवेदन,
(च) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दा,
(छ) मध्यस्थता ऐन, २०५५ अन्तर्गतका निवेदनहरू,
(ज) यो नियमावली प्रारम्भ हुँदाका बखत अदालतमा विचाराधीन रहेका करार ऐन, २०५६ को दफा ८७ अन्तर्गतका निवेदनहरु,
(झ) अंश वा माना चामलसम्बन्धी मुद्दा,
(ञ) विदेशी नागरिकसंग सम्बन्धित मुद्दा, र
(ट) मुद्दाको प्रकृतिबाट चाँडो किनारा हुन आवश्यक छ भन्ने लागी मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश वा मुद्दा हेर्ने इजलासले अग्राधिकार दिई हेर्ने आदेश भएका मुद्दा।

जिल्ला अदालत नियमावली, २०७५

साप्ताहिक पेसी सूचीमा प्रकाशित भएका मुद्दाहरुकोदैनिक मुद्दा पेसी सूची तयार गर्दा देहायको क्रममा तयार गर्नु पर्ने व्यवस्था रहेको छः

(क) बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
(ख) कसूर ठहर भइ सजाय निर्धारणको सुनुवाईको लागि पेश हुने मुद्दा,
(ग) हेर्दाहेर्दैको मुद्दा,
(घ) थुनुवा वा कैदी भएको मुद्दा,
(ङ) निषेधाज्ञाको निवेदन,

(च) सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउ बाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा,
(छ) बेवारिसे बालबालिकाको मुद्दा,
(ज) पचहत्तर वर्षमाथिको बुढा बुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारिखमा रहेको मुद्दा,
(झ) महिला वादी भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा,
(ञ) पूर्व आदेशानुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा,
(ट) अंश वा माना चामल सम्बन्धी मुद्दा,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५

अदालतमा पेश गरिने सजायपूर्वको प्रतिवेदनमा ऐनमा उल्लेखभएका कुराहरुका अतिरिक्त देहायका विषय समेत उल्लेख गर्नु पर्नेछः–

- कसूरदारको शैक्षिक, आर्थिक, शारीरिक र मानसिक अवस्था, पेशा, व्यवसाय जस्ता व्यक्तिगत क्षमता र हैसियत,
- कसूरदारको पारिवारिक स्थिति र दायित्व, सामाजिक सम्बन्ध, परिवारकासदस्यहरुको शिक्षा र चेतनाको स्तर, सांस्कृतिक मूल्य, मान्यता, परम्पराजस्ता सामाजिक र सांस्कृतिक पृष्ठभूमि ।

पीडित र कसूरदारले क्षतिपूर्ति लिने दिने सहमति गरेमा सोहीबेहोरा खुलाई अदालतमा संयुक्त निवेदन दिनु पर्नेछ । यसरी पेश भएको निवेदन बेहोरा मनासिब देखिए अदालतलेनिवेदन बमोजिम क्षतिपूर्ति भराईदिने आदेश गरी क्षतिपूर्ति लिने दिने पक्षकोकागज गराई मिसिल संलग्न गर्नु पर्नेछ ।

क्षतिपूर्ति भराई दिनु पर्नेः कुनै कसूरको परिणाम स्वरुप पीडितकोजीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति बापतअदालतले कसूरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरुलाई विचार गर्नु पर्ने व्यवस्था रहेको छः–

(क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,
(ख) पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,
(ग) कसूरदारको आर्थिक श्रोत र अवस्था,
(घ) पीडित तथा निजमा आश्रित व्यक्तिको अवस्था,
(ङ) अदालतले उपयुक्त ठहऱ्याएका अन्य कुरा ।

फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६

सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको जेय्ष्ठ नागरिकलाई जेय्ष्ठ नागरिक सम्बन्धी कानूनबमोजिम कैद कट्टा गर्न सकिने व्यवस्था रहेको छ । तर बालबालिका विरुद्धको यौन शोषण वा हिंशा सम्बन्धी कसूरमा सजाय पाएको र बहुविवाहको कसूरमा सजाय पाएको जेय्ष्ठ नागरिक भए पनि कैद छुटको सुविधा प्रदान गर्न सकिदैन । यो प्रावधानले जेय्ष्ठ नागरिकलाई छुटको सुविधा निरपेक्ष नभै सापेक्ष रहेको देखिन आउछ ।

फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७

पीडितलाई अदालतको आदेशद्वारा उपलव्ध गराउने अन्तरिम क्षतिपूर्ति राहत वा क्षतिपूर्ती व्यवस्थित रुपमा उपलब्ध गराउने कार्यविधिको व्यवस्था गर्न यस नियमावलीको तर्जुमा गरिएको पाइन्छ। यस नियमावलीको मुख्य व्यवस्थाहरु निम्न बमोजिम रहेका छन्।

- कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि मुख्य रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको रजिष्ट्रारको अध्यक्षतामा एक कोष सञ्चालक समिति रहने व्यवस्था रहेको पाइन्छ ।
- अदालतबाट पीडितलाई कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने गरी आदेश वा फैसला भएकोमा त्यस्तो आदेश वा फैसला बमोजिमको क्षतिपूर्ति वा राहत प्राप्त गर्न चाहने पीडितले अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला अदालतमा निवेदन दिनु पर्ने व्यवस्था रहेको छ।
- कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएको वा कसूर स्थापित भई कसूरदार कायम हुन नसकेको वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएको कारण अदालतले कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम भराउने आदेश गरेकोमा त्यस्तो रकम पाउनको लागि पीडितले जिल्ला अदालतमा निवेदन दिनु पर्ने व्यस्था रहेको छ। अभियुक्त पत्ता नलागेको कारण मुद्दा दायर हुन नसकेका पीडितले पनि राहत उपलब्ध गर्ने व्यवस्था रहेको छ।
- कोषबाट उपलब्ध गराउने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको प्रयोजनको लागि पीडितलाई अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम वर्गीकरण गरी दफा ३३ मा भएको व्यवस्थाको आधारमा पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन बाधा पर्ने छैन। तर दफा ३४ प्रतिकूल हुने गरी पीडितलाई कोषबाट राहत वा क्षतिपूर्ति उपलब्ध गराइने छैन।

पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्ने, कसूरदारले फैसलाबमोजिमको रकम ३५ दिन भित्र कोषमा जम्मा गर्नु पर्ने, दोहोरो पर्ने गरी राहत वा क्षतिपूर्ति उपलब्ध नगराइने व्यवस्था रहेको छ। यस नियमावली लागू भएपछि अदालतको आदेशद्वारा पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको रकम उपलब्ध गराउन मार्गप्रशस्त गरेको पाइन्छ।

परिच्छेद - चार
न्यायमा पहुँचका अवरोधक तत्वहरु

४.१ पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले पहिचान गरे अनुसार न्याय प्रकृयामा ढिलाई, खर्चिलो प्रक्रिया र कानून व्यवसायीको सेवा, अधिकारको दुरुपयोग, विद्यमान कानूनमा नै उपलब्ध सेवाहरुको सीमितता, लैङ्गिक रुपमा विभेदपूर्ण कानून, समाजका असमर्थ वर्गलाई संरक्षण गर्ने गरी कानून नहुनु, शिक्षाको कमी, कमजोर आर्थिक अवस्था, औपचारिकतामा आधारित न्यायिक प्रक्रिया आदि न्यायमा पहुँचका लागि मुख्य अवरोध तत्वहरु हुन्[26]। लक्षित वर्गहरुलाई न्याय प्राप्त गर्ने सन्दर्भमा देखिएका समस्याहरुका रुपमा यस्तै खालका अवरोधक तत्वको उल्लेख गरेको पाइन्छ। कानुनको अनविज्ञता क्षम्य हुँदैन भन्ने सिद्धान्त भए तापनि नेपालको सन्दर्भमा कानून र न्यायिक प्रक्रियाबारेमा सर्वसाधारणलाई जानकारीको कमी हुनुलाई न्यायमा पहुँचको प्रमुख अवरोधका रुपमा लिइएको छ। तर विकसित मुलुकले मुद्दा प्रक्रियामा लाग्ने खर्च र अत्याधिक समय एवम् प्रक्रियागत जटिलतालाई न्यायमा पहुँचको प्रमुख समस्या मानेको पनि देखिएको छ।[27]

यसैगरी न्याय महँगो हुनु, अदालतको प्रकृया लामो हुनु, ढिलो न्याय पाउनु, फैसला समयमा कार्यान्वयन नहुनु, गरिब, महिला, पिछडिएको वर्ग र समुदायको न्यायमा सहज पहुँच नहुनु, जाहेरी दरखास्त दर्ता गर्न आनाकानी गर्नु, प्रभावकारी रुपमा अपराध अनुसन्धानको कार्य नहुनु, कानूनी र कार्यविधिगत जटिलता हुनु न्यायिक प्रक्रिया बारे जानकार नहुनु जस्ता परिस्थितिहरु विद्यमान छन्।[28] साथै, अदालतमा स्रोतसाधनको कमी, अनुसन्धान र अभियोजनमा त्रुटी हुनु, सर्वसाधारणको न्याय प्रतिको अनविज्ञता, न्यायिक सूचना प्रवाहमा कमी, न्यायिक प्रक्रिया अनुमानयोग्य नहुनु, विभेद हुनु, न्यायपालिकामा हस्तक्षेप हुनु जस्ता कमी कमजोरीले गर्दा मुद्धाका पक्ष तथा सरोकारवालाहरुले सहज रुपमा न्याय प्राप्ति गर्न सकिरहेका छैनन्।[29]

यसरी हेर्दा औपचारिक न्याय प्रणालीमा लक्षित वर्गहरुको न्यायमा पहुँचको अवस्थालाई प्रभावित गर्ने तत्वहरुको सूची लामो हुनसक्छ। तथापी यो अध्ययन अनुसन्धानको मुख्यक्षेत्र नै लक्षित बर्गहरुको न्यायमा पहुँचका लागि कानुनी तथा प्रक्रियागत अबरोधक तत्वहरुको पहिचान गर्नु भएकोले अघिल्ला परिच्छेदहरुको पृष्ठपोषण समेतका आधारमा लक्षित बर्गहरुको न्यायमा पहुँचका लागि आधारभूत एवं साझा रुपमा रहेका कानुनी तथा प्रक्रियागत अबरोधक तत्वहरु र विशेष एवं पृथकपृथक रुपमा रहे वा देखिएका अबरोधक तत्वहरु गरी दुई भागमा विभाजन गरी प्रस्तुत अध्यायमा विश्लेषण गरिएको छ।

---

26 Access to Justice: Practice Note, UNDP, 2004. P. 4

27 Report of the National Consultation on Access to Justice for Survivors of Trafficking in Nepal, Kathmandu, 2007, Global AllianceAgainst Trafficking in Woman, P. 2.

28 Advocacy Forum, “Yashoda Sharma: A wife’s fight for justice, a report carried out by Advocacy Forum”, 2019: http://www.advocacyforum.org/downloads/pdf/publications/impunity/yashoda-sharma-a-wife-fight-for-justiceenglish.pdf

29 See Margot Dankner, Teresa Taylor and Monica Youssef, Georgetown University Law Center, Confidentiality and the Legal Process: Leveraging Legislation and Policy to Protect Nepal’s Most Vulnerable Victims (Fall 2011). “Consider this: In survey of victims in the United States, all victims surveyed said that it was “important” or “very important” that what they said or shared with a sexual assault crisis advocate be kept confidential.” Joanna Zannoni, U.S. Dep’t of Justice, Strengthening Sexual Assault Victims’ Right to Privacy (2008),

४.१.१ आधारभूत एवं साझा अबरोधक तत्वहरु

सामाजिक अवस्था

महिला, अपांगता भएका व्यक्ति, लागायतका लक्षित वर्गहरुको न्यायमा पहुँच कम हुनुको कारण सामाजिकिरण पनि हो । मुद्दामा संलग्न भएका सिमान्तकृत वर्गहरुलाई समाजले हेर्ने दृष्टिकोण नै नकारात्मक छ । यसका लागि मानवीय सोचमा परीवर्ततन हुनुपर्छ । महिलाहरुको न्यायमा पहुँचका लागि सामाजिक रीतिरिवाज, परम्परा, संस्कार, शिक्षाको कमी, भाषागत समस्या, भौगोलिक बिकटता, सामाजिक प्रभाव, दुरुत्साहन, इज्जत जाने डर, गोपनीयता भङ्ग हुने डर, पीडितको सुरक्षा, सामाजिक सुरक्षा तथा आफूलाई कमजोर ठान्नु आदि विषयहरु कारक छन् । पीडितको इच्छा विपरीत गाउँमै मुद्दा मिलाउने प्रवृत्ति छ । महिला हिंसा विरुद्धको गम्भीर मुद्दालाई पनि समुदायमा मिलाउने प्रवृत्ति रहेकाले यसबाट दण्डहीनता बढ्दै गएको छ ।

अदालतको क्षेत्राधिकार

क्षेत्राधिकार न्यायमा पहुँच स्थापित गर्ने एक महत्वपूर्ण आधार हो । अदालत वा न्यायिक निकायको स्पष्ट क्षेत्राधिकारवाट नागरिकलाई आफ्नो न्याय खोज्ने स्थलको पहिचान हुन जान्छ । नेपालको संविधानले संघीय राज्यको परिकल्पना गरी सबै अधिकार तल्लो तहसम्म पुर्‍याउन उल्लेखनीय भूमिका निभाएको देखिन्छ । तर संविधानमा उल्लिखित स्थानीय अदालत स्थापना हुन सकेको छैन । न्यायपालिकाको पदसोपानमा रहने गरी स्थानीय न्यायिक निकायको स्थापना हुनसके ग्रामीण तहसम्म पनि न्यायमा पहुँच स्थापना हुनजाने देखिन्छ । जिल्ला अदालत पुनरावेदकीय अदालतको रूपमा पनि स्थापित भएको छ । उच्च अदालत संघीय राज्यमा प्रदेशको माथिल्लो अदालत भएको हुनाले सार्वजनिक सरोकार, संवैधानिक प्रश्न[30] तथा विशेष अवस्थामाबाहेक उच्च अदालतबाट मुद्दाको अन्त्य हुन वाञ्छनीय छ । मुद्दा दोहोर्‍याई हेर्नका लागि उच्च अदालतमा नै तीन न्यायाधीशको इजलाश गठन गर्न सकिन्छ । संविधानमा संघीयता अनुरूप उच्च अदालतको क्षेत्राधिकार विस्त ार हुन नसके पनि विगतको पुनरावेदन अदालतको भन्दा केही हदसम्म थप भएको छ । संघीयताको परिप्रेक्ष्यमा उच्च अदालतको क्षेत्राधिकारलाई पुनरावलोकन गरी प्राय: नियमित मुद्दाहरूको अन्तिम अदालत बनाउन आवश्यक देखिन्छ । कर्मचारीको मुद्दा हेर्न प्रशासकीय अदालतको कानून निर्माण भएको अवस्था तथा उच्च अदालतलाई क्षेत्राधिकार थप गरी सर्वोच्च अदालतले संवैधानिक तथा जटिल कानूनी प्रश्न उत्पन्न भएका मुद्दा, उच्च अदालतबाट सर्वोच्च अदालतले हेर्न अनुरोध भइ आएमा तथा राष्ट्रिय प्रकृतिका मुद्दाहरू मात्र सर्वोच्च अदालतले हेर्ने व्यवस्था गरी स्थानीय, जिल्ला, उच्च र सर्वोच्च चार तहको न्याय व्यवस्था सञ्चालन गर्न सकिएमा जनताको न्यायमा पहुँच हुनुका साथै सर्वोच्च अदालतमा रहेको मुद्दाको चाङ हट्न जान्छ । यसो हुन सकेमा आफ्नो नजिकको भौगोलिक अदालतबाट जनताले न्याय पाउँदछ र नेपाल जस्तो सानो देशमा सर्वोच्च अदालतमा ठूलो न्यायिक जनशक्ति आवश्यकता पर्ने पनि देखिँदैन ।

महँगो र खर्चिलो न्याय

अदालती शुल्क: पक्षले दावी गरेको सम्पत्ति वा रकमको कानून बमोजिम कोर्ट फी राख्नुपर्ने तथा अदालतवाट अन्तिम फैसला नभएसम्म फिर्ता लैजान नपाइने हुन्छ । यसरी आफ्नो सम्पत्ति आँफै उपयोग गर्न बन्देज लगाइएको अवस्था छ । धनी

---

30 ने.का.प. २०७६, अंक ६, नि.नं.१०२९४ –"संवैधानिक प्रश्न" भित्र "कानूनी प्रश्न" सन्निहित हुने र कानूनी प्रश्नमा संविधानको आयामसमेत हुने हुँदा केही थप शब्दावलीहरू प्रयोग भयो भन्दैमा उच्च अदालतलाई धारा १४४(१) अन्तर्गत र सर्वोच्च अदालतलाई धारा १३३(२) द्वारा प्रदत्त अधिकार सारभुत रूपमा फरक रहेको भन्न नमिल्ने ।

र गरिवलाई एउटै कित्तामा राखी समानताको आधारमा कोर्ट फ ी लिने व्यवस्था गर्दा यसबाट गरिवलाई न्याय पर्ने देखिंदैन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६५ मा अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको आर्थिक अवस्था अत्यन्त कमजोर भई अदालती शुल्क पूर्ण वा आंशिक बुझाउन असमर्थ भएको व्यक्तिले बुझाउनु पर्ने अदालती शुल्क पछिलिने गरी न्यायाधीशले फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदाबी आदि दर्ता गर्ने आदेश दिनसक्ने व्यवस्था गरेको देखिन्छ । तर आर्थिक रूपमा कमजोर पक्षलाई "अदालती शुल्क पछिलिने गरी" भन्ने कानुनी व्यवस्थाले गर्दा पूर्णरूपमा छुट हुन सक्ने देखिंदैन ।

मुलुकी देवानी कार्यविधि संहिताको दफा ८३ मा अदालती शुल्क लागेको मुद्दामा जित्ने पक्षले बुझाएको अदालती शुल्क हार्ने पक्षबाट फैसलाबमोजिम भराई लिन सक्ने, अदालती शुल्क धेरैजना पक्ष भएकोमा समानुपातिक हिसाबले भराइ दिनुपर्ने, जे जुन अवस्थामा अदालती शुल्क हो सोहीअनुसार जिते जतिमा लाग्ने ठहरिएको अदालती शुल्क भराइ लिन पाउने व्यवस्था रहेको पाइन्छ । अदालती शुल्क भराउने भए पनि अरू लागेको खर्च भराउन सक्ने अवस्था प्रस्तुत दफामा देखिँदैन । अनाहकमा मुद्दा गरी खर्च, तनाव, झन्झट बढाइ दिएको पक्षबाट लागेको खर्च भराउने व्यवस्था नहुँदासम्म मुद्दा गरी दु:ख दिइरहने अवस्थाको अन्त्य हुन सक्दैन । त्यसैले अरू खर्च पनि भराइ दिने व्यवस्था हुन वाञ्छनीय देखिन्छ ।

दै दस्तुरसम्बन्धी: विपन्न र गरिव वर्गलाई कागजातको फोटोकपी लिन थप आर्थिक भार पर्ने हुन्छ । फैसला कार्यान्वयनको अढाइ दस्तुर जित्ने पक्षले हार्ने पक्षमाथि लगाउनु ठिक देखिए पनि कानून जित्ने पक्ष विरुद्धको देखिन्छ ।

म्याद तामेली: मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ को उपदफा २२ मा म्याद तामेलीका लागि विभिन्न उपदफामा उल्लिखित कार्यविधि अवलम्बन गर्दा पनि सम्बन्धित व्यक्तिको नाममा म्याद तामेल हुन नसकेको बेहोराको प्रतिवेदन तामेलदारबाट प्राप्त भएमा र प्रतिवेदनको बेहोरा मनासिब देखिएमा अदालतले त्यस्तो व्यक्तिको नामको म्याद राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न आदेश दिनेछ । त्यसैगरी दफा ११४ मा ठेगाना पत्ता नभएको व्यक्तिको गाउँ, सहर र टोल लेखिएको भए सोही ठेगानामा र गाउँ, सहर र टोल पनि पत्ता नलागेको भए सोही बेहोरा जनाई अदालतको सूचना पाटीमा टाँस गरी राष्ट्रिय स्तरका दैनिक पत्रिकामा सूचना प्रकाशन गरी म्याद तामेल गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ । त्यस्तै दफा १९७ (५) मा सूचना तामेल हुन नसकेमा मुद्दामा उपस्थित नरहेको पक्षको जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रिकामा एकतर्फी फैसला भएको सूचना प्रकाशनगर्ने व्यवस्था रहेको देखिन्छ । यसरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्दा पक्षको आर्थिक व्ययभार बढ्न जाने देखिन्छ । कानूनले नै पक्षको खर्च हुने गरी न्याय नै खर्चिलो बनाउन उचित देखिँदैन ।

धरौटीको सम्बन्धमा: न्यायिक वा अर्धन्यायिक निकायको आदेशबमोजिम माग भएको धरौटी तिर्न नसकी थुनामा बसेका व्यक्तिहरूको स्थिति हेर्दा, माग भएको धरौटी रकमको आधारमा हेर्दा ५ हजार भन्दा कम धरौटी रकम बुझाउन नसकी थुनामा बस्ने व्यक्तिको संख्या ४.२९%, ५-१० हजारसम्म धरौट बुझाउन नसकी थुनामा बस्ने व्यक्तिको संख्या २२.९७% र १०-५० हजारसम्मको बिचको धरौटी माग रकम बुझाउन नसकी थुनामा रहेका व्यक्तिहरू २६.७७% रहेको देखियो । [31]

कानून व्यवसायीको फी: नेपालमा न्यायमा पहुँचको लागि रहेका प्रमुख वाधकहरू मध्येको एउटा कानून व्यवसायीले लिने फी पनि हो । नेपालमा कानून व्यवसायीको फी कति हुने हो कुनै कानूनद्वारा तोकिएको छैन । कुनै निर्देशिका पनि छैन र

---

31 न्यायिक वा अर्धन्यायिक निकायको आदेशबमोजिम माग भएको धरौटी तिर्न नसकी थुनामा बसेका व्यक्तिहरूको अध्ययन प्रतिवेदन, २०७२

कतैबाट नियन्त्रित पनि छैन। कानून व्यवसायीले एउटा मुद्दामा उसले सेवा दिए वापत कति फी लिने भन्ने कुराको उल्लेख कहीं कतै नभएकोले कानून व्यवसायीको फी अनिश्चत र अपारदर्शी हुँदै गएको छ। जति लिए पनि जे गरे पनि हुने अवस्था छ। यसबाट पक्ष/पीडित झन पीडित बन्न गएको अवस्था छ। [32] यसकारण न्यायको पहुँचमा अवरोध खडा गरेको छ। यसले अराजकताको अवस्था पनि सृजना गरेको छ। कहिलेकाही पक्ष त कानून व्यवसायीको फीकै कारण मुद्दा नगरी अन्याय सहेर बस्नु पर्ने वा फीकै कारण बीचैमा मुद्दा छाडिदिएको पनि सुनिन्छ। यस्तो अवस्थामा अब के गर्ने? यसलाई कसरी कानूनको दायरामा ल्याउने? यसलाई कसरी नियमित गरी पक्षको न्याय पाउने अधिकारलाई सुनिश्चित गर्ने जस्ता मुख्य प्रश्नहरू हाम्रो अगाडि रहेको छ।

कानूनी सहायता र प्रतिनिधित्व

२०७२ सालमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको अध्ययनमा, न्यायिक प्रक्रिया वारेको जानकारी सम्बन्धी तथ्याङ्कवाट ३२.४ प्रतिशतलाई निशुल्क कानूनी सहायताको उपलव्धताको वारेमा जानकारी भएको र ७६.७ प्रतिशतलाई अदालतमा न्यायिक प्रक्रिया वारेमा जानकारी दिइने गरेको बताएको[33] देखिन्छ। यसवाट महिलालगायतको लक्षित वर्गको निशुल्क कानूनी सहायताको उपलव्धताको वारेमा जानकारी न्यून रहेको देखियो। सर्वोच्च अदालतको २०१५ सालको फुलकोर्टवाट वैतनिक अधिवक्ताको व्यवस्था हुँदै विकसित हाम्रो Legal Aid Movement मा कानूनी सहायता ऐन, २०५४ तथा नियमावलीसमेत निर्माण भई सकेका छन्। लिलामणिपौडेल[34] को मुद्दामा निश्चित मुद्दा तोकेर ती मुद्दाहरूमा कानूनी सहायता प्रदान नगर्ने गरी कानूनी सहायता नियमावली बनाइएकोमा सो व्यवस्थालाई संविधान तथा ऐनको उद्देश्य विपरीत अप्रत्यायोजित वढि अधिकार दिएको भनी नियम ६ को उपनियम २ सर्वोच्च अदालतवाट अमान्य र वदर घोषित भएको थियो। कानूनी सहायतालाई संवैधानिक तथा कानूनी संरक्षण प्राप्त भएको अवस्थामा निशुल्क कानूनी सहायताको व्यवस्था हरेक स्थानीय तहसम्म पुर्‍याउनु पर्ने देखिन्छ। अदालत, वार, सरकारी वकिल, नेपाल प्रहरी लगायतका निकायहरूवीच यथोचित समन्वय हुन वाञ्छनीय छ। वैतनिक कानुन व्यावसायीको सेवालाई लक्षितबर्गमैत्री, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन सकिएको छैन। यसको साथै स्वेच्छिक कानूनी (Pro bono) सेवा र आफ्नो मुद्दामा आफै प्रतिनिधित्व गर्ने सम्बन्धी कानूनी संरचनालाई पनि संस्थागत गर्न सकिएको छैन। एकीकृत कानुनी सहायता सम्बन्धी नीति, २०७६ निर्माण भईसकेको अवस्थामा कानुनी सहायता कानुनमा आवश्यक संशोधन हुन सकेको छैन।

दोभाषेको सुविधा नहुनु

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २० (घ) मा बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने व्यवस्था छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २७४ मा अदालतले नेपाली भाषा नबुझ्ने कुनैपक्ष वा साक्षीको बयान वा बकपत्र गराउनु परेमा वा अन्य कुनै प्रयोजनको लागि सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सक्ने व्यवस्था छ। तर दोभाषेको सुबिधा सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन।

---

32 http://www.unafei.or.jp/english/pdf/RS_No80/No80_23PA_Parajuli.pdf

33 महिलाको न्यायमा पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन, २०७२ राष्ट्रिय न्यायिक प्रतिष्ठान काठमाण्डौं (२०७२)

34 ने का प २०६०, अङ्क ५, नि. नं. ७२१४

न्याय प्रणालीप्रतिको विश्वास

न्यायमा पहुँचको लागि न्याय प्रणाली नै प्रमुख आधार हो । न्यायिक निकाय स्वतन्त्र, निष्पक्ष र सक्षम हुनुपर्छ भन्ने सैद्धान्तिक अवधारणा रहेको पाइन्छ । यही सैद्धान्तिक आधारमा कुनै नागरिक, पीडित वा अवसर वा पहुँच नभएको व्यक्ति वा वर्गले न्याय व्यवस्थामा आफूलाई समाहित गरेको हुन्छ । स्वच्छ सुनुवाई, पुनरावेदनको व्यवस्था, निश्चित विधि र प्रक्रियाको अवलम्वनवाट नै न्याय व्यवस्था माथि विश्वास कायम हुनजान्छ । साँच्चिकै अदालत व्यवहारमा स्वतन्त्र, निष्पक्ष र सक्षम छन् छैनन् भन्ने कुरालाई लक्षित वर्गले न्याय पाए वा पाएनन भन्ने कुराहरूको आधारमा पनि मापन गर्न सकिन्छ । न्याय प्रणाली सम्पूर्ण न्याय व्यवस्थाको आधार हुने हुनाले न्याय प्रणालीप्रति नागरिकको विश्वास, सोचले पनि महत्वपूर्ण स्थान ग्रहण गर्दछ । जनआस्थाको अभिबृद्धि पनि यसैगरी हुने हो ।

लक्षित वर्गले न्यायिक निकायसम्मको पहुँच प्राप्त गरेका छन छैनन? न्याय प्रणालीमा वाधक तत्व के रहेका छन्? त्यसको सम्बोधनवाट न्याय व्यवस्था सुधार हुनुका साथै न्यायमा पहुँच स्थापित हुन जान्छ । मुद्दाको अनुसन्धान गर्ने, अभियोजन गर्ने निकायहरुको व्यवहार, कार्यशैली, विधि र प्रक्रियाले पनि न्यायमा पहुँचको अवस्थालाई चित्रण गर्ने गर्छ । फौजदारी मुद्दाको उठान प्रहरी कार्यालयबाट हुने भएकाले अदालतको निष्पक्षता, स्वच्छता तथा सक्षमताले मात्र पुग्दैन । न्यायका अवयवहरूमा पनि चुस्तता तथा न्याय उन्मुखता आवश्यक पर्दछ ।

पृथक अदालतको स्थापना

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(१) मा बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था भए तापनि जिल्ला अदालतको कुनै न्यायाधीशलाई तोक्ने गरेको पाइन्छ । दफा ३२ मा मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष भएपनि त्यस्तो बाल अदालतबाटै कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ भन्ने व्यवस्था, दफा २६ मा छिटो र स्वच्छ न्याय प्राप्त गर्ने अधिकारको व्यवस्था, दफा ३७ मा एक सय बीस दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ भन्ने र मुद्दाको कावाही र किनारा गर्दा निरन्तर सुनुवाइको आधारमा गर्नु पर्नेछ भन्ने व्यवस्था भए पनि तोकिएको समयमा बालबालिका संलग्न भएको मुद्दाको कारबाही किनारा भएको पाइदैन । अदालतमा हुने कार्यबोझ छुट्टै अदालतको संरचना र भवनको अभावमा नियमित अदालतको नियमित प्रक्रिया बमोजिम नै सुनुवाइ र किनारा गरेको पाइन्छ ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७५/०७६ मा[35] बालबालिका संलग्न भएका जम्मा मुद्दाको लगत ४३०३ कायम भएकोमा २६४८ फर्छ्यौट भई १६५५ थान बाँकी रहेको देखिनुले नै ऐनले तोकेको समयमा मुद्दा फर्छ्यौट हुन सकेको देखिँदैन । १०० भन्दा बढी मुद्दा भएका जिल्ला १३ रहेकोमा ती सबै जिल्लामा छुट्टै बाल अदालत गठन हुन सकेको छैन । यसमध्ये मोरङ जिल्ला अदालतमा मात्र ६८१ बालबालिका संलग्न रहेका मुद्दा रहेको पाइन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको उमेर १६ बाट १८ कायम गरेको अवस्थामा आगामी दिनमा यो संख्या झनै बढ्ने निश्चित छ । उल्लिखित संख्या हेर्दा बालबालिका वादी प्रतिवादी भएको मुद्दाको कारबाही सुनुवाइ र किनारा गर्दा ऐनले तोकेको प्राथमिकताको कार्यान्वयन भएको पाइदैन । बालबालिका समावेस भएका मुद्दा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ बमोजिम न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल बिशेषज्ञले सामुहिक रुपमा गर्नुपर्ने व्यवस्था भएकोमा सर्वोच्च अदालतबाट

[35] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७५/०७६

विभिन्न अदालतहरु निरिक्षण गर्ने क्रममा सोबमोजिम नगरेको भनी कानूनमा भएका व्यवस्था बमोजिम गर्नु भनी निर्देशन दिएको पनि देखिन्छ। ऐ दफा ८३ ले बालबालिकाको उमेर कायम गर्ने आधार तोकेको पाइन्छ।

बालबालिकाको हकमा जसरी छुट्टै अदालत गठन गरी मुद्दा हेर्न सकिन्छ त्यसै गरी महिलाहरुको हकमा पनि छुट्टै अदालत गठन गरी मुद्दाको सुनुवाइ गर्नुपर्ने आवश्यकता रहेको छ तर सो बमोजिम गठन भएको पाइदैन।

छुट्टै महिला अदालतको स्थापना गर्नुपर्ने बारेमा सर्वोच्च अदालतबाट पनि आदेश भईसकेको अवस्था छ। महिला पीडित भएका सबै खाले मुद्दा र खास गरी घरेलु हिंसासम्बन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेरिँदा महिलाहरूले न्याय पाए पनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा Humiliate भएर न्याय प्राप्ति गर्ने अवस्था आउने भएकाले राज्यले महिला पीडित भएका सबैखाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र Humiliate नभई शुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नुपर्ने भनी महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गराइएको देखिन्छ। तर पृथक अदालत स्थापना हुन सकेको पाइँदैन।

शिक्षाको कमी

अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा नि:शुल्क शिक्षाको कल्पना यस ऐनले गरेको देखिन्छ। अपांगता भएका नागरिकलाई विशेष शिक्षा, आर्थिक रूपमा विपन्न, अपांगता भएका र दलित नागरिकलाई नि:शुल्क उच्च शिक्षा, प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने लगायतका व्यवस्था यस ऐनले गरेको देखिन्छ। माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने, बालबालिकालाई आधारभुत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने, पायक परेको विद्यालयमा अध्ययन गर्न पाउनु पर्ने, वैकल्पिक शिक्षा, अनौपचारिक तथा खुला शिक्षा, परम्परागत शिक्षा प्राविधिक शिक्षालगायतका व्यवस्थाहरु रहेका छन्। तर व्यवहारमा कानुनमा व्यवस्था भए बमोजिमको अनिवार्य तथा नि:शुल्क शिक्षाको अवस्था दयनीय देखिन्छ।

दृष्टिविहीन नागरिकलाई ब्रेललिपि र बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट शिक्षा पाउने अधिकार, विद्यालय बाहिर रहेका दलित, अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई विद्यालय भर्नासमेतमा व्यवस्था प्रस्तुत ऐनमा देखिन्छ।

शिक्षा नागरिकको हरेक अधिकारसँग सम्बन्धित रहन्छ। शिक्षा भएमा मात्र चेतना, योग्यता, क्षमता, सामर्थ्यपूर्ण हुन जाने हुनाले शिक्षा र न्यायका बिचमा सामन्जस्यता रहेको पाइन्छ। कानूनको ज्ञान, उपचारको खोजी, माध्यम लगायतका सबै कुरा शिक्षासँग जोडिएको हुन्छ। व्यक्तित्व निर्माण गर्ने कार्य शिक्षाले नै गर्ने हुँदा शिक्षाको अधिकार र न्यायमा पहुँचको सम्बन्ध रहेको पाइन्छ। जबसम्म शिक्षा प्राप्त गर्न लक्षित वर्गलाई समस्या देखिन्छ। न्यायसम्म पुग्न धेरै टाढा हुनजान्छ। घर नजिक विद्यालय नहुनु, आफूले जानेको भाषामा पढाइ नहुनु, भाषा नै प्रतिस्पर्धाको माध्यम बन्नु, ऐनले समाजवाद उन्मुखको कुरा गरेपनि शिक्षा क्षेत्रले लक्षित वर्गको क्षमता प्रस्फुटन गराई प्रतिस्पर्धी बनाउन नसक्नु, ऐनले परिकल्पना गरेका क्षमता पुरा गर्ने क्षमता राज्य संयन्त्रसँग नभएका कारणले अनिवार्य शिक्षाबाट लक्षित वर्ग वञ्चित रहँदासम्म न्यायमा पहुँचको आशा गर्न सकिदैन।

कानून, न्यायसम्बन्धी जानकारीको कमी

कहिलेकाँही कानूनको अज्ञानता र सूचनाको अनभिज्ञताको कारण पक्षले पैसा खर्च नै गर्नु नपर्ने अवस्थामा पनि पैसा खर्च गरेको हुन्छ भने कम खर्च गर्नुपर्ने ठाउँमा बढी खर्च गर्न पुगेको हुन्छ। यो सबै जागरूकता र कानूनमा साक्षरताको कमीको कारण हुन्छ। यसको लागि कानूनी साक्षरता (Legal literacy) को आवश्यकता पर्छ। यस्तो कानूनी साक्षरता विद्यालय, उच्च विद्यालय र विश्वविद्यालयको तहसम्म नै आवश्यकता पर्छ। त्यसको लागि पाठ्यक्रममा नै व्यवस्था गरी यो लागू गर्नुपर्छ भने आम मानिसहरूको लागि स्थानीय निकायमार्फत कानूनी साक्षरताको अभियान चलाउनुपर्छ।

कानूनको जानकारी छैन। अधिकार के हो? सो सम्म थाहा छैन।। यस्तो अवस्थामा न्यायमा पहुँच टाढाको कुरा हो। अदालतबाट न्याय पाइन्छ पाइदैन भन्ने कुरा पनि थाहा नभई पीडा सहेर बसेका हुन्छन्। त्यसकारण लक्षित वर्गलाई बिद्यमान कानूनी व्यवस्था र उपचारको बारेमा जानकारी गराउनु पर्ने देखिन्छ। अदालतमा निशुल्क कानूनी सहायता तथा अन्य सुविधाहरुको व्यवस्था भए तापनि जानकारीको कमी भएकाले यसलाई न्यायमा पहुँचको लागि अबरोधक तत्व मानिएको छ।

न्यायिक निकायमा पीडितमैत्री भौतिक संरचनाको अभाव

अदालतमा पीडितमैत्री कक्ष, महिला कक्ष वा साक्षीकक्षको अभाव छ। महिलाका लागि छुट्टै शौचालयको व्यवस्था नहुँदा महिला सेवाग्राहीलाई पर्ने अफ्ठ्यारोका कारण पनि न्यायको पहुँच कठिन भएको छ। अदालतमा बच्चालाई राख्न तथा स्तनपान गराउनको लागि छुट्टै कोठाको व्यवस्था नहुँदा महिलाहरु न्यायका लागि अगाडि आउनमा बाधा परेको छ। न्यायिक निकायको सोधपुछ कक्षमा महिला कर्मचारीको व्यवस्था गर्ने प्रत्येक अदालतहरुमा महिला इजलास व्यवस्था गर्नुपर्छ। काठमाडौं जिल्ला अदालतमा बच्चालाई स्तनपान गराउन छुट्टै कोठा रहेको देखियो भने अन्य अदालतमा यो सुविधा रहेको देखिएन।[36] अदालतका सेवाग्राहीहरु पीडित एवम् साक्षीको सुविधाका लागि विश्राम कक्ष रहेको तथा सो कक्षमा सम्भव भएसम्मका फर्निचरहरु, निशुल्क पिउने पानी, गर्मी ठाउँमा पङ्खाको व्यवस्थाहरु भएपनि उक्त व्यवस्था सबै अदालतमा समान रुपमा रहेको देखिदैन।[37] कुनै कुनै अदालतमा सहायता कक्ष व्यवस्थित नभएको तथा दक्ष कर्मचारीहरुलाई समेत सहायता कक्षमा नखटायर कार्यालय सहयोगी खटाएको पाईन्छ। प्रयाप्त स्थानाभाव, दक्ष जनशक्तिको अभाव आदि जस्ता कारणले सहायता कक्षको प्रभावकारिता सोचेजस्तो हुन सकेको पाइँदैन।

न्याय सम्पादनमा ढिलाई

ढिलो न्याय दिंदा अदालतप्रतिको विश्वासमा कमी आउँछ। मुद्दा दर्ता भएपछि फैसला हुने दिनसम्मको समय अनुमानयोग्य हुनुपर्छ। पीडित महिलाहरुका लागि मुद्दा सुनुवाइमा प्राथमिकता दिनुपर्छ। अदालतको पुरानो संरचनालाई आधुनिकिकरण र प्रविधियुक्त बनाउदै छिटो छरितो न्याय दिने वातावरण तयार पार्नुपर्दछ। कतिपय मुद्दाहरुमा वकिल सुरुमा मुद्दामा आउँदा जति क्रियाशिल हुन्छन् पछि त्यति क्रियाशील हुदैनन्। उचित समयमा महिलालाई न्याय नभएकोले सहज न्याय सम्पादनका लागि निरन्तर सुनुवाइ वा फास्टट्र्याक कोर्टबाट हेर्नुपर्दछ।

---

36 महिलाको न्यायमा पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन, २०७२ राष्ट्रिय न्यायिक प्रतिष्ठान काठमाण्डौं (२०७२) pg. 127.

37 ऐ.ऐ. pg. 128.

प्रमाण र कागजातको कमी

महिलाको नागरिकता, जन्म दर्ता, विवाह दर्ता जस्ता प्रमाण नभएकोले गर्दा न्याय पाउन सकेका छैनन् । बालबच्चा भएकोलाई पनि बाबुले स्वीकार नगरेको अवस्था छ र बालबच्चाले धेरै दु:ख पाएका छन् । महिलामा बिबाह दर्ता गराउनु पर्छ भन्नेबारेमा पनि राम्रोसँग ज्ञान नभएको अवस्था छ । पुरुष उपस्थित नभए पनि विश्वसनीयप्रमाणको आधारमा पनि विवाह दर्ता हुने र आमाको नागरिकताबाट पनि बालबालिकाको जन्मदर्ता हुने प्रावधान छैन । तराईमा विवाह दर्ता, नागरिकता, जन्म दर्ता नगराउने नदिने र गराइदियो भने यिनिहरु पनि सम्पतिको भागिदार हुन्छन भनेर धेरै नै अन्यायमा पारेको अवस्था छ । श्रीमानले दोस्रो विवाह गरेका कारण पनि पहिलो श्रीमतीका लागि कागजपत्र नबनाइदिने समस्या छ । यसले गर्दा अदालतले अंश पाउने गरी फैसला गर्दा पनि नागरिकताको अभावले गर्दा पाउन सकेका छैनन् । एकल महिलालाई यो समस्या अझ बढी छ । उनीहरुलाई सरकारले दिएको सेवा सुविधामा पनि घर परिवारका अन्य सदस्यले हस्तक्षेप गर्दछन् । [38]

कानूनी पहिचानको अभाव

नेपालको संविधानको नागरिकतासम्बन्धी प्रावधान तथा मौलिक हकका व्यवस्थाहरू समेतले आमाको नाउँबाट नेपाली नागरिकता पाउन सक्ने स्पष्टरूपमा देखिएको भए तापनि नागरिकता प्राप्त गर्न सकिरहेको अवस्था भने सहज देखिंदैन । सन्देश सिंह समेत वि. जिल्ला प्रशासन कार्यालय मोरङ समेत[39] मुद्दामा निवेदकहरूको आमा उमा भट्टराई बंशजको नागरिक भएको र निवेदकको जन्म नेपालमा भएको र निरन्तर नेपालमा बसिरहेको अवस्थामा हाम्रो बुबा सुरेश सिंहको घर ठेगाना केबल रोल्पाबाहेक अरू थाहा नभएको र बुबाको वास्तविक स्थिति १७ वर्षसम्म पत्ता नलागेको अवस्थामा नेपालको संविधानको भाग २ को धारा १०(१), ११(१), ११(२) को (ख),११(४), ११(५) विपरीत हुने गरी जिल्ला प्रशासन कार्यालय, मोरङकाले गरेको मिति २०७३।७।९ को कथित आदेश एवं निवेदकहरूलाई जानकारीमा नभएको लिखित आदेश भए सोसमेत नेपालको संविधानको धारा ४६ र १३३ को १, २, ३ बमोजिम उत्प्रेषणको आदेशले बदर घोषित गरी आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्न भनी परमादेशलगायत विपक्षीहरुको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिपाउँ भन्ने माग भएकोमा बंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेकी आमाबाट नेपालमा नै जन्मेका व्यक्तिले बंशजको आधारमा नागरिकता प्रमाण पत्र प्राप्त गर्न सक्ने अवस्था रहेको । जिल्ला प्रशासनले बंशजको आधारमा नागरिकता प्रमाण पत्र दिन इन्कार गरेको निर्णय बदर गरी आमाको नामको नागरिकताको प्रमाण पत्रको आधारमा नागरिकता दिनु भनी जिल्ला प्रशासन कार्यलयहरुमा परिपत्र गर्नू भन्ने परमादेश जारी भएको छ ।

कानुनमा आमाको नामबाट नागरिकता पाइने प्राबधान रहेको, साथै, आमाको नामबाट नागरिकता दिने दिलाउने व्यवस्था गर्नु भनी विभिन्न मुद्धामा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेशहरु पनि भएको अवस्थामा सोको कार्यान्वयन नभएको बेहोरा फैसला कार्यान्वयन निर्देशनालयको प्रतिवेदनबाट पनि स्पष्ट हुन्छ ।

अन्तरिम राहत तथा क्षतिपूर्ति

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा शारीरिक तथा मानसिक रूपमा अशक्त भएको कारण उपचार गराउनु पर्ने भएमा पछि पीडकबाट भराउने गरी सेवा केन्द्र वा महिला तथा बालबालिका कार्यालयबाट सो उपचार रकम उपलब्ध गराउने,

[38] Baseline report, DFID Integrated Programme for Strengthening Security and Justice (2016).

[39] नेकाप २०७४, अक ७,नि.नं. ९८४१

उपचार तथा मनासिव क्षतिपूर्ति रकम पीडितबाट भराईदिने, पीडितको लागि सेवा केन्द्रको स्थापना गर्न तथा सोको व्यवस्थापन र सञ्चालनको लागि तिनवटै तहको सरकारले सेवा कोष स्थापना गर्न सकिने व्यवस्थाहरु गरिएको छ। विश्वका कतिपय मुलुकमा यौनजन्य हिंशाबाट पीडित महिलाहरूका लागि न्यायिक उपचारको अधिकारको व्यवहारिक कार्यान्वयनलाई सहज बनाउन जाहेरी पर्ने बित्तिकै तत्काल उपयुक्त अन्तरिम राहत कार्यक्रमको व्यवस्था गरेको पाइन्छ। हाम्रो सन्दर्भमा पीडितका लागि केही राहतका कार्यक्रमहरू भएपनि प्रभावकारी हुन नसकेको, पीडितले राहत पाउने प्रक्रियासमेत अत्यन्त झन्झटिलो भएको कारणले त्यस्ता अपराधको सूचना प्राप्त हुने बित्तिकै अन्तरिम राहत रकम प्रभावकारी तवरले दिलाउने व्यवस्था अझै हुन सकेको छैन। साथै, हाम्रो समाजमा बलत्कारलगायतका यौनजन्य अपराध विरूद्ध जाहेरी नै नपर्ने र परिहाले पनि आर्थिक सामाजिक कारणले गर्दा पीडितले जाहेरी नै नदिने, न्यायिक प्रक्रियामा सक्रिय सहभागी हुन नसक्ने हुँदा दण्डहीनता मौलाउँदै गरेको देखिन्छ।

फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को परिच्छेद ६ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाको उल्लेख गरिएको छ। त्यस्तै दफा ४१(२) मा क्षतिपूर्ति निर्धारण गर्दा बिचार गर्नुपर्ने अधारहरु उल्लेख गरिएको छ। तर सो प्रावधानमा "पीडितको शारीरिक वा मानसिक अपाङ्गता"लाई गम्भीरता निर्धारण गर्ने बिषयलाई नजरअन्दाज गरेको छ।

फैसला / आदेश कार्यान्वयनमा ढिलाई

मुद्दा फैसला भए पनि कार्यान्वयन गर्ने क्रममा अन्य मुद्दाले झल्लिँदा लक्षितवर्गलाई न्याय पाउन समस्या भएको छ। फैसला कार्यन्वयनले निर्णयलाई यथार्थ दिने काम गर्छ र न्यायको अनुभूति दिलाउँछ[40]। तर फैसला कार्यन्वयन नहुँदा यसलाई न्यायमा पहुँचको वाधकका रुपमा हेरिएको छ।

संविधानको धारा १२६ मा न्यायसम्बन्धी अधिकार उल्लेख छ[41]। मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालन गर्नुपर्छ। अदालतले कुनै खास अवधीसम्म वा निवेदनको अन्तिम टुङ्गो नलाग्दासम्म आदेश जारी गरेको हुन्छ। अन्तरिम आदेश तुरुन्तै कार्यान्वयन हुनुपर्छ। तर कतिपय रीटहरुमा सरकारको नाममा अन्तरिम आदेश भएकोमा आदेशको कार्यान्वयन नभएको स्थिति रहेको पाईन्छ[42]। लकडाउनको अवधिमै पनि सर्वोच्च अदालतमा कोभिड –१९ को अवस्थामा क्वारेन्टिन महिला मैत्री , बालमैत्री हुनेपर्नेका साथै विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको क्वारेन्टिन हुनुपर्ने भनी आदेश भएकोमा सो आदेशको कार्यान्वयन नहुँदा न्यायमा पहुँचमा बाधक देखिएको छ[43]।

तालीम वा प्रशिक्षणको अभाव

तालीमले व्यक्तिको ज्ञान, सीप र क्षमता विकास गर्दछ। कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी उपकरणहरुमा महिला हिंसा विरुद्धको, बालबालिकाको हित तथा अपाङगमैत्री व्यवहारको सम्बन्धमा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अनिवार्य रुपमा तालीमको प्रवन्ध गर्नुपर्ने व्यवस्था गरिएको छ। तथापी यस्तोखालको तालीमको अभाव रहेको देखिन्छ। यसैगरी अदालतमा फैसला कार्यान्वयनमा प्रभावकारिताका लागि विशेष अभियान अन्तर्गत जिल्लाका न्यायाधीस, श्रेस्तदार, तहसिलदार एवम् प्रहरी प्रमुखहरुलाई थप अभिमुखीकरणको कमी रहेको देखिन्छ[44]।

---

40 Access to Justice: Practice Note, UNDP, 2004. P. 4.

41 नेपालको संविधान, धारा १२६

42 Programming for Justice: Access for All, A Practitioner's Guide to a Human Rights-Based Approach to Access to Justice, UNDP Bankok, 2005.P. 5.

43 नागरिक दैनिक (sharma) पृष्ठ ८

44 https://www.bbc.com/nepali/news-40253395 (accessed on july 2, 2020)

अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत[45] को रिट निवेदनमा पीडितलाई न्यायमा सहज वातावरण सिर्जना गर्नका लागि अन्तरिम राहत, क्षतिपूर्ति तथा अन्य संरक्षणात्मक तथा सहायतायुक्त कार्यक्रम तथा उपायहरूलाई विस्तार गर्नुपर्ने तथा प्रभावकारी बनाउनुपर्ने भनी नजिर प्रतिपादित भएको छ। महिला विरूद्ध भेदभाव गराउने प्रकृतिका कुनै पनि नियम, कानून, परम्परा तथा प्रचलनलाई सुधार गर्ने वा हटाउने गरी कानून बनाउने लगायतका उपायहरूको अवलम्बन गर्ने दायित्व सरकारको हो। यौन हिंसाका पीडितको न्यायमा पहुँच प्रचलित अन्तर्राष्ट्रिय कानूनमा पनि संरक्षित अधिकारको विषय हो। कानूनी उपचार सुनिश्चित गर्ने कार्य न्यायमा पहुँचको एउटा महत्त्वपूर्ण भाग हो। घटनाबाट पीडित भएपश्चात पीडितले न्याय प्रणालीमार्फत उपचारको खोजी तथा प्राप्त गर्ने सामर्थ्य गुमाएको अवस्थामा न्यायको पहुँचबाट वञ्चित भएको मानिन्छ।

अदालतप्रतिको नकारात्मक धारणा[46]

न्यायमा पहुँच भन्ने कुरा व्यवहारबाट नदेखिएसम्म न्ययालयप्रति विश्वास गर्ने अवस्था हुँदैन। मुस्कान सहितको अदालती सेवा भन्ने कुराको अनुभूति अदालतका कर्मचारी तथा न्यायाधीशले आम न्यायका सेवाग्राहीलाई दिलाउन सक्नु पर्दछ। उनिहरुको आचरण र व्यवहारलाई आम जनता तथा न्यायका उपभोक्ताहरुले चनाखो भएर हेरिरहेका हुन्छन्। गलत न्याय सम्पादन गर्नेलाई र न्यायाधीशहरुलाई पनि कारबाही गर्ने सक्षम निकाय हुनुपर्छ र अदालती काम कारवाहीको बारेमा सार्वजनिक सुनुवाइ गर्नुपर्छ। न्यायिक मूल्य र मान्यताहरुको परिपालना भएको आधार न्यायपालिकाले स्थापित गर्न सक्नुपर्छ। यी सबै कुरामा चुकेको न्यायपालिकाले आम सकारात्मक धारणा प्राप्त गर्न सक्दैन।

भ्रष्टाचार

न्यायिक सुशासनबिना न्यायमा पहुँच संभव छैन। न्यायपालिकामा भ्रष्टाचार भएमा न्यायमा सहज पहुँचको औचित्य नै समाप्त हुनजान्छ। स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न पनि भ्रष्टाचारमुक्त न्याय प्रशासनको जरुरी हुन्छ। सिद्धान्त र व्यवहार बिचमा खाडल भएमा पहुँच नभएको मान्नु पर्दछ। न्याय प्रणाली स्वच्छ, जवाफदेही र उत्तरदायीपूर्ण हुनु नै न्यायमा पहुँच हुनु हो।[47]

४.१.२ विशेष एवं लक्षित समुहगत रुपमा रहेका अबरोधक तत्वहरु

महिलाको संरक्षण र भूमिकाको सम्मान:

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१ग.(ख) मा "गर्भवती वा दुई वर्षमुनिको बच्चा भएका महिला कर्मचारीलाई निजले माग गरेको अवस्थामा बाहेक सरूवा गरिने छैन" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। सो व्यवस्थाबमोजिमको सुविधा प्राप्त नभएको भनी शान्ति बलमपाकी विरूद्ध स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत[48] को निवेदन उपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR)१९६६ को धारा १० ले शिशु जन्मनुअघि र पछिको उचित अवधिभर आश्रित बच्चाको निमित्त परिवारलाई विशेष

---

[45] ने का प २०७४ अङ्क १ नि नं ९७४१, परमादेश

[46] Yuba Raj Subedi and Soorya Prasad Pokharel, The Criminal Justice System of Nepal, Attorney General of Nepal 12 (2010).

[48] नेकाप २०७५ अं. ३ नि.नं. ९९७४

संरक्षण, सहयोग प्रदान गरिनु पर्दछ भनी बच्चा र आमाको पर्याप्त सामाजिक सुरक्षा र फाइदा बच्चाको हित र विकासलाई सम्बोधन गरेको, महिला विरूद्ध सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि, १९८९ को धारा १२ ले सबै उपयुक्त उपायभित्र गर्भधारणको समयको सेवा मात्र नभई स्तनपानको बेलासम्मको समय पर्दछ भनी उल्लेख गरेको देखिन्छ।

प्रकृतिले प्रदान गरेको गर्भधारण र बच्चा पाउने काम महिलाले गर्ने वास्तविकतालाई कसैले नकार्न सक्दैन साथै बालकको लागि आमाको साथ अत्यन्त नै महत्त्वपूर्ण रहेको हुन्छ। स्तनपान महिलाले मात्रै गराउन सक्ने भएकोले सानो दुधे बालक रहेको आमालाई राज्यले विशेष व्यवस्था गर्न आवश्यक रहने। राज्यस्तरबाट न त शिशु स्याहार केन्द्रकै व्यवस्थित व्यवस्था रहेको र आमाले बच्चा लिई खटिएको ठाउँमा जान र बच्चा स्याहार गर्न कठिन परिस्थिति आई रोजगारीको निरन्तरतामै असर पर्न जाने परिस्थितिमा महिला हतोत्साही हुने वा कामको निरन्तरता गर्न नसक्ने वा सेवामा प्रभावकारिता नरहने अवस्था सिर्जना हुन सक्दछ। यस्तो अवस्थाले विभेदपूर्ण परिणाम आउने हुँदा राज्यले लिएको नीति तथा कानूनअनुरूप राज्यका संरचनाहरूले आमाको सम्मान गर्न तथा सन्तान जन्माउने महिलाको भूमिकालाई सामाजिक भूमिकाको रूपमा मान्यता दिन यस्तो सानो बालबालिका रहेको अवस्थाका महिला कर्मचारीलाई उनको सहमतिविना सरूवा गर्न मिल्ने नदेखिने। दोहोरो भूमिकामा रहेकी महिलाका लागि राज्यको नीति कानून नियमले समेत स्पष्टरूपमा विशेष संरक्षण गरी महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीलाई सरूवा गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्थाको उल्लङ्घनले सन्तान जन्माउँदा महिलाको भूमिकालाई सम्मान गर्नुपर्ने प्राकृतिक सामाजिक मान्यता मात्र उल्लङ्घन भएको नभई संविधानको धारा ३८(२) प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हककै उल्लङ्घन भएको देखिने भनी ऐनले स्पष्ट रुपमा सरुवा गर्न निषेध गरेको अवस्थामा गरेको सरुवा लाई गैरकानूनी ठहर गरी महिला र बच्चाको संवैधानिक तथा कानूनी हकको पक्षमा आदेश गरेको अवस्था रहेको छ।

महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपुर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय सर्वसुलभ तथा पहुँच योग्य बनाउने उद्वेश्य सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले लिएको पाइन्छ। उक्त उद्वेश्य कार्यान्वयन गर्नको लागि आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, गर्भपतन सेवा, गर्भवती सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, नवजात शिशुको आकस्मिक सेवा, परिवार नियोजन योजना, प्रजनन स्वास्थ्य, प्रजनन स्वास्थ्य अधिकार ,बृहत आकस्मिक प्रसूति सेवा, सुरक्षित मातृत्व सेवा जस्ता कार्यक्रम संचालन गर्न खोजेको देखिन्छ।

यी सेवा कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति, साधन स्रोत, भौतिक अवस्थाको बारेमा केही उल्लेख गरेको पाइदैन। गर्भपतन सेवामा सबै महिलाहरुको सहज पहुँच नपुगेको कारण अनिच्छित गर्भधारण गर्नु परेको र वर्षेनी हजारौ महिलाले अकालमा मृत्युवरण गर्नु परेको सुनिन्छ। दफा ३० ले संरक्षण गृहको व्यवस्था गरे पनि कुनै पनि सरकारले यस्तो गृहको निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइदैन। दफा ३२ मा सेवा शुल्कको व्यवस्था गरेको पाइन्छ। सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाले प्रजनन स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउनु पर्ने भनिए पनि व्यवहारिक रुपमा प्रयोग भएको पाइदैन। उपलब्ध गराए पनि स्वविवेकिय शुल्क लिन र स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन सकेको पाइदैन। सेवा शुल्क तिर्न असमर्थ व्यक्तिको लागि नि:शुल्क भनिए तापनि पर्याप्त कोटा उपलब्ध नगराएको कारण महङ्गो सेवा लिन बाध्य भएको पाइन्छ।

वैयक्तिक गोपनीयता कायम नगर्नु

प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, चरित्र जस्ता कुराहरुको गोपनीयता अतिक्रमण हुन नदिइ संरक्षण र सुरक्षित राख्नु पर्ने यस ऐनको उद्देश्य रहेको देखिन्छ। यस्तो गोपनीयता सार्वजनिक निकाय, सार्वजनिक पद धारण गरेको व्यक्ति र सङ्गठित संस्था जस्ता निकायले राख्ने कर्तव्य तोकिदिएको पाइन्छ। यो ऐन आउनुभन्दा अगाडि नै **निवेदक महिला, कानून र विकास मञ्चका तर्फबाट अख्तियार प्राप्त साथै आफ्नो तर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको**[49] मुद्दामा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका,२०६४ जारी भै कार्यान्वयनमा आए तापनि अनुसन्धानको चरणबाटै पीडितको परिचय तथा विवरण गोप्य राख्नु पर्नेमा जिल्ला हुँदै सर्वोच्च अदालतबाट फैसला हुँदासम्म पुनरावेदक **प्रदिप भट्टराई वि. नेपाल सरकार** भएको जबर्जस्ती करणी मुद्दामा[50] समेत यो निर्देशिकाबमोजिम गोपनीयता कायम भएको पाइदैन।

बालबालिकाको मुद्धा दिशान्तरमा समस्या

बालबालिकाको मुद्दामा अनुसन्धान गर्ने अधिकारी, सरकारी वकिल र बाल अदालतले मुद्दा दिशान्तर गर्न सक्छन्। अनुसन्धान अधिकारीले २ हजार जरिवाना र एक महिनासम्म कैद भएको कसुरमा न्यायिक प्रक्रिया बाहिर दिशान्तर गर्न सक्छन्। सरकारी वकिलले तीन वर्षसम्म कैद हुने मुद्दामा दिशान्तर गर्न सक्ने र बाल अदालतले जतिसुकै बिगो, जरिवाना र कैद दिशान्तर गर्न सक्ने प्रावधान छ तर धेरै घटना विवरण बताउन र बालबालिकाले आफू निर्दोष भएको प्रमाण दिन सकेका छैनन्। यसले गर्दा मुद्दा दिशान्तरसमेत भएको छैन।[51]

बालबालिकाको मुद्धा अनुसन्धान र अभियोजन

बालबालिकाको अधिकारको रक्षाको लागि र बालन्याय प्रशासनको प्रभावकारी कार्यान्वयनको लागि अदालतको भूमिका महत्वपूर्ण हुन्छ। अनुसन्धानको क्रममा हिरासतमा राख्न आवश्यक नभएको खण्डमा पनि हिराशतमा राख्ने र म्याद थप गर्ने गरेको देखिन्छ। म्याद थपको क्रममा मिसिल कागजात अध्ययनबाट पक्षको गोपनीयता कायम गर्नुपर्नेमा सो नगरेको भेटिएको छ।[52] कानूनले अन्यथा छुट नदिएको हुँदा बाल इजलासवाट, बालन्याय कार्यविधि नियमावलीले निर्दिष्ट गरेको कार्यविधि अनुरुप मुद्धाको सुनुवाई गरेको नदेखिएको। आदेश वा फैसला गरेर मात्र हुँदैन, गरेको आदेश फैसलाको प्रभावकारी कार्यान्वयन भए नभएको विचार गरी कार्यान्वयनमा लगाउने।

सवै मिसिलमा बालबालिकाको उमेर यकिन हुने कागजात राखेको पाइएन, बयानमा उल्लेख गरेको उमेरकै आधारमा अभियोजन गरेकोमा एउटा मुद्दामा १४ वर्षको बालकलाई १८ वर्ष भनी अभियोजन गरेको कार्यलाई दुर्भाग्यपूर्ण भन्नुपर्छ।

बालबालिका मात्र भएका मुद्दा र बालबालिका वयस्कसंग संलग्न भइ गरेको कानून निषेधित कार्यमा बालन्याय कार्यविधिको पालना गरिएको छ भनी पुष्टि हुने कागजातको सर्वथा अभाव देखिन्छ। बालबालिकालाई हिरासतमा नराखिकन पनि अनुसन्धान गरिएको वा हिरासतमा राख्नै पर्ने भएकाले बयस्कसंग अलग गरी बालमैत्रि वातावरण राखिएको भन्ने देखिने कागजात मिसिलमा रहेको अभियोग पत्रको संलग्न कागजातवाट खुल्दैन।

---

49 ने.का.प. २०६४ अङ्क ९ निर्णय नं.७८८०

50 नेकाप २०७६,अं ६, नि.नं.१०२८०

51 https://ekantipur.com/news/2019/09/16/15686014819893669.html

52 बालबालिका संलग्न अपराधको प्रबृत्ति अध्ययन प्रतिवेदन, २०७५।

बालबालिका संलग्न भएका मुद्दामा बालबालिकाको पहिचान गोप्य राख्नुपर्ने कतिपय कागजातमा बालबालिकाको बास्तबिक नाम खुलेकै पाइयो भने कतिपय कागजातमा टिपेक्सले पोतेको भए पनि गोपनियता कायम गर्ने कानूनी प्रावधानको पूर्णरुपमा पालना गरेको देखिएन।

बालबालिका संलग्न रहेको अपराधहरुमा शिघ्र अपराध अनुसन्धान गरी अभियोजन गर्ने गरेको देखिएन। अन्य समान्य अपराध झै ८० प्रतिशत भन्दा वढी अपराधहरुमा घटना घटेको १५ दिन भन्दा वढी समयपछि मात्र अभियोजन गरिएको।

कतिपय घटनामा बालबालिका र बयस्क विचको सजायमा कुनै भिन्नता गरेको नदेखिएको।

ऐनमा व्यवस्था भए बमोजिमको संरचना नहुनु

बालबालिका ऐनको दफा ६१ मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्दन गर्न तथा बाल संरक्षण कार्यसमेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहने व्यवस्था रहने व्यवस्था छ। तर बालबालिका ऐन, २०७५ जारी भएको दुई वर्ष व्यतित भइसक्दा पनि बालकल्याण अधिकारी नियुक्त भएको छैन। बालबालिका ऐन अन्तर्गत ७ सय ५३ वटै स्थानीय तहमा नियुक्ति हुनुपर्ने बालकल्याण अधिकारी हालसम्म पनि चयन भएको अवस्था छैन।

कम संख्यामा बालसुधार गृह हुनु

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २०(क) मा बालबालिकालाई बालसुधार गृहमा राख्नुपर्ने कानूनी व्यवस्था भएकोमा प्रत्येक जिल्लामा बालसुधार गृह नभएको कारण अन्य जिल्लामा राख्नु पर्दा मुद्दा सुनुवाइमा निजको उपस्थिति हुन सकेको छैन। दफा २१(७) मा बालबालिका पीडक भएको मुद्दामा थुनछेक क्रममा म्याद थप्दा बढीमा ५ दिनसम्म म्याद थप्नु पर्ने व्यवस्था भएकोमा उक्त कानूनी व्यवस्थाको पालना नभई सो भन्दा बढी म्याद थप गर्ने गरेको पाइन्छ।

दफा २२ ले छुट्टै निगरानी कक्षको परिकल्पना गर◌ेको छ। जिल्ला प्रहरी कार्यालमा पर्याप्त भौतिक सुविधा नहुँदा अरु थुनुवा सरह राखेको पाइन्छ। महान्यायधिवक्ताको कार्यालय (ओएजी) ले निकालेको ३१ कारागारको सर्वेक्षण प्रतिवेदनमा जम्मा ४,३०८ जना बन्दी अटाउने कारागारमा ७,९०९ जनालाई राखेको देखाएको छ। केही बन्दी केन्द्रहरुमा प्रहरीले मुद्दा सुनुवाइ नभएका बन्दीलाई सजाय भोगिरहेको बन्दीसँग एउटै ठाउँमा राख्ने गरेको पाईयो। [53] नाबालक बन्दी राख्न छुट्टै पर्याप्त ठाउँ नभएकोले गर्दा मुद्दा सुनुवाइ नभएका नाबालकलाई प्रहरीले कहिले काहीँ वयस्क कैदीसँगै राख्ने र केही अवस्थामा नाबालकहरुलाई कारागारमै आफ्ना कैदी बुबाआमाहरुसँग राखेको वा राख्न दिइएको पाइयो। [54]प्रतिवेदन अनुसार ओएजीले अनुगमन गरेको ३१ वटा बन्दीगृहहरुमा कैदी र बन्दीहरुलाई नियमित स्वास्थ्य जाँच र उपचारबाट बन्चित गराईएको पाईयो। [55]

बालबालिकाहरुलाई सुधार गृहमा राख्ने कानूनी व्यवस्था भए पनि सबै जिल्लामा बालसुधार गृह नभएको कारण निजको अभिभावक रहने स्थानभन्दा टाढा राख्नु पर्दा अभिभाबकको नियमित सम्पर्कमा रहने अवस्था छैन। सुनुवाइको दिन अदालतमा उपस्थित भै आफ्नो मुद्दामा भएको कारवाइको बारेमा जानकारी लिन पाउने हकबाट बञ्चित हुनु परेको अवस्था रहेको छ।

[53] बालबलिका संलग्न रहेका अपरा◌िको प्रवृत्ति अध्ययन कायादलले पेश गरेको प्रतिवेदन ६-१४ (२०७५ अध्ययन समूह).

[54] ibid.

[55] ibid.

कैद, धरौट र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। पारिवारिक संरक्षण, सहयोग पाउने अवस्थाका राम्रो आर्थिक हैसियतसमेत भएका बालबालिकाले जरिवानाबापत कैद बस्नु पर्ने स्थिति रहँदैन। तर त्यसप्रकारको अवसर नपाउने अवस्थाका असहाय, कमजोर र विपन्न अवस्थाका बालबालिकाको लागि जरिवाना सजाय पनि अन्ततः कैद सजायमा नै रूपान्तरित हुने अवस्था रहन्छ। सामाजिक र समन्यायिक दृष्टिले यसप्रकारको अवस्था कायम राख्नु उचित हुँदैन। यसबाट अनुचित विभेदको स्थितिसमेत पैदा हुने सम्भावना रहन्छ। यसैले जरिवानाबापत बालबालिकालाई कैदमा राख्ने व्यवस्थामा गम्भीरतापूर्वक पुनरावलोकन गर्नु वाञ्छनीय देखिने भनी व्याख्या गरिएको पाइन्छ। जरिवाना तिर्न नसकेको अवस्थामा बालबालिकालाई कैदमा राख्न नहुने भनिएको छ। बालबालिकाको सर्वोत्तम हिततर्फ वाञ्छित संवेदनशीलता अपनाउन तत्काल गम्भीर ध्यानाकर्षण भई सुधार हुन आवश्यक छ।

बालबलिका कै सन्दर्भमा पनि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७६ मा क्षतिपूर्तिको व्यवस्था भएको छ, जसमा बाल अदालतले पीडित बालबालिकालाई कसूरदारवाट मनासिव क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रुपमा भराइदिने र सो रकम बालबालिका विरुद्धको कसुरको तुलनामा न्यून वा अपर्याप्त लागेमा बाल अदालतले त्यस्ता बालबालिकालाई दफा ६३ बमिजिमको बालकोषबाट व्यहोर्ने गरी मनासिव माफिकको क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था भएकोमा त्यस्ता आदेशको कार्यान्वयनमा ढिलाई भइ न्यायमा पहुँचको लागि अवरोध सिर्जना गरेको पाईन्छ[56]।

सामाजिक सुरक्षा सम्बन्धी अभिलेखिकरण राम्रो नहुनु

सामाजिक सुरक्षा ऐन, २०७५ ले ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने, लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिने व्यवस्था गरेको पाइन्छ।

कानूनले यी वर्ग तोकिए पनि यिनै वर्गहरूको पहिचान, पञ्जिकरण तथा अभिलेख सुव्यवस्थित रुपमा हुन सकेको देखिदैन। यी वर्गको नामवाट सुरक्षा नपाउने वर्गले सुबिधा लिएको अवस्था एकातर्फ छ भने मृत्यु भएको अवस्थामा त्यसको अभिलेखसमेत अद्यावधिक रहेको देखिँदैन।

वास्तविक सामाजिक सुरक्षा पाउनु पर्ने व्यक्तिभन्दा अन्य बाह्य व्यक्तिले यी सुविधाहरू प्राप्त गरेको देखिन्छ। अर्कोतिर लक्षित वर्गले प्राप्त गरेको सामाजिक सुरक्षा अरूले नै प्रयोग गरेकोसमेत देखिन्छ। यस अवस्थामा सामाजिक सुरक्षा कानूनले प्रदान गरेको व्यवस्था प्राप्त गर्नमा कठिनाई उत्पन्न हुन जान्छ। समाजमा सामाजिक सुरक्षा पाउनु पर्ने व्यक्ति कसैको नागरिकता नहुने, अपांगता प्रमाणपत्र नहुने, अपांगताको बर्गीकरण नहुने, कतिपय व्यक्तिलाई सामाजिक सुरक्षा व्यवस्थाबारेमा जानकारीको अभाव रहने गरेको देखिन्छ। अनुगमन नहुनु, हेरचाह केन्द्र स्थापना नहुनु तथा सामाजिक सुरक्षाको विषय विभिन्न निकायसँग समेत जोडिएको हुनाले सबैको पहुँच स्थापित हुन सकेको छैन। सामाजिक सुरक्षाको विषयमा स्पष्ट कार्यविधिको अभावसमेत देखिनाले सो प्राप्त गर्नमा कठिनाई रहेको देखिन्छ।

---

56 नेपालमा बाल अधिकारको अवस्था, २०७५ पृ.२०

ऐनको प्रभावकारी कार्यन्वयनको सम्बन्धमा अनुगमन नहुनु

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा छुट र सुविधासम्बन्धी व्यवस्था गरेको पाइन्छ । [57] सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नु पर्ने र ५०% भाडादर छुट स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले प्राथमिकता दिई उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५०% छुट पाउने व्यवस्था गरेको पाइन्छ । तर व्यवहारमा यो व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको र सो सम्बन्धमा आवश्यक अनुगमन समेत भएको पाइँदैन ।

कैद छुट सम्बन्धी सुविधाको व्यवहारिक कार्यान्वयन नहुनु

यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई प्राथमिकता दिनुपर्ने, कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्न कानून व्यवसायी राखेर मात्र गर्नुपर्ने, कुनै ज्येष्ठ नागरिकले आर्थिक अवस्था कमजोर भएकाले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न निवेदन दिएमा सो सेवा उपलब्ध गराउन.[58] दफा १२ मा कैद सजाय छुट दिन सकिने व्यवस्था रहेको पाइन्छ । प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा ७५ वर्ष उमेर पुरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसुरको गम्भीरता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिनसक्ने व्यवस्था दफा १२ को उपदफा (२) मा उल्लेख गरिएको छ तर ज्येष्ठ नागरिकलाई ऐनले सजायमा छुट दिएको अवस्थामासमेत सो कुन अधिकारीले दिने भन्ने व्यवस्था नभएकाले ज्येष्ठ नागरिकले यो सुविधाको उपभोग गर्न नपाएर सर्वोच्च अदालत गुहार्न परेको[59] छ भने राज्यको क्षमताको प्रश्नसमेत यसमा देखिन आउछ ।

सजाय माफी, मुल्तबी, परिवर्तन वा कम गर्नेसम्बन्धी कार्यविधि,२०७१ पनि निर्देशिकासरहको कार्यविधि हो । निर्देशिकाको तुलनामा नियमको प्रावधान मान्य हुन्छ । तसर्थ २०७१ सालको कार्यविधिको प्रावधान अगाडि सारेर कारागार नियमावली, २०२०ले व्यवस्था गरेअनुसारको सुविधा कैदी बन्दीलाई प्रदान गर्न इन्कार गर्नु उचित नहुने भनी बृद्ध अवस्थाका व्यक्तिलाई कानूनले प्रदान गरेको सुविधा प्रदान नगर्दा कैदीको बाँच्न पाउने हकमा पनि आघात हुने[60] भनी जेष्ठ नागरिकको संरक्षणमा आदेश भएको देखिंदा कानूनी व्यवस्थाको यथोचित कार्यान्वयन व्यवहारमा भएको देखिंदैन ।

यसैगरी निवेदक नरध्वज गुरुङ वि. उच्च अदालत पोखरासमेत भएको मुद्दामा[61]जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) ले गरेको व्यवस्था अनुसारको सुविधा प्रदान गर्न ईन्कार गर्नुपर्ने कुनै कानूनी आधार तथा मनासिब कारण देखिन नआउने, **जेष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधालाई संकुचित अर्थमा ग्रहण गरी सुविधा दिनबाट वञ्चित गर्नु मनासिब हुँदैन** भनी सर्वोच्च अदालतबाट आदेश जारी भएको देखिन्छ । यसमा पुनरावेदक ७६ वर्ष अतिवृद्ध अवस्थाको भएको र कारागार नियमावली, २०२० को नियम २९(२क) मा सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिने स्पष्ट कानूनी व्यवस्था भै रहेकोमा सोबमोजिम कैद मुक्त नगरी राखेकोले नेपाल कानूनबमोजिम के कति सुविधा दिने हो भन्ने सम्बन्धमा अविलम्ब निर्णय गरी रिट

---

57 नेपालको संविधानमा जेष्ठ नागरिकलाई समानताको अधिकारको व्यवस्था गरिएको छ । जेष्ठ नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ । जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हकछ ।

58 जेष्ठ नागरिक सम्बन्धी ऐन २०७४ ,दफा १०

59 पेम्बा गुरूङ वि. कारागार कार्यालय नख्खु, ने.का.प.२०७६, अंक ३, नि.नं.१०२१९

60 ने. का. प २०७५ अङ्क ८ नि नं १००८०, मुद्दा जबरजस्ती करणी

61 ने .का. प २०७४ अङ्क ४ निर्णय नं ९९९८, बन्दीप्रत्यक्षीकरण

निवेदक नरध्वज गुरूङलाई कानूनबमोजिम निजले पाउने कैद छुट सुविधा दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरी कानूनबमोजिम जेष्ठ नागरिकले पाउने कैद छुटको सुविधालाई प्रवर्द्धन हुने गरी व्याख्या भएको पाइन्छ।

ऐनको अधिकार प्रयोग गरेर जेष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ पनि जारी भई कार्यान्वयनमा रहेको अवस्था छ। हेरचाह केन्द्रमा राख्ने सम्बन्धी अन्य व्यवस्था, हेरचाह केन्द्रको निरीक्षण, हेरचाह केन्द्रको न्युनतम पूर्वाधार र सुबिधा सम्बन्धी नियमावलीमा गरिएको व्यवस्थाहरुको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

अपर्याप्त कानूनी प्रवधान

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ५(क) अन्तर्गतको कसूरलाई मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा पनि समावेश गरेको पाइन्छ। यसको लागि छुट्टै कार्यविधि र कानून निर्माण भएको पाइदैन। सामान्य कानूनबाट नै उक्त मुद्दाको सुनुवाइ, कारबाही किनारा गरेको पाइन्छ। महिला वादी भएर, पीडित भएर वा प्रतिवादी भएर चल्ने मुद्दाहरु पनि ठुलो संख्यामा रहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनबाट देखिन्छ। CEDAW को धारा 2(b) बमोजिम घरेलु हिंसाबाट पीडित महिलाको हक हित संरक्षण गर्न सक्ने गरी आवश्यक कानून संशोधन वा निर्माण गर्नुपर्ने पनि देखिन्छ। उक्त कानुन निर्माण गर्दा महिलाको हकमा विशेष व्यवस्था हुने गरी संरचना बनाउन सकिन्छ।

अपाङ्गता सम्बन्धी ऐन को दफा ८ मा भेदभाव विरुद्धको अधिकारको प्रावधान उल्लेख गरिएको छ, तर सो दफाले "महिला र पुरुष" विचमा हुन सक्ने विभेदको उल्लेख गरेको छैन। यस दफा ८ मा अपाङ्गता भएका महिला र पुरुष विचमा पनि कुनै भेदभाव गर्न नहुने प्रावधान उल्लेख गरिनुपर्ने देखिन्छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ ले धारा ३ मा उल्लेखित आधारभूत सिद्धान्तहरुमा सो कुरा प्रष्ट उल्लेख भए पनि यस ऐनले सो कुरा उल्लेख गरेको पाइदैन। अपाङ्गता भएका महिला र पुरुषका विचमा पनि विभेद हुन सक्छ भन्ने वास्तबिकतालाई यस ऐनले समेट्न सकेको पाइँदैन। नेपाली समाज तथा समुदायमा हेर्ने हो भने अपाङ्गता भएका पुरुषहरु भन्दा महिलाहरु अझ जोखिममा परेको र विभेदको सिकार भएको पाइन्छ।

अपांगता भएका व्यक्तिको विरुद्धका अपराधहरुमा नेपाल सरकार वादी हुने गरी संरक्षण गरिएको छ। ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि हालसम्म नयाँ नियमावली जारी भएको छैन। अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ नै प्रचलनमा छ, जुन नयाँ ऐनको सन्दर्भमा नयाँ नै बनाउनु पर्ने देखिन्छ।

संहिताको भाग २[62]मा फौजदारी कसुरहरुको प्रावधानहरुको व्यवस्था गरिएको छ। राज्य बिरुद्धको अपराधदेखि गाली बेइज्जती सम्बन्धी कसूरसम्म गरी जम्मा २९ परिच्छेदमा २९ प्रकारका अपराधहरुको व्याख्या गरिएको छ। तथापि अपाङ्गता भएका व्यक्ति बिरुद्ध हुने अपराधको गम्भीरता “करणी सम्बन्धी कसूर”मा मात्रै समाबेश गरिएको छ। अन्यत्र अपाङ्गता भएका महिला वा अन्य कुनै व्यक्तिहरुको बिरुद्धमा अपराध गरेको खण्डमा दफा ३८ संगै व्याख्या गरियो भने मात्रै गम्भीरताको व्यख्या गर्न सकिन्छ। तर पनि कसुरदारलाई सजाय बढाउने वा क्षतिपूर्तिको रकम बृद्धि गर्ने बिषयमा ऐन मौन रहेको छ। [63]

---

[62] आधारभूत सुद्धान्त तथा काममा अधिकारसम्बन्धी आइ.एल. ओ. घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सम्मेलन सन्. २०१० मा जेनेभामा भएको ९९ औँ सत्र बैठकको अनुगमन (follow up) मा भएको बालश्रम विरुद्धको कार्यलाई तिब्रता प्रतिवेदन.

[63] See Krishna Bahadur Bhattachan, 'Ethnopolitics and Ethnodevelopment: An Emerging Paradigm in Nepal' in Mahendra Lawoti and Susan Hangen (eds), Nationalism and Ethnic Conflict in Nepal: Identities and Mobilization after 1990 (Routledge, 2013) 35; Krishna P Adhikari, 'New Identity Politics and the 2012 Collapse of Nepal's Constituent Assembly: When the Dominant Becomes "Other"' (2016) 50(6) Modern Asian Studies

कानूनी दुबिधा र दोहोरो व्यवस्था

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको दफा ५१ मा कसैले अपांगता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा, दायित्व पुरा नगरेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनसक्ने व्यवस्था र अपांगता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिको दायित्व पुरा गराउन अपांगता भएका व्यक्ति बसेको जिल्लाको जिल्ला अदालतसमक्ष निवेदन दिनसक्ने गरी भएको दफा ५२ को व्यवस्था हेर्दा दुईवटा निकायलाई समवर्ती (Concurrent) रूपमा अधिकारक्षेत्र प्रदान गरेको देखिन्छ। साथै, प्रमुख जिल्ला अधिकारीले दिएको आदेशउपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्नसक्ने व्यवस्था गरिएको छ, जुन व्यवस्था नेपालको संविधान अनुकूल देखिंदैन।

परिच्छेद – पाँच
नतिजा, निष्कर्ष र सुझाव

५.१ नतिजा

अनुसन्धानबाट प्राप्त सूचना, तथ्य एवं जानकारीको आधारमा प्रस्तुत अध्ययन प्रतिवेदनको नतिजाहरुलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- मुद्दा दर्ता भएपछि फैसला हुने दिनसम्मको समय अनुमानयोग्य नभई तोकिएको अवधिमा मुद्धाको फर्छ्यौट हुन नसकेको र मुद्दामा भएको फैसलाको कार्यान्वयन पनि प्रभावकारी हुन नसकेकोले अदालतप्रतिको विश्वासमा कमी आउनुका साथै अनुचित ढिलाइविना न्याय पाउने सेवाग्राहीहरुको हकमा असर परेको देखिएको।
- अदालती कारबाहीको भाषा नबुझ्ने वा बोल्ननसक्ने कुनै मुद्दाका पक्ष वा साक्षीको बयान वा बकपत्र लिनु परेमा वा अन्य कुनै प्रयोजनको लागि आवश्यक भएमा अनुसन्धान अधिकारी, अभियोजनकर्ता वा अदालतले सरकारी खर्चमा दोभाषे वा साङ्केतिक भाषाको अनुवादकको सहयोग लिन सक्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिएन।
- फौजदारी कसूरको अभियोग लागेको व्यक्ति, नाबालक, अपांगता भएका व्यक्ति, असहाय, अशक्त ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका व्यक्ति वा पीडितको कानूनी प्रतिनिधित्व सुनिश्चित गर्न राज्यले निःशुल्क कानूनी सहायता उपलव्ध गराउने नीति लिएको सन्दर्भमा अदालतमा आवश्यक सङ्ख्यामा वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ। तथापी वैतनिक कानुन व्यावसायीको सेवालाई सबै लक्षितबर्गमैत्री, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन सकिएको छैन। नि:शुल्क कानूनी सहायतालाई हरेक स्थानीय तहसम्म पुऱ्याउन सकिएको छैन। अदालत, बार, सरकारी वकिल, नेपाल प्रहरी लगायतका निकायहरूबीच यथोचित समन्वय हुन सकिरहेको छैन। साथै, स्वेच्छिक कानूनी (Pro bono) सेवा र आफ्नो मुद्दामा आफै प्रतिनिधित्व गर्ने सम्बन्धी (Pro Se) कानूनी संरचनालाई पनि संस्थागत गर्न सकिएको छैन। यस पृष्ठभूमिमा कानूनी सहायताको क्षेत्र बिस्तार भैसकेको, कानूनी सहायता सम्बन्धी व्यवस्थाहरुलाई एकीकृत, थप प्रभावकारी र पारदर्शी बनाउन आवश्यक भएको कारणले एकीकृत कानूनी सहायता नीति, २०७६ लागू भैसकेको सन्दर्भमा कानुनी सहायता कानुनमा आवश्यक संशोधन हुन सकेको छैन।
- पीडितका लागि प्राथमिक स्वास्थ्य उपचार, अन्तरिम राहत र क्षतिपूर्ति सम्बन्धी व्यवस्थाहरु, मनोसामाजिक परामर्श र सुरक्षाको व्यवस्था, पीडितलाई मुद्दाको कारबाही र आदेशको जानकारी दिने सम्बन्धमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। पीडितले राहत पाउने प्रक्रियासमेत अत्यन्त झन्झटिलो देखिन्छ। अदालतले पुनर्स्थापना कोषवाट बेहोर्ने गरी आदेश गरेका, पीडकले बेहोर्नु पर्ने वा पीडकले तत्काल बेहोर्न नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले उपलव्ध गराई पीडकसँग असुल गर्ने सम्बन्धी व्यवस्थाहरुको पनि प्रभावकारिता देखिएको छैन। फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ लागू भैसकेको भए तापनि हालसम्म कोष सञ्चालक समितिको गठन तथा कोषको सञ्चालन हुन सकिरहेको छैन।

- पीडितको लागि सेवा केन्द्रको स्थापना, व्यवस्थापन र सञ्चालनको लागि तिनवटै तहको सरकारले सेवा कोष स्थापना गर्न सक्ने व्यवस्थाहरु भएको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिवको अध्यक्षतामा सेवा कोष सञ्चालक समितिको गठन हुने व्यवस्था भए तापनि सोको प्रभावकारिता देखिन सकेको छैन।
- महिलाबिरुद्ध भेदभाव गर्ने खालका कानून, नियम, परम्परा तथा अभ्यासहरु परिवर्तन वा खारेज गर्न कानून निर्माण लगायतका उपयुक्त तरिका अवलम्वन गर्ने, बालन्याय सम्बन्धी बृहत नीति (Comprehensive juvenile policy) तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, अपांगता सम्बन्धी ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नयाँ नियमावली जारी गर्ने समेतका कामहरु सम्पन्न भएका छैनन्।
- सरकारी मुद्दाका साक्षीको सुरक्षा गर्ने तथा दैनिक भ्रमण खर्च दिईने प्रावधानको प्रभावकारी एवं व्यवहारिक प्रयोग हुन सकेको देखिंदैन।
- अनुसन्धान, अभियोजन र न्याय निरुपणको क्रममा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पक्षको परिचय तथा विवरणको गोपनीयता कायम राख्ने, पीडितको अनुरोधमा उजुरीको कारबाही र सुनुवाई बन्द इजलाशबाट गर्नुपर्ने, बन्द इजलासबाट हेरिने मुद्दाका कागजातको प्रतिलिपि बादी, प्रतिबादी, पीडित तथा निजको कानून व्यवसायी बाहेक अरुलाई नदिने, पीडितको व्यक्तिगत परिचय खुल्ने गरी कुनै सञ्चारमाध्यम मार्फत समाचार सम्प्रेषण नगर्ने वा अन्य कुनै प्रकारले व्यक्त नगर्ने सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी रुपमा परिपालना हुन सकेको अवस्था छैन।
- महिलाहरुको हकमा छुट्टै अदालत अर्थात Fast Track Court गठन गरी मुद्दाको सुनुवाइ हुन र आवश्यक संख्यामा बाल अदालत गठन गर्न सकिएको पाइँदैन।
- महिला हिंसा, बालबालिका, अपांगता भएका व्यक्ति सम्बन्धी मुद्दामा पीडितहरुका हक अधिकार तथा गर्नुपर्ने असल एवं मैत्रिपूर्ण व्यवहारका सम्बन्धमा न्यायाधीश तथा कर्मचारी, प्रहरी, कारागार वा अन्य सम्बन्धित कार्यालयका प्रमुख र कर्मचारीहरु लगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरुको लागि अनिवार्य रुपमा तालीम, प्रशिक्षण तथा अभिमुखीकरण हुनुपर्ने कानुनी व्यवस्था भएकोमा सो सम्बन्धी तालीम, प्रशिक्षण तथा अभिमुखीकरणको अभाव रहेको देखिन्छ।
- कुनैपनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा नराखिने तथा निजसँग धरौटी वा जमानत पनि नमागिने र जरिवाना तिर्न नसकेको अवस्थामा बालबालिकालाई कैदमा राख्न नहुने कानूनी व्यवस्था र अदालतबाट व्याख्या भई नजिर समेत प्रतिपादन भएकोमा पनि सो व्यवस्थाको परिपालना हुन नसकेको।
- ज्येष्ठ नागरिकलाई ऐनले सजायमा छुट दिएको अवस्थामा समेत सो छुट कुन अधिकारीले दिने भन्ने व्यवस्था नभएको भन्ने आधारमा ज्येष्ठ नागरिकले यो सुविधाको उपभोग गर्न नपाएको र हेरचाह केन्द्रको न्युनतम पूर्वाधार र सुबिधा सम्बन्धी नियमावलीमा गरिएको व्यवस्थाहरुको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको।
- बालबालिका रहने निगरानी कक्षमा हुनुपर्ने न्यूनतम सुविधाको व्यवस्था, ज्येष्ठ नागरिकको लागि सार्वजनिक सवारी साधनको सिट र भाडादरमा तथा स्वास्थ्य सेवाको प्राथमिकता र शुल्कमा छुट पाउने व्यवस्था, अपांगता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार सुनिश्चितताको कार्यान्वयनमा समस्या देखिन्छ।

- मुद्दामा लगातार कारबाही र सुनुवाई गरी किनारा गरिने वा मुद्दाको सुनुवाइको प्राथमिकताक्रमलाई हेर्दा फरक अदालतमा फरक व्यवस्था रहेको, पचहत्तर वर्ष नाघेका वृद्ध तारिखमा रहेका मुद्दा वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति भनी ज्येष्ठ नागरिकलाई संवोधन भएको, अपांगता भएको व्यक्तिहरु नसमेटिएको, बालबालिकालाई पनि कतै वादी भएको अंश मुद्दामा मात्र राखिएको, कतै बालबालिका, वृद्ध, महिला तथा अशक्त एवं असहाय व्यक्ति वादी भएको भनिएको त कतै पक्ष वा विपक्ष भएको भनिएको, कतै बेवारिसे बालबालिकाको मुद्दा भनिएको देखिँदा कानूनमा एकरुपता भएको पाइँदैन। पीडित महिलाहरुका लागि मुद्दा सुनुवाइमा प्राथमिकता दिएको देखिंदैन।
- बालबालिका समावेस भएका मुद्दा र बालबालिका वयस्कसंग संलग्न भई गरेको कानून निषेधित कार्य सम्बन्धी मुद्धाको कारवाही एवं सुनुवाईमा बालन्याय (कार्यविधि) नियमावलीले तोकेको प्रक्रिया एवं कार्यविधिको परिपालना गरेको नदेखिएको, बाल ईजलास गठन र सञ्चालनको विधि प्रयोग नभएको, अपराध अनुसन्धान तथा अभियोजनलाई प्राथमिकिकरण नगरेको, बालमैत्री हिरासत हुन नसकेको, बालबालिका र बयस्क विचको सजायमा कुनै भिन्नता नगरेको, बाल कल्याण अधिकारीहरुको नियुक्ति हुन नसकेको आदि समस्याहरु देखिएका छन्।
- समावेशिताको सिद्धान्तलाई आत्मसात गरी अपाङ्गका लागि छुट्ट्याइएको पदको प्रतिशत निर्धारणमा अपांगता भएका व्यक्तिहरूको फरकस्थितिलाई हेरी विवेकसम्मत मापदण्ड कायम गरी मनासिब आधारमा पदपूर्ति गर्ने व्यवस्था कार्यान्वयन गर्नु भन्ने सिद्धान्त प्रतिपादन भएपनि सोको कार्यान्वयन हुन नसकेको।
- बालबालिका कसूरदार ठहरिएकोमा निजलाई छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नुपर्ने कानूनी व्यवस्था भएकोमा प्रत्येक जिल्लामा बालसुधार गृह नभएको कारण अन्य जिल्लामा राख्नु पर्दा मुद्दा सुनुवाइमा निजको उपस्थिति हुन सकेको छैन। मुद्दा सुनुवाइ नभएका नाबालकलाई प्रहरीले कहिले काहीं वयस्क कैदीसँगै राख्ने र केही अवस्थामा नाबालकहरुलाई कारागारमै आफ्ना कैदी बुबाआमाहरुसँग राखेको वा राख्न दिइएको पनि देखिन्छ।
- सामाजिक रीतिरिवाज, परम्परा, संस्कार, शिक्षाको कमी, भाषागत समस्या, भौगोलिक बिकटता, सामाजिक प्रभाव, दुरुत्साहन, इज्जतको डर आदि कारणहरुले पीडितको इच्छा विपरीत गाउँमै मुद्दा मिलाउने प्रवृत्ति देखिन्छ।
- संविधान बमोजिमको स्थानीय अदालत स्थापना हुन सकेको छैन। जिल्ला अदालतलाई पुनरावेदकीय अधिकार प्राप्त छ। अपांगता भएका व्यक्तिको सम्बन्धमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी र जिल्ला अदालतलाई समवर्ती (Concurrent) अधिकारक्षेत्र प्रदान भएको र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर उच्च अदालतमा पुनरावेदन गर्नसक्ने व्यवस्था गरिएको देखिन्छ, जुन व्यवस्था संविधान अनुकूल छैन। संघीय राज्यमा उच्च अदालत प्रदेशको माथिल्लो अदालत भएको हुनाले सार्वजनिक सरोकार, संवैधानिक प्रश्न तथा विशेष अवस्थामा बाहेक क्षेत्राधिकार थप गरी उच्च अदालतलाई नियमित मुद्दाहरूको अन्तिम अदालत बनाउन वाञ्छनीय देखिन्छ।
- कर्मचारीको मुद्दा हेर्न प्रशासकीय अदालत सम्बन्धी कानून निर्माण भएपनि अदालत गठन हुन सकेको छैन।
- कानून बमोजिम कोर्ट फी वा अदालती शुल्क तिर्नुपर्ने, पत्रिकामा सूचना प्रकाशन गरी म्याद तामेल गर्न सकिने, फैसला कार्यान्वयनको अढाइ दस्तुर सम्बन्धी व्यवस्थाले न्यायमा पहुँचका लक्षित बर्गहरुलाई आर्थिक व्ययभार बढ्ने देखिएको।
- नेपालमा कानून व्यवसायीको फी कति हुनु पर्ने हो भन्ने सम्बन्धमा कानूनद्वारा स्पष्ट मापदण्ड निर्माण भएको छैन। कुनै निर्देशिका पनि छैन र कतैबाट नियन्त्रित पनि छैन। कानून व्यवसायीले मुद्दा एवं लिखतको प्रकृतिको आधार र बहस

एवं परामर्श सेवा उपलब्ध गराए वापतमा कति फी लिने भन्ने कुराको सुनिश्चित नहुँदा यो विषय अनिश्चित र अपारदर्शी हुँदै गएको छ।

- न्यायिक वा अर्धन्यायिक निकायको आदेशबमोजिम पाँच हजारदेखि पन्ध्रहजारसम्मको धरौटी रकम माग भएकोमा सो धरौटी तिर्न नसकी थुनामा बसेका व्यक्तिहरूको संख्या ५४.०३% रहेको देखिन्छ।
- अदालतको निष्पक्षता, स्वच्छता र सक्षमताका लागि मुद्दाको अनुसन्धान, अभियोजन र फैसला कार्यान्वयनमा सहयोगी निकायहरुको व्यवहार, कार्यशैली, विधि र प्रक्रियाले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने भएकोले न्यायको पहुँचमा सम्बन्धित सबैको सहयोग, सहकार्य र समन्वय हुन आवश्यक हुन्छ। साथै, न्यायिक सुशासनबिना न्यायमा पहुँच संभव छैन।
- आर्थिक रूपमा विपन्न, अपांगता भएका र दलित नागरिकलाई नि:शुल्क उच्च शिक्षा, माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा, बालबालिकालाई आधारभुत तहसम्म अनिवार्य तथा गुणस्तरीय शिक्षा, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि र बहिरा, स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट शिक्षा दिने लगायतका अपांगता भएका नागरिकलाई विशेष शिक्षा सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुँदासम्म लक्षित वर्गको न्यायमा पहुँचको अवस्था दयनीय हुनसक्छ।
- कानूनको अज्ञानता र सूचनाको अनभिज्ञता हटाउनको लागि कानूनी साक्षरता (Legal literacy) को आवश्यकता पर्छ। लक्षित वर्गलाई आफ्नो अधिकार सम्बन्धी बिद्यमान कानूनी व्यवस्था, उपचार र नशुल्क कानूनी सहायताको बारेमा जानकारी नै नभएको अवस्थामा न्यायमा पहुँच टाढाको कुरा हुने भएकोले यो अवस्था पनि न्यायमा पहुँचको लागि अबरोधक तत्व मानिएको छ।
- अदालतमा सेवाग्राहिमैत्री प्रतिक्षालय, सहायता कक्ष, पीडितमैत्री कक्ष, महिला कक्ष वा साक्षी कक्षको नै अभाव एकातर्फ छ भने उपलब्ध रहेका कक्षहरुमा पनि फर्निचरहरु, नि:शुल्क पिउने पानी, गर्मी ठाउँमा पङ्खाको व्यवस्था, महिलाका लागि छुट्टै शौचालय, बच्चालाई राख्न तथा स्तनपान गराउनको लागि छुट्टै कोठाको व्यवस्था हुन नसकेको अवस्था छ।
- आमाको नाउँबाट नेपाली नागरिकता पाउन सहज हुन नसकिरहेको अवस्था, आमाको नागरिकताबाट मात्र बालबालिकाको जन्मदर्ता नहुने प्रावधान, जन्म दर्ता, विवाह दर्ता जस्ता प्रमाणपत्रहरु लिनका लागि सहज नभएको अवस्था छ।
- कार्यस्थलमा यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी कानुनी व्यवस्थाको प्रयोग र परिपालना हुन नसकेको।
- नेपाली समाजमा बोक्सी वा बोक्साको आरोप लगाउने, क्रुर अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने जस्तो अमानवीय कार्य, छाउपडी प्रथा जस्तो कुरीति तथा अन्धविश्वासलाई कानूनद्वारा दण्डनीय बनाईएको, नेपाल सरकारले छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ जारी गरेको भए तापनि यस्तो कसूर भइरहेको थाहा पाउने जुनसुकै व्यक्तिले सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिन खोज्दा जाहेरी नलिएको समेत अवस्था देखिन्छ।
- बालविज्याइप्रति तिनीहरूलाई सजायमुखीकरण गर्नुभन्दा सामाजिकीकरणमुखी गर्नु नै राज्यको प्रमुख दायित्त्व हुने र तेजाब, पेट्रोल तथा मट्टीतेल छर्केर गर्ने अपराधबाट पीडित हुन पुगेका पीडितहरूको सम्मानपूर्वक जीवनयापन गर्ने

वातावरणको सुनिश्चितता गर्न उचित तालीमहरू प्रदान गरी पीडितहरूमा अन्तरनिहित क्षमताको उपयोग गर्ने अवसर सिर्जना गर्ने, जीवनप्रति उत्साह र उत्प्रेरणा जगाउने खालका मनोवैज्ञानिक सामाजिक परामर्श र सामाजिक सुरक्षा प्रदान गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालयबाट कार्ययोजना बनाई लागू गर्ने भनी अदालतबाट जारी भएका आदेशहरुको कार्यान्वयनतर्फ ठोस पहल हुन सकेको देखिंदैन।

- सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध हुन नसकेको र उपलब्ध गराए पनि स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन सकेको पाइँदैन।
- समाजमा सामाजिक सुरक्षा पाउनु पर्ने व्यक्ति कसैको नागरिकता नहुने, अपांगता प्रमाणपत्र नहुने, अपांगताको बर्गीकरण नहुने, कतिपय व्यक्तिलाई सामाजिक सुरक्षा व्यवस्थाबारेमा जानकारीको अभाव रहने गरेको र लक्षित वर्गले वा वास्तविक सामाजिक सुरक्षा पाउनु पर्ने व्यक्तिभन्दा अन्य बाह्य व्यक्तिले सुविधाहरू प्राप्त गरेको वा प्रयोग गरेको देखिन्छ। अनुगमन नहुनु, हेरचाह केन्द्र स्थापना नहुनु, स्पष्ट कार्यविधिको अभाव हुनु तथा सामाजिक सुरक्षाको विषय विभिन्न निकायसँग समेत जोडिएको हुनाले सबैको पहुँच स्थापित हुन सकेको छैन।
- कुनैपनि पदाधिकारीले आफ्नो जिम्मेवारी निर्वाह नगर्ने, निर्णय गर्दा अपनाउनु पर्ने प्रक्रिया नअपनाउने, निर्णय गर्दा आधार र कारण नखुलाउने, काममा पारदर्शिता नदेखाउने, पदीय आचरणको पालना नगर्ने, कामको अनुगमन तथा मूल्यांकन यथार्थमा नगर्ने देखिन्छ।
- एउटा मुद्दामा एउटा पक्षले बढीमा २ पटकसम्म पेशी स्थगित गर्न पाउने कानूनी व्यवस्था भए पनि प्रचलनमा र अभ्यासमा यसको प्रयोग फरक-फरक रहेको देखिन्छ।
- नेपालको न्याय प्रशासनमा म्याद तामेली सम्बन्धी कानूनी व्यवस्था एवं प्रक्रिया स्पष्ट रूपमा लेखिएको भएपनि वर्षौंसम्म म्याद तामेली नहुने र तामेली भएकोमा पनि बदर भईरहने अवस्थाहरूको अन्त्य हुन सकिरहेको छैन।
- अदालतमा मुद्दाको पेशी, बयान, साक्षी बकपत्र आदि विषयको प्राथमिकताक्रम निर्धारण गर्न सकिएको छैन।

निष्कर्ष

नेपालमा अदालतवाट प्रदान हुने सेवा प्राप्त गर्ने क्षमता सबैमा समान छैन जसको कारणबाट केही वर्गका मानिसहरु न्यायसम्मको पहुँचबाट टाढा रहेका छन् यस्तो वर्गका मानिसहरुलाई विशेष प्राथमिकताका साथ न्यायसम्मको पहुँच उपलव्ध गराउने राज्यको जिम्मेवारी हुन्छ। सुधारका प्रयासहरु बावजुत पनि अझै धैरै महिला, विपन्न, सिमान्तकृत समुदाय एबं पछाडि पारिएका वर्ग, असक्षम, असहायको न्यायमा पहुँच ज्यादै न्यून रहेको छ। पछिल्लो समयमा लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७२ ले धेरै सारवान् कानूनमा संशोधन गरी लैङ्गिकमैत्री बनाएको छ। साथै, उक्त ऐनले मानव बेचबिखन तथा यौन हिंसामा परेका महिलाहरुको पुःस्थापना तथा क्षतिपूर्ति सम्बन्धमा विशेष व्यवस्थाहरु गरेको छ। तर लैङ्गिक न्यायका बारेमा सारवान् तथा कार्यविधिगत कानूनमा कतिपय सुधारको अझै आवश्यक्ता छ।

अदालत लगायत सेवा प्रदायक निकायमा लाग्ने दस्तुर,कानून व्यवसायीका लागि लाग्ने फी आदि जस्ता खर्चहरुका कारण न्यायमा पहुँच प्रभावित हुने गरेको पाइएको छ। निःशुल्क कानूनी सहायता सम्बन्धमा सरकारी तथा गैरसरकारी स्तरबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको भए पनि सोको जानकारी पर्याप्त मात्रामा महिलाहरुमा नभएकाले ती निकायहरुको सेवा

प्रभावकारी हुन सकेको छैन । न्यायिक निकायहरुबाट न्याय पाउन सहज नरहेको भन्ने महिलाहरुको आम धारणा पनि हिंसा वा अन्यायबाट पीडित महिलाहरुले कानूनी उपचार नखोज्नुको एक कारण रहेको यस अध्ययनले देखाएको छ ।

निरन्तर सुनुवाईको प्रयोग, महिलाका मुद्दामा बन्द इजलासको प्रयोग, मुद्दाको कारवाहीमा गोपनियताको प्रयोग, सेवाग्राहीमैत्री भाषाको प्रयोग जस्ता कार्यविधिहरु केही हदसम्म अपनाइने गरेको भए पनि अपेक्षित मात्रामा अवलम्बन नगरेको र अझै यस सम्बन्धमा सेवाग्राहीको समस्या कायमै रहेको पाइएको छ । कार्यविधि अप्ठ्यारो भएको, प्रक्रिया झन्झटिलो भएको तथा सेवाप्रदायक निकायमा प्रयोग हुने कानूनी भाषागत समस्याहरु विद्यमान रहेको पनि अनुसन्धानबाट देखिन्छ । मुद्दाको कार्यबिधिमा लाग्ने समायावधि, लक्षित वर्गहहरुको शैक्षिक स्तर र कानूनी प्रकृयाबारेको जानकारी, सेवाप्रदायक निकायको काम कारवाहीमा स्वच्छताको अवस्था, सेवाप्रदायकबाट सेवाग्राहीउपर गरिने व्यवहार, न्यायको पहुँचमा भौगोलिक विकटताको प्रभावहरु न्यायमा पहुँचका बाधकको रुपमा रहेको अध्ययनले देखाएको छ ।

५.२ सुझावहरु

१) एकीकृत कानूनी सहायता नीति, २०७६ लागू भैसकेको सन्दर्भमा वैतनिक कानून व्यावसायीको सेवालाई सबै लक्षितबर्गमैत्री, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाई स्वेच्छिक कानूनी (Pro bono) सेवा र आफ्नो मुद्दामा आफै प्रतिनिधित्व गर्ने सम्बन्धी (Pro Se) कानूनी संरचनालाई संस्थागत गर्ने र कानूनी सहायता सम्बन्धी कानूनमा आवश्यक सुधार हुनुपर्ने ।

२) फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बमोजिमको कोष सञ्चालक समितिको गठन तथा कोषको सञ्चालन यथासंभव छिटो हुनुपर्ने ।

३) अदालत वा अन्य सरोकारवाला निकायका भौतिक संरचना, सुबिधाहरु तथा व्यवस्थापकीय प्रबन्धहरुलाई सेवाग्राहिमैत्री, बालमैत्री, महिलामैत्री एवं अपाङ्गमैत्री बनाउन आवश्यक देखिएको ।

४) गरीब, असहाय र विपन्न वर्गलाई पूर्ण रुपमा निःशुल्क कानूनी सेवाको सुनिश्चितता गरी लिखतको प्रतिलिपि लिंदा दस्तुर नलाग्ने र फैसला कार्यान्वयन गर्दा हार्ने पक्ष्यबाट अढाई प्रतिशत दस्तुर असुल गर्ने तथा न्यायमा पहुँचका लक्षित बर्गहरुलाई आर्थिक व्ययभार नबढ्ने गरी आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने ।

५) अदालती कार्यविधिमा सूचना प्रविधिको प्रयोगलाई अनिवार्य र प्रभावकारी बनाउने ।

६) मुद्दाका पक्षहरुलाई अदालती प्रक्रिया र कार्यविधिका सम्बन्धमा आवश्यक तयारी टेम्प्लेट तथा जानकारीमुलक पुस्तिकाहरूको निःशुल्क एवं पर्याप्त मात्रामा बितरणलाई प्रभावकारी बनाउने ।

७) अदालती कारबाहीको सम्बन्धमा दोभाषे वा साङ्केतिक भाषाको अनुवादकको सहयोग लिनसक्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

८) सरकारी मुद्दाका साक्षीको सुरक्षा गर्ने तथा दैनिक भ्रमण खर्च दिईने प्रावधानको प्रभावकारी एवं व्यवहारिक प्रयोग हुनुपर्ने ।

९) विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पीडित वा पक्षको परिचय तथा विवरणको गोपनीयता कायम राख्ने सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी रुपमा परिपालना गर्नु गराउनु पर्ने ।

१०) मुद्दामा लगातार कारबाही र सुनुवाई गरी किनारा गरिने वा मुद्दाको सुनुवाइको प्राथमिकताक्रम निर्धारण सम्बन्धी व्यवस्थामा पुनरावलोकन हुनुपर्ने ।

११) महिलाहरुको हकमा छुट्टै अदालत अर्थात Fast Track Court गठन गर्ने र आवश्यक संख्यामा बाल अदालत गठन गर्ने ।

१२) महिला हिंसा, बालबालिका, अपांगता भएका व्यक्ति सम्बन्धी मुद्दामा पीडितहरुका हक अधिकार तथा गर्नुपर्ने असल एवं मैत्रिपूर्ण व्यवहारका सम्बन्धमा न्यायपालिकाका न्यायाधीश तथा कर्मचारी, प्रहरी, कारागार वा अन्य सम्बन्धित कार्यालयका प्रमुख र कर्मचारीहरु लगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरुको लागि अनिवार्य रुपमा तालीम, प्रशिक्षण तथा अभिमुखीकरण हुनुपर्ने ।

१३) कुनैपनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा नराखिने तथा निजसँग धरौटी वा जमानत पनि नमागिने र जरिवाना तिर्न नसकेको अवस्थामा बालबालिकालाई कैदमा राख्न नहुने कानूनी व्यवस्था र अदालतबाट प्रतिपादित नजिरको प्रभावकारी रुपमा परिपालना हुनुपर्ने ।

१४) बालबालिका समावेस भएका मुद्दा र बालबालिका वयस्कसंग संलग्न भई गरेको कानून निषेधित कार्य सम्बन्धी मुद्दाको कारवाही एवं सुनुवाईमा बालमैत्री प्रक्रिया एवं कार्यविधिको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

१५) संविधानको भावना बमोजिम स्थानीय अदालत समेतको संरचना र अधिकारक्षेत्रका सम्बन्धमा पुनरावलोकन गरिनु पर्ने ।

१६) अदालतको निष्पक्षता, स्वच्छता र सक्षमताका माध्यमबाट न्यायिक सुशासन कायम गरी मुद्दाको अनुसन्धान, अभियोजन र फैसला कार्यान्वयनमा सहयोगी निकायहरुको सहयोग, सहकार्य र समन्वय बढाउन आवश्यक पहल गर्नुपर्ने ।

१७) मुद्दाका पक्षले पेशी स्थगित गर्न पाउने सम्बन्धी कानूनी व्यवस्थाको प्रयोगलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने ।

१८) कानूनको अज्ञानता र सूचनाको अनभिज्ञताको कारण न्यायमा पहुँच पुऱ्याउन नसकिरहेका वर्गहरुको लागि आवश्यक कानूनी साक्षरता एवं सचेतना, अभिमुखिकरण, शैक्षिक पाठ्यक्रम सुधार, प्रचारप्रसार आदि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

समाप्त ।